# 'आलुप्याज/प्याजआलु' कथासङ्ग्रहको विधातात्त्विक विश्लेषण

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ
पत्रको प्रयोजनका लागि
प्रस्तुत

**शोधपत्र**


शोधकर्ता
पवन सुवेदी
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ

२०७२

**त्रिभुवन विश्वविद्यालय**

**नेपाली केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौं**

## शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको एम.ए. दोस्रो वर्षका विद्यार्थी श्री पवन सुवेदीले **'आलुप्याज/प्याजआलु' कथासङ्ग्रहको विधातात्त्विक विश्लेषण** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । निजको शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७२/१२/८

........................................

सह.प्रा.डा. लक्ष्मणप्रसाद गौतम

शोधनिर्देशक

नेपाली केन्द्रीय विभाग

त्रि.वि. कीर्तिपुर

**त्रिभुवन विश्वविद्यालय**

**नेपाली केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौं**

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको एम.ए. दोस्रो वर्षका छात्र **पवन सुवेदी**ले स्नातकोत्तर तहको नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि यस विभागमा प्रस्तुत गरेको **'आलुप्याज/प्याजआलु' कथासङ्ग्रहको विधातात्त्विक विश्लेषण** शीर्षकको शोधपत्र सोही प्रयोजनका लागि स्वीकृत गरिन्छ ।

**शोधपत्र मूल्याङ्कन समिति** **हस्ताक्षर**

१. **प्रा.डा. देवीप्रसाद गौतम** ................................

(विभागीय प्रमुख)

२. **सह.प्रा.डा. लक्ष्मणप्रसाद गौतम** ................................

(शोधनिर्देशक)

३. प्रा. डा. दयाराम श्रेष्ठ ................................

(बाह्य परीक्षक)

मितिः २०७२/१२/१०

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले आदरणीय गुरू सह.प्रा.डा. लक्ष्मणप्रसाद गौतमज्यूको कुशल निर्देशनमा त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको एम्. ए. दोस्रो वर्षको स्नातकोत्तर नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि तयार पारेको हुँ । आफ्नो कार्य व्यस्तताका बीच पनि यो शोधपत्र तयारीका निम्ति प्रेमपूर्वक निर्देशन, आवश्यक सल्लाह र सुझाव दिनु हुने शोधनिर्देशक श्रद्धेय गुरूज्यूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

यस शोधपत्रको तयारीका सिलसिलामा आवश्यक सहयोग र सल्लाह प्रदान गर्नुहुने विभागीय प्रमुख प्रा.डा. देवीप्रसाद गौतम लगायत नेपाली केन्द्रीय विभागमा कार्यरत सम्पूर्ण श्रद्धेय गुरूहरूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्न चाहन्छु । त्यसैगरी शोधपत्र तयरीका क्रममा आवश्यक पर्ने सम्पूर्ण पुस्तकालयीय सामग्री सहयोग गर्ने केन्द्रीय पुस्तकालय र विभागीय पुस्तकालयप्रति हार्दिक आभार प्रकट गर्दछु ।

आर्थिक एवम् व्यावहारिक समस्याहरूसँग मुकाविला गरी आफ्नो पूरा जीवन नै मेरो अध्ययन सहयोगमा बिताइ मलाई यस अवस्थासम्म ल्याउने मेरा पूजनीय माता पिता र धर्मपत्नी सुशिला सुवेदी (घिमिरे) प्रति म सदैव ऋणी रहनेछु । त्यसैगरी दाइ भाउजु, दिदी भिनाजु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्रको तयारीका क्रममा मलाई विभिन्न क्षेत्रबाट सहयोग गर्नुहुने मेरा सहयोगी मित्र कुरेश पाण्डे लगायत प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग गर्नु हुने सम्पूर्ण शुभचिन्तकप्रति धन्यवाद व्यक्त गर्दछु । अन्त्यमा आफ्नो व्यस्तताका वाबजुद पनि लगनशीलता पूर्वक समयमा कम्प्युटर टाइप गरिदिने प्रकृति कम्प्युटर सेन्टरकी पार्वती रिजालप्रति धन्यवाद दिन चाहान्छु ।

अन्त्यमा यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुरसमक्ष प्रस्तुत गर्दछु ।

मिति : २०७२/१२/६
शैक्षिक सत्र : २०६७/०६८



.........................
पवन सुवेदी
नेपाली केन्द्रीय विभाग
त्रि.वि. कीर्तिपुर

## विषय सूची


पृ. सं.

**परिच्छेद एक**

**शोध परिचय** १-६

१.१ विषय परिचय १

१.२ समस्या कथन १

१.३ उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ शोधकार्यको औचित्य र महत्व ४

१.६ शोधकार्यको सीमाङ्कन ४

१.७ शोध विधि ५

१.८ शोधपत्रको रूपरेखा ६

**परिच्छेद दुई**

**गोरखबहादुर सिंहको कथाकारिता** ७-१८

२.१ विषय परिचय ७

२.२ गोरखबहादुर सिंहको कथायात्रा र प्रवृत्ति ७

२.२.१ पूर्वार्ध चरण : २०२९-२०६० सम्म ८

२.२.२ उत्तरार्ध चरण (वि.स. २०६१ देखि २०६८ सम्म) ११

२.३ गोरखबहादुर सिंहको कथागत एवम् लघुकथागत योगदान १५

२.४ निष्कर्ष १८

**परिच्छेद तिन**

**कथा एवम् लघुकथा विश्लेषणका आधार** १९-२२

३.१ कथा एवम् लघुकथा विश्लेषणका आधार १९

३.२ निष्कर्ष २७

**परिच्छेद चार**

**आलुप्याज/प्याजआलु कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूको विधातात्विक विश्लेषण** २३-८१

४.१ विषय परिचय २३

४.२ 'छिरिङ दाइको घर' कथाको विश्लेषण २३
४.३ 'पछ्याइरहने एकजोर आँखा' कथाको विश्लेषण २७
४.४ 'कागजको बत्ती' कथाको विश्लेषण ३१
४.५ 'महादेव मसला' कथाको विश्लेषण ३६
४.६ 'सुखिया र सालको पोथ्रा' कथाको विश्लेषण ४०
४.७ 'तँ सँग पनि दिमाग छ कार्की ?' कथाको विश्लेषण ४४
४.८ 'रेन्जरसा'बको भान्सा भो ?' कथाको विश्लेषण ४९
४.९ 'रमिता' कथाको विश्लेषण' ५२
४.१० 'जेठको ज्याकेट' कथाको विश्लेषण ५७
४.११ 'बल्छीको खोजीमा' कथाको विश्लेषण ६०
४.१२ 'हरिबावु' कथाको विश्लेषण ६४
४.१३ 'सस्तो कारोवार ?' कथाको विश्लेषण ६८
४.१४ 'उकुच' कथाको विश्लेषण ७२
४.१५ 'आलुप्याज /प्याजआलु कथा सङ्ग्रहका लघुकथाहरूको विश्लेषण' ७७
४.१६ निष्कर्ष ८१

**पाँचौँ परिच्छेद**

**निष्कर्ष** **८२-८७**

**सन्दर्भ सामग्री सूची**

# परिच्छेद एक

# शोध परिचय

## १.१ विषय परिचय

वि.सं. २००८ साल फागुन १० गतेका दिन राप्ती अञ्चल अन्तर्गत प्युठान जिल्लाको उत्तरपश्चिममा लुङ गाउँमा पिता ईश्वरबहादुर रिजाल र माता चेतकुमारीको दोस्रो पुत्रका रूपमा गोरखबहादुर सिंहको जन्म भएको हो । सानैदेखि नै साहित्यमा रूचि राख्ने सिंहले सानामा बालसहित्यमा अभ्यास गरेको देखिन्छ । उनले आफ्नो शिक्षालाई अगाडि बढाउने क्रममा विभिन्न साहित्यिक कृतिहरूको पनि अध्ययन गरेको पाइन्छ । मूल रूपमा बालसाहित्यकारका रूपमा चिनिने कथाकार सिंहले सामाजिक यथार्थवादभित्र बालसाहित्य लेखेका छन् । उनका खप्तड, बिर्सन नसकिने मान्छे, जातपातको कथा, चतुरेको चर्तिकला, अल्छीको औषधी, जस्ता बालसाहित्यिक कृति प्रकाशित भएका छन् । उनका कथासङ्ग्रहमा अहिलेसम्म प्रकाशित 'भाषणको तयारी' र 'आलुप्याज/प्याजआलु', 'नगरसभाको पाँचौ दिन' गरी तिनवटा कथा सङ्ग्रह प्रकाशित देखिन्छन् ।

कथाकार सिंहको 'आलुप्याज/प्याजआलु' कथासङ्ग्रह वि.स. २०६१ सालमा प्रकाशित कृति हो । प्रस्तुत कथासङ्ग्रहमा लामा कथा १३ वटा र लघु कथा २६ वटा गरी जम्मा ३९ वटा कथाहरू सङ्कलित छन् । लामा कथालाई कृतिको पहिलो भागमा छुट्टै खण्डका रूपमा राखिएको छ । यस कथासंग्रहका सम्बन्धमा हालसम्म विशेष र पूर्ण रूपमा यस कृतिको अध्ययन तथा विश्लेषण हुन नसकेको अवस्थामा यस कृतिको अध्ययन तथा विश्लेषण गर्न आवश्यक महसुस गर्दै यस शोधपत्रमा कथातत्वका रूपमा अध्ययन गरिएको छ ।

## १.२ समस्या कथन

प्रस्तुत शोधपत्र गोरख बहादुर सिंहको, 'आलु प्याज/प्याज आलु' कथा सङ्ग्रहका कथाहरूको विधात्त्विक विश्लेषण मूल समस्यामा केन्द्रित रहेको छ र यस मूल समस्यासँग सम्बद्ध भएर आउने आउने अन्य समस्याहरू यस प्रकार छन् :

क) गोरखबहादुर सिंहको कथायात्रा र प्रवृत्ति के - कस्ता छन् ?

ख) कथातत्वका आधारमा 'आलुप्याज / प्याज आलु' का कथाहरू के कस्ता छन् ?

## १.३ उद्देश्य

प्रस्तुत शोधपत्र गोरख बहादुर सिंहको, 'आलु प्याज/प्याज आलु' कथा सङ्ग्रहका कथाहरूको विधात्त्विक विश्लेषण उद्देश्यमा केन्द्रित रहेको छ र यस उद्देश्यसँग सम्बद्ध भएर आउने आउने अन्य उद्देश्यहरू यस प्रकार छन् :

क) आलु प्याज/प्याज आलुका कथाकार गोरखबहादुर सिंहको कथायात्रा र कथा प्रवृत्ति निरूपण गर्नु ।

ख) कथातत्वका आधारमा 'आलुप्याज/प्याज आलु' कथासङ्ग्रहका कथाहरूको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा र विवरण

नेपाली साहित्यको कथा विधामा स्थापित भइसकेका कथाकार गोरखबहादुर सिंहको 'आलुप्याज/प्याज आलु' कथासङ्ग्रहको अध्ययन हालसम्म भएको भेटिँदैन । सामान्यतः पत्रपत्रिकामा छिटफुट रूपमा कथाकार र तिनका कृतिको सङ्क्षिप्त चर्चाबाहेक यिनको जीवनीको मात्र अध्ययन भएको भेटिन्छ । यिनै विभिन्न अध्ययनको विवरण र समीक्षा यहाँ प्रस्तुत गरिएको छ ।

गोविन्द गिरी प्रेरणा (२०५०) मधुपर्कमा 'आलुप्याज/प्याज आलु' कथा संग्रहको समीक्षा गर्दै प्रस्तुत कथासङ्ग्रहमा सामाजिक यथार्थवादलाई अङ्गाले पनि नवीन संरचनामा प्रस्तुत गरेकाले प्रस्तुत कृतिका कथाहरू रोचक र पठनीय रहेको कुरा उल्लेख गरेका छन् ।

रघु घिमिरे (२०५०) ले 'कथाको तयारी' कथासङ्ग्रहको समीक्षा गर्ने क्रममा गरिमा पत्रिकामा 'कथाको तयारी र कथाकार सिंह' शीर्षक लेखनमा गोरखबहादुर सिंहका कथा आकारका दृष्टिले साना देखिएतापनि सामाजिक कथाले मार्मिक रूपबाट व्यक्त गर्ने समर्थ देखिएको कुरा व्यक्त गरेका छन् ।

राजेन्द्र सुवेदी (२०५१) 'स्रष्टा सृष्टि' नामक कृतिमा सिंहको कथाकारिताको चर्चा गर्दै नेपाली कथाको आधुनिक कालमा नयाँपन लिएर आउने सिंहका कथा उत्कृष्ट रहेको कुरा उल्लेख गरेका छन् ।

मोहनराज शर्मा (२०५९) ले 'नेपाली साहित्यको इतिहास' मा कथाको चरणगत विकास देखाउने क्रममा विधागत कथा लेखनकाल अर्थात् आधुनिक काल (१९९२ देखि हालसम्म) को दोस्रौ चरण नवीन संरचनाका कथा २०२० देखि हालसम्मको चरणबद्ध विकासका रूपमा देखाउँदा यस चरणमा देखा पर्ने प्रतिभाशाली कथाकारहरूमा २०३० देखि कथा लेख्न थालेका प्रतिभाशाली कथाकार भनी गोरखबहादुर सिंहको कथाहरूको प्रवृत्ति उल्लेख गरेका छन् ।

लक्ष्मणप्रसाद गौतम (२०५९) ले 'समकालीन साहित्य' (२०५९) अङ्क ४५ को पृ. १०९ मा 'नेपाली कथामा उत्तरआधुनिक चेतना' शीर्षकको लेखमा आधुनिक तथा समसामयिक धाराका कथाकारहरुको चर्चा गर्दै सिंहका कथात्मक प्रवृत्तिको चर्चा गरेका छन् ।

विष्णुप्रसाद भुषाल (२०६२) ले 'नेपाली बालसाहित्यमा गोरखबहादुर सिंहको योगदान' शीर्षकको स्नातकोत्तर शोधपत्रमा सिंहको कथालेखनको क्षेत्रमा उनका प्रवृत्तिहरूको विश्लेषण गरेका छन् । विभिन्न आयामका कथा लेखेर कथाको एउटा छुट्टै प्रवृत्ति निर्माण गरेका सिंहले 'आलुप्याज/प्याज आलु' कथासङ्ग्रहमा एउटा बेग्लै धारालाई निम्त्याउन खोजेको कुरा भुषालले उल्लेख गरेका छन् ।

धर्ममान पौडेल (२०६५) ले 'गोरखबहादुर सिंहको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन' शीर्षकको शोधपत्रमा सिंहको कृतित्वको विश्लेषण गर्ने क्रममा सिंहको कथाकारिताको वर्णन गरेका छन् । उनका कथाका प्रवृत्तिहरूलाई केलाउने क्रममा पौडेलले कथामा भएको सामाजिकता र यथार्थवादिता युगसापेक्ष रहेको बताएका छन् ।

बासुदेव घिमिरे (२०६५) ले गोरखापत्रमा 'कथाको तयारी मा देखिएका यथार्थहरू' शीर्षक लेखनमा सिंहका प्राय : जसो कथामा आर्थिक सङ्कटले निम्त्याएका जीवनमा दुःखपूर्ण क्षणहरू, सामाजिक कुप्रथा र अन्धविश्वासले त्रासित विशेषत : नारी जीवनका वेदनामय दिनचर्या, सैद्धान्तिक धरातल र अनुशासित सङ्गठन बिना चल्ने राजनैतिले जन्माएका विकृति, विसङ्गति अनि भ्रष्टचार र चाकडी प्रथामा अडेका कर्मचारी तन्त्रमा देखिएका अनैतिकता र तोकिएको इज्जत र इमान्दारी जस्ता समाजका यथार्थ कुराहरू भएको कुरा उल्लेख गर्दै अर्को कथासंग्रह प्रकट गरेको कुरा उल्लेख गरेका छन् ।

कुञ्जन पाण्डे (२०६६) ले 'मध्य पश्चिमका किनारा नामक कृतिमा मध्य पश्चिममा कथाकारहरुको चर्चा गर्ने क्रममा गोरखबहादुर सिंहको कथागत योगदान चर्चा गर्दै सिंहको

शैली नवोदित कथाकारका लागि एउटा आयाम तथा धाराका रुपमा स्थापित भएको उल्लेख गरेका छन् ।

केशव सुवेदी (२०६८) ले 'मध्यपश्चिमका कविता' को चर्चा गर्ने क्रममा राप्तीका कविताः पृष्ठभूमि र परम्परा लेखको प्यूठानबारे कविता परम्परा परिच्छेदमा साहित्यकार गोरखबहादुर सिंह मूलतः समसामयिक धाराका कथाकार भएको र उनका कथामा कथाको नयाँ आयाम देखिएको कुरा उल्लेख गरेका छन् ।

दामोदर शर्मा (२०६८) ले 'बिम्ब' नामक कृतिमा 'नओइलिने फूलहरु' शीर्षकको लेखमा गोरखबहादुर सिंहको कथाहरुको चर्चा गर्दै समसामयिक धाराको कथामा सिंहको योगदान अविस्मरणीय रहेको कुरा उल्लेख गरेका छन् ।

लक्ष्मणप्रसाद गौतम र ज्ञानु अधिकारी (२०६९) ले 'नेपाली कथाको इतिहास' शीर्षकको कृतिमा कथाको चरणगत विकास प्रक्रियाको वर्णन गरेका छन् । त्यस क्रममा आधुनिक कालको विभिन्न धारामा देखिएका कथाहरुको चर्चा गर्ने क्रममा गोरखबहादुर सिंहका कथाहरुको सङ्क्षिप्त चर्चा गर्दै आधुनिक कालको धारालाई अगाडि बढाउने प्रयोगात्मक यथार्थवादी कथाकारका रुपमा व्यक्त गरेका छन् ।

मधुकर सुवेदी (२०७०) ले (सिर्जना) साहित्यिक मासिक पत्रिका (२०७०/२४) मा 'राप्तीका कथाकारहरुको कथाकारिता' 'शीर्षकमा गोरखबहादुर सिंहको कथाकारिताको चर्चा गर्दै सिंहको कथा लेखनले कथा क्षेत्रमा नयाँ प्रयोगलाई स्थापित गरेको धारणा व्यक्त गरेका छन् ।

## १.५ शोधकार्यको औचित्य, महत्व र उपयोगिता

नेपाली साहित्यमा कथा विधामा अनेकौं कथाकारहरूले कलम चलाइसकेका छन् । त्यस्ता कथाकारहरू मध्ये आफ्नो छुट्टै छवि बनाउन सफल कथाकार गोरखबहादुर सिंहको 'आलुप्याज/प्याज आलु' कथासङ्ग्रह नेपाली साहित्यका निम्ति उल्लेखनीय कृति हो । अतः यस कृतिको समग्र विश्लेषण गर्नुले कथाप्रेमी र कथासर्जक विद्यार्थीहरूलाई उल्लेख्य सहयोग पुग्ने छ । यसैगरी यस कृतिको कृतिगत विश्लेषण गर्नु आफैमा महत्वपूर्ण छ र यसको उपयोगिता पनि यसको विश्लेषण र त्यसबाट पाठकलाई पुग्ने सहयोगमा आधारित रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

माथि शोधकार्यको उद्देश्य शीर्षकमा उल्लेख भएका बुँदाहरूमा मूल शीर्षक केन्द्रित भएकाले 'आलुप्याज/प्याजआलु' कथासङ्ग्रहमा रहेका कथाहरूको मूलतः विधातात्विक विश्लेषण मात्र यस शोधपत्रमा गरिएको छ । यस कृतिमा रहेका कथाहरूको अन्य प्रवृत्तिगत आधारमा विश्लेषण गरिएको छैन । यो नै यस शोधपत्रको सीमा पनि हो ।

## १.७ सामग्री सङ्कलन तथा शोध विधि

### (क) सामग्री सङ्कलन विधि

प्रस्तुत शोधका समस्याहरूको प्रमाणिक समाधानका लागि उपयुक्त तथ्य/सामाग्रीको आवश्यकता पर्ने देखिन्छ । मूलतः समस्याकथनमा उल्लेख गरिएका प्रश्नहरूको प्रमाणिक समाधानका लागि दुई किसिमका सामाग्रीको संकलन गरिएको छ । पहिलो प्रतिक्रिया तथ्य/सामग्रीहरू 'आलुप्याज/प्याज आलु' कथाको विश्लेषणका अवधारणासंग सम्बन्धित छन् । त्यस्तै दोस्रो किसिमका सामाग्रीहरू प्रस्तुत शोधको विवेच्य सामग्री सम्बन्धित कृति, कृतिसंग सम्बन्धित लेख रचना तथा समालोचनाहरू छन् । उपर्युक्त दुबै किसिमका तथ्य सामग्री, जानकारी वा सूचनाहरूको सङ्कलन पुस्तकालयीय पद्धतिबाट गरिएको छ । यसो गर्दा द्वितीयक स्रोतका सामग्रीको सङ्कथनमा भन्दा प्राथमिक स्रोतका सामग्रीको सङ्कलनमा बढी जोड दिएको छ । यस कथा सङ्ग्रह भित्रका सम्पूर्ण कथाहरू नै प्रस्तुत शोधकार्यका लागि प्राथामिक स्रोतका मुख्य विश्लेषणीय सामग्री हुनेछन् । उपयुक्त तथ्य/सामग्रीको थप प्रमाणीकरणका लागि आवश्यकता अनुसार 'आलुप्याज/प्याज आलु' कथा सङ्ग्रहका कथाहरूको विभिन्न विश्लेषण र परोक्ष रूपमा गोरखबहादुर सिंहका कथासंग सरोकार राख्ने विभिन्न विद्वान्, समालोचक तथा साहित्यकारबाट पनि थप सल्लाह, सुझाव र सहयोग लिइएको छ ।

### ख) शोधविधि

प्रस्तुत शोधको प्राज्ञिक समाधानका लागि सङ्कलित सामग्रीको अध्ययन विश्लेषणमा विधातात्विक अध्ययन विधिको प्रयोग गरिएको छ । 'आलुप्याज/ प्याज आलु' भित्रका कथाहरूको पूर्वीय तथा पाश्चात्य दुवै मान्यता लाई समेटेर कथाका कथानक, पात्र, परिवेश, उद्देश्य, दृष्टिविन्दु, भाषाशैली यी छ तत्त्वका आधारमा कथाहरुको वर्णनात्मक तथा विश्लेषणात्मक गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रभावित शोधकार्यको संरचना सन्तुलित र व्यवस्थित ढङ्गबाट प्रस्तुत गर्नका लागि शोधपत्रलाई पाँच परिच्छेदमा विभाजन गरिएको छ । प्रस्तावित शोधकार्यको स्वरूप वा सङ्गठन यस प्रकार छ ।

पहिलो परिच्छेद : परिचय

दोस्रो परिच्छेद : गोरखबहादुर सिंहको कथा यात्रा र प्रवृत्ति

तेस्रो परिच्छेद : कथा तथा लघुकथा विश्लेषणका आधार

चौथौ परिच्छेद : 'आलुप्याज/प्याज आलु' कथासङ्ग्रहको विधातात्विक विश्लेषण

पाँचौं परिच्छेद : निष्कर्ष

सन्दर्भ सामग्री सूची

# परिच्छेद दुई

# गोरखबहादुर सिंहको कथाकारिता

## २.१ विषय परिचय

गोरखबहादुर सिंह नेपाली कथा तथा लधुकथाका क्षेत्रमा छुट्टै कथागत वैशिष्ट्य लिएर देखिएका कथाकार हुन् । गोरखबहादुर सिंह नेपाली कथा तथा लघुकथाका क्षेत्रमा बेग्लै कथागत वैशिष्ट्य लिएर देखिएका कथाकार हुन् । कथाको विषयवस्तुमा नवीन प्रयोग गर्न सक्षम कथाकार सिंह समसामयीक धारमा नयाँ आयाम थप्ने कथाकार हुन् । लघुकथा र कथामा उनको प्रयोग नौलो देखिएको छ । कथातात्त्विक रुपमा केही विचलन देखिएको उनको कथागत वैशिष्ट्य कथामा नवीन प्रयोग हो । पात्रको अन्तर्संवाद, विषयवस्तुको सूक्ष्मता कथानकको छनौट, व्यङ्ग्यात्मकता, कथनशैली सिंहका कथामा बेग्लै किसिमले प्रयोग भएका छन् । आधुनिक कथाको उत्तरार्ध चरणमा आइपुग्दा नेपाली कथाको प्रयोगपक्ष नयाँ शैली र आयाम थप्ने कथाकारका रुपमा चिनिएका छन् । कथाकारिताका यिनै विविध पक्षलाई प्रस्तुत परिच्छेदमा विश्लेषण गरिएको छ ।

## २.२ गोरखबहादुर सिंहको कथायात्रा र प्रवृत्ति

कथाकार गोरखबहादुर सिंह आफ्नो बाल्यकाल देखि नै साहित्यप्रति रूचि राखेको देखिन्छ । अहिले सम्म उनका भाषणको तयारी (२०४९), आलुप्याज/प्याजआलु (२०६१) र नगरसभाको पाँचौँ दिन (२०६५) गरी तिन कथासङ्ग्रह प्रकाशित छन् । यिनै तिन कथासङ्ग्रहमा निहित उनका कथात्मक प्रवृत्ति तथा कथागत योगदानलाई केलाएर प्रस्तुत परिच्छेदमा तयार पारिएको छ । उनले लेखेका प्रारम्भिक कविता र बालकथा विद्यालयमुखी स्थानीय पत्रिकामा छापिन थालेपछि कथाका क्षेत्रमा यिनी अझ उत्साहित हुँदै गएको देखिन्छ । अन्य विद्वान तथा समालोचकहरूले प्रशंसा र प्रेरणा पाउँदै गएपछि यिनले कथालाई आफ्नो लेखनीको रूचि क्षेत्र बनाएको पाइन्छ (पौडेल, २०६५ : १४) । आधुनिक नेपाली कथाको क्षेत्रमा समसामयिक धाराको सङक्रमण कालमा कथाकार सिंहले २०२९ साल असोजको 'सुस्केरा'पत्रिकामा 'कालेका गीतहरू' शीर्षकको कथा प्रकाशनबाट आफ्नो कथायात्राको विधिवत् थालनी गरे । त्यसपछि लगातार विभिन्न पत्रपत्रिकामा फुटकर रचना प्रकाशन गरिसकेका सिंहको वि.सं. २०४९ 'भाषणको तयारी' कथासङ्ग्रह प्रकाशन भयो । लामो समयसम्म कथात्मक कृति नगरेका सिंहको एक दशक पछि पुन : वि.सं. २०६१ 'आलुप्याज/प्याजआलु'

कथासङ्ग्रह प्रकाशित भयो । यी दुई कथासङ्ग्रह प्रकाशित गरिसकेका सिंहका फुटकर कथाहरू प्रकाशन भए पनि कृतिको रूपमा अन्य कथासङ्ग्रह प्रकाशित भएन यस पछि उनी लगभग निश्क्रिय जस्तै देखिएका थिए । अस्वस्थतासँग लामो समयसम्म सङ्घर्षरत रहेपछि वि.स. २०६८ सालमा उनी यस संसारबाट सदाका लागि विदा भए । यसरी उनको कथायात्रा टुङ्गियो ।

कथाकार सिंहको जीवन अवधिमा प्रकाशित दुई कथासङ्ग्रहका आधारमा उनको कथायात्रालाई चरणगत विभाजन गर्ने निकै कठिन छ तर उनका समयगत परिधिका दृष्टिले ती दुई सङ्ग्रह बिचको समयको अन्तरकाल करिब एक दशक भन्दा बढी भएकाले यी दुई कृतिमा भेटिने कृतिगत विशेषता पनि फरक देखिन्छ । यही भिन्नतालाई आधार मानेर कथाकार सिंहको कथायात्रालाई निम्नलिखित दुई चरणमा विभाजन गर्न सकिन्छ :

पूर्वार्ध चरण : २०२९-२०६० सम्म

उत्तरार्ध चरण : २०६१ -२०६८ मृत्युसम्म

### २.२.१ पूर्वार्ध चरण : २०२९-२०६० सम्म

कथाकार गोरखबहादुर सिंहको कथायात्राको पहिलो चरण औपचारिक रूपमा वि.स. २०२९ साल असोजमा 'सुस्केरा' पत्रिकामा 'कालेका गीतहरू' शीर्षक कथा प्रकाशनबाट सुरू भएको मानिन्छ । त्यसपछि फुटकर रूपमा विभिन्न पत्रिकाहरूमा कथा प्रकाशन गर्दै आएका सिंहले करिब दुई दशकसम्म कुनै कृति प्रकाशन गरेनन् । वि.स. २०४९ सालमा आइपुग्दा सिंहको भाषणको तयारी कथासङ्ग्रह प्रकाशन भएको देखिन्छ । १४ वटा कथा सङ्कलन गरिएको यस सङ्ग्रहमा भाषणको तयारी (शीर्षक कथा) हाकिम, प्रयोग कथा, फोहोर फाल्ने खाडल, वैशाखी, एकादशी/पूर्णिमा, असम्वद्ध, भोगटे जस्तो बकाइनु, जीतमान राजधानीका दिशा ताकिरहेछ, उडान भरेको चिठी, क र ख, ऊ माडसाव भयो, एक टुक्रा यात्रा संस्करण, प्रतिअर्ति, बकेर्नी लाहुरे कथाहरू समाविष्ट छन् । यस सङ्ग्रहको प्रकाशन पछि पनि यिनका फुटकर कथा प्रकाशित भए पनि कृतिका रूपमा प्रकाशनमा आएको देखिदैन ।

#### (क) पूर्वार्ध चरणका कथागत प्रवृत्तिहरू

वि.सं २०२९ सालदेखि कथालेखनमा नवीन संरचनाले भत्काएका मूल्य र मान्यताको खोजी गरी वस्तुतालाई पुन : कथामा भित्र्याउने प्रयासको जुन परम्पराको थालनी भयो, त्यहि

परम्परामा गोरखबहादुर सिंहले आफूलाई समाहित गर्दै परिष्कृत र पूर्ण संरचित कथ्य शैलीमा कथा रचना गर्न तल्लीन देखिन्छन् । सरल र भाषाशैलीको माध्यमबाट युगीन र विश्वजनीय जटिलता, विवशता, विकृति, असन्तोष र विसङ्गति मार्फत अभिव्यक्ति दिन रूचाउने सिंहले समाजको यथार्थको झर्रो प्रस्तुति गरेको देखिन्छ । वास्तविक समाजमा घट्ने र घटिरहेका घटनालाई टिपेर विषम परिस्थिति, विकृतिजन्य सामाजिक व्यवहार, आधुनिक संस्कार र संस्कृतिले भित्राएका विकृतिजन्य परिस्थिति, विघटन, जीवनमूल्य, नैतिक अवमूल्यन, राजनीतिक र प्रशासनिक क्षेत्रमा भएको नैतिक मूल्यको ह्रास, मानवीय समवेदनाको अवमूल्यनबाट खोक्रो बन्दै गइरहेको मानव जीवनको चिरफार गरेका छन् । जीवनका भोगाइलाई अभिव्यक्ति दिनु सिंहका रचनाको प्रमुख  उद्देश्य रहेको पाइन्छ । यस प्रकार नै व्यक्ति सिंहले भोगेका जीवनका तीतामिठा पक्षहरूमा खास गरी समसामयिक, सामाजिक, राजनैतिक तथा आर्थिक विकृतिजन्य परिदृश्य पाठकसामु ल्याउने कथाकारको मुख्य उद्देश्य रहेकाले नेता र मन्त्रीहरूका चरित्रका काला पाटाहरू खोतल्नु, पतिपत्नीका बिचका बेमेल स्वभावहरूबाट सिर्जना हुने परिस्थितिको उद्घाटन गर्नु, नेपाली समाजमा गहिरोसँग गरिबीको समस्या मार्मिक रूपमा कोट्याउनु जस्ता विभिन्न सामाजिक विसङ्गति, शोषण र उत्पीडनलाई आफ्ना कथाका आधार बनाउनु कथाकार सिंहको प्रमुख कथागत प्रवृत्तिका रूपमा रहेको देखिन्छ ।

यस चरणमा  लेखिएका उनका कथाहरू यस प्रकार छन् :

कालेका गीतहरू (२०२९)

भाषणको तयारी (२०४९)

हाकिम (२०४९)

प्रयोग कथा (२०४९)

फोहोर फाल्ने खाडल (२०४९)

एकादशी/पूर्णिमा (२०४९)

असम्बद्ध (२०४९)

भोगटे जस्तो बकाइनु (२०४९)

जीतमान राजधानीको दिशा ताकिरहेछ (२०४९)

उडान भरेको चिठी (२०४९)

कर ख (२०४९)

ऊ माडसाब भयो (२०४९)

एक टुक्रा यात्रा संस्करण (२०४९)

प्रति अति (२०४९)

बकेर्नी लाहुरे (२०४९)

उनका उपर्युक्त कथाहरूको प्रवृत्तिलाई हेर्दा उनी मूलतः सामाजिक यथार्थको धरातलमा उभिएर प्रगतिशील चेतनालाई कथामार्फत प्रवाह गर्ने यथार्थवादी प्रगतिवादी कथाकारका रूपमा देखिन्छन् । यस चरणका प्रमुख प्रवृत्तिलाई बुँदागत रूपमा यसरी देखाउन सकिन्छ :

१) सामाजिक परम्परा, संस्कृति र त्यस सँग जोडिएका मान्यताहरूमा देखिएको विकृति माथि व्यङ्ग्य गर्दै राजनैतिक व्यक्तिहरूको स्वार्थी चरित्रको पर्दाफास गरिएको ।

२) प्रेम, विवाह र त्यसको मान्यतामाथि युवाहरूको विरोध, सङ्कीर्णता, यौन अभिरूतिले बिगार्ने सम्बन्धहरूको विश्लेषण गरिएको ।

३) गरिबी र असमानता नै समाज विकासको मूल कारण मान्दै आर्थिक शोषण र सामाजिक विभेदका कारण जति प्रगति र शैक्षिक चेतनाको विकास भए पनि सामाजिक विकास हुन नसकेको मूल तथ्यलाई प्रकाश पारिएको

४) जातीय विभेदलाई प्रगतिशील विचारमार्फत् सामाजिक विकृतिका रूपमा वर्णन गर्दै धार्मिक आडम्बर युक्त उच्च वर्गको बाहिरी खोललाई उघारेर यर्थाथ तथ्यलाई उद्‌ाटन गरिएको ।

५) ग्रामीण समाजमा बसोबास गर्ने सोझा जनताहरूलाई सहरिया व्यक्तिहरूले तुच्छ ठान्ने र आफ्नो झूठको खेती ग्रामीण जनताको सोझो मनस्थितिमाथि गर्न खोज्ने नागरीय परम्पराको उद्‌घाटन गरिएको ।

६) यौन अभिव्यक्तिको स्वतन्त्रतामाथि जोड दिँदै प्राचीन मान्यताका आधारमा चल्ने युवकहरू मुख्य रूपमा यौनावेगको बन्धनका कारण रचनाशील क्रियामा हुन नसकेको तथ्य माथि जोड दिइएको ।

७) सरकारी प्रशासनिक क्षेत्रमा देखिएको मनपरी तन्त्र र त्यसको रोकथाम र उपायका लागी स्वयं जनता नै जागरूक निःस्वार्थी हुनुपर्ने विचारमा जोड दिइएको ।

उपर्युक्त कथागत प्रवृत्तिका आधारमा हेर्दा कथाकार सिंह सामाजिक यथार्थवादलाई मूल प्रवृत्ति बनाएर सिंहले कथा प्रवृत्तिमा नयाँ प्रयोग गरेको देखिन्छ । कथाको मूल विषयमा विशेष रुपले ग्रामीण समाजको नितान्त निम्न वर्गीय परिवार भित्रको समस्यालाई उठान गरिएको छ । कथामा पात्र चयनका दृष्टिले हेर्दा विशेष गरेर भ्रष्ट, घुसखोर र निम्न चरित्रका प्रमुख पात्रहरु चयन गरिएका छन् भने वर्तमान युगको अमानवीय प्रकृतिलाई उघार्दै स्वार्थ र धनलोलुपताले पूर्णतया ग्रस्त पारको विकृतिपूर्ण समाजको वास्तविक रुपलाई देखाउन खोजिएको छ ।

### २.२.२ उत्तरार्ध चरण (वि.स. २०६१ देखि २०६८ सम्म)

वि.सं. २०४९ मा **भाषणको तयारी** कथासङ्ग्रह प्रकाशन गरे पछि कथासङ्ग्रह प्रकाशन दृष्टिले पूर्ण रूपमा निश्क्रिय बनेका थिए । २०४९ पछि कथागत सिद्धान्त र कथालेखनको रूचिक्षेत्र पनि परिवर्तित हुँदै गइरहेको थियो । तत्कालीन राजनैतिक परिवेश बदलिदो सामाजिक मान्यता लैङ्गिक वकालत तथा मानवीय हक अधिकार जस्ता कुराले विभिन्न कथा लेखनहरूलाई प्रभावित तुल्याइ रहेको थियो । जसको फलस्वरूप गोरखबहादुर सिंह पनि अछुतो रहन सकेनन् सिंहको कथागत प्रवृत्तिमा पनि केही परिवर्तन देखा पऱ्यो । कथाकार सिंहका कथामा देखिएका राजनैतिक व्यङ्ग्य, सामाजिक थिचोमिचो, भ्रष्टाचार तथा विकृतिका विरूद्धमा लाग्नुपर्ने प्रगतिशील विचारधारा पूर्वाध चरणमा देखिएका थिए । पूर्वार्ध चरणमा यस्ता प्रवृत्तिलाई छोडेर कथाकार सिंहले आफ्ना कथामा लैङ्गिक असमानता, मनोविज्ञान, सांस्कृतिक चेतना। स्वतन्त्रताप्रतिको सकारात्मक अभिव्यक्ति जस्ता बोधहरू व्यक्त गर्न थाले पछि उनको कथायात्राको नयाँ चरणको सुरूवात भयो । जुन परिवर्तनको फलस्वरूप उनको **आलुप्याज/प्याजआलु** (२०६१) कथासङ्ग्रह प्रकाशन भयो । यस सङ्ग्रहमा कथाकार सिंहले कथा सहित २६ वटा लघुकथाहरू समावेश गरे । लघुकथाको विधालाई पनि आफ्नो कथालेखनको सहायक धारा बनाएकाले पूर्वाध चरणबाट यो कृति अलग हुन पुग्यो । यही मुख्य कारणले २०६१ सालदेखि यता कथाकार सिंहको कथायात्राको उत्तरार्ध चरण सुरू भएको मान्न सकिन्छ ।

वि.सं. २०६१ सालमा कथाकार सिंहको **आलुप्याज/प्याजआलु** कथासङ्ग्रह प्रकाशित भए पछि उत्तरार्ध चरणको आरम्भ भएको देखिन्छ । यस चरणमा सिंहले १३ वटा मझौला कथा र २६ वटा लघुकथा समाविष्ट गरेर आलुप्याज/प्याजआलु कथासङ्ग्रह प्रकाशित गरे । उनले यस चरणमा पनि अन्य थुप्रै कथा र लघु कथा लेखे तर ती सबै कृतिको आकारमा प्रकाशित छैनन् । प्रस्तुत कथासङ्ग्रहमा छिरिङ, दाइको घर, महादेव, मसला, सुखिया र सालको पोथ्रा, तँ सँग पनि दिमाग छ कार्की ? रमिता, उकुच, कागको बत्ती, पछ्याइराख्ने एक जोर आँखा, रेन्जरसावको भान्सा भो ? जेठको ज्याकेट, बल्छीको खोजीमा, सस्तो कारोबार, हरिबाबु गरी तेह्र वटा मझौला कथा र मीहरको फिर्ती, कि चल्छ लोकसेवामा पनि, समासान, अमृत मन्त्रीका भान्जा पर्दैनन्, आलुप्याज/प्याजआलु, काँचो अलुवावेद, रामझुपडीको रमाना, तिमीले मलाई..... सुरक्षा फिर्ती, वाजी, साहुजीको चारो, मयूरपङ्खी कलम, बेबारिसे घोषणापत्र, चिरा परेको खेत, बिग्रिएको छोरो, अजम्बरी गाई, बिक्रमटेम्पोको धुवाँ, आधुनिक विचार, कृष्णबहादुर, कङ्गारूको सिकार, प्रजातन्त्र जोडिएको घर, सक्रिय उद्धार, आइडिया पूरक पहिरन, उन्मुक्ति गरी २६ वटा लघुकथा सङ्ग्रहित छन् । प्रस्तुत कथासङ्ग्रह नै उनको उत्तरार्ध चरणको अन्तिम कृति पनि हो । यही कृतिका साथ वि.सं. २०६८ सालमा निधन भए पछि उनको उत्तरार्ध चरण पनि टुङ्गिन्छ ।

**(ख) उत्तरार्ध चरणका कथागत प्रवृत्तिहरू**

आधुनिक नेपाली कथाविधाको समसामयिक कथा धाराका प्रभिभाशाली कथाकार गोरखबहादुर सिंह पनि विश्व कथा साहित्यमा आएको नवीन प्रवृत्तिबाट निकै नै प्रभावित भएको पाइन्छ । यस चरणमा उनको **आलुप्याज/प्याजआलु** मा सङ्ग्रहित दुई धारका कथा भेटिन्छन् । कथाकार  सिंहका मझौला कथा र लघुकथाको दुई आयाममा उनको यस चरणको कथागत प्रवृत्ति फस्टाएको छ । यिनका दुबै धारका कोणमा पाइने समाज अत्यन्त असङ्गत, विषमतापूर्ण र सङ्क्रमणकालीन देखिन्छ ।

उनका यस  चरणमा प्रकाशित  भएका  कथाहरू यस प्रकार छन् ।

१. छिरिङ् दाइको घर (२०४८)

२. महादेव  मसाला (२०४८)

३. सुखिया र  सालको पोथ्रा (२०४८)

४. तँसँग पनि दिमाग  छ कार्की ?(२०५५)

५. रमिता (२०४८)

६. उकुच (२०४७)

७. कागजको बत्ती (२०५०)

८. पछ्याइरहने एक जोर आँखा (२०४९)

९. रेन्जरसाबको भान्सा भो ? (२०४९)

१०. जेठको ज्याकेट (२०४८)

११. बल्छीको खोजीमा (२०४५)

१२. सस्तो कारोबार (२०४८)

१३. हरिबाबु (२०४५)

यसै गरी उनका २६ वटा लघुकथाहरू यस प्रकार छन् :

१. मोरहको फिर्ती (२०४८)

२. कि चल्छ लोकसेवामा पनि (२०४८)

३. समाधान (२०४८)

४. अमृत मन्त्रीका भान्जा पर्देनन् (२०५०)

५. आलुप्याज/प्याज आलु (२०५५)

६. काँचो हलुवावेद (२०५५)

७. रामझुपडीको रमाना (२०५५)

८. तिमीले मलाई (२०५५)

९. सुरक्षा फिर्ती (२०५५)

१०. बाजी (२०५५)

११. साहुजीको चारो (२०५५)

१२. मयूरपङ्खी कलम (२०५५)

१३. बेबारिस घोषणापत्र (२०५८)

१४. चिरा परेको खेत (२०६१)

१५. बिग्रिएको छोरो (२०६१)

१६. अजम्बरी गाई (२०६१)

१७. विक्रम टेम्पोको धुवाँ (२०५८)

१८. आधुनिक विचार (२०५८)

१९. कृष्ण बहनदुरहरू (२०५९)

२०. कङ्गारूको सिकार (२०५९)

२१. प्रजातन्त्र (२०५९)

२२. जोडिएको  घर (२०५९)

२३.सक्रिय उद्धार  (२०६०)

२४.आइडिया (२०६०)

२५.पूरक पहिरन (२०५८)

२६.उन्मुक्ति (२०५९)

कथाकार सिंहका यिनै उपयुक्त कथाहरूका आधारमा उनका उत्तरार्ध चरणका कथागत प्रवृत्तिलाई बेलाउन सकिन्छ :

प्रगतिशील चेतनाका आधारमा वर्गीय समाजको विषमस्थितिलाई उद्घाटन गर्नु उनको मूल प्रवृत्ति रहेको देखिन्छ । उनका थप प्रवृत्तिमा समसायिकताको सजीव चित्रण, सामाजिक विकृति, विसङ्गति तथा मानवीय कमजोरी माथि शिष्ट र सौम्य तर तीब्र व्यङ्ग्य प्रहार गर्नु रहेका छन् । नियतिमा डोरिएका पात्रहरूको भविस्यलाइ स्वयम् पात्रहरूले नै बुझ्न नसक्नु र त्यस्ता पात्रका माध्यमबाट सामयिक जीवनको जटिल अवस्था र मानवीयता हराएको स्वार्थी समाजको उदाङ्गो चित्र प्रस्तुत गर्नु पनि उनका कथात्मक प्रवृत्तिहरू हुन् । सिंहका पूर्वाध र उत्तरार्ध चरणका कृतिहरूलाई केलाउँदा उनका कथागत मूल प्रवृत्तिहरूलाई बुँदागत रूपमा यस प्रकार देखाउन  सकिन्छ ।

१. कथामा सामाजिक भन्दा राजनैतिक र प्रशासनिक क्षेत्रको कियाकलापलाई मूल कथावस्तु बनाइएको र कथानकमा सूक्ष्मता अपानाइएको

२) कथामा प्रायः सामाजिक धार्मिक र प्रशासनिक विकृतिको पर्दाफास गर्दै आडम्बर युक्त व्यक्तिहरूले चरित्रलाई व्यङ्ग्यद्वारा प्रहार गरिएको ।

३) नेपालको प्रशासनिक दुईशाको मुख्यकारण नेताहरूको अहङ्कार, स्वार्थ र जुँगाको लडाइँलाई नाटकीय रूपमा प्रस्तुत गर्दै प्रशासनिक सुधारको चाहनालाई व्यक्त गरिएको ।

४) युवावर्गको मनोविज्ञानलाई केलाउँदै पुरूष र महिलाबीचको आत्मीय तथा यौन सम्बन्धको बन्धन र सङ्कुचित धारणाले गर्दा नै धार्मिक र सांस्कृतिक मान्यताहरूमा युवावर्गमा उदासीनता छाएको कुरा  व्यक्त गरिएको ।

५) उच्च र निम्न वर्ग बीच भैरहेको द्वन्द्व, भेदभाव शोषण र अत्याचारको संस्कार नै बसेको हाम्रो समाजमा  गरिब वर्गको उत्थानका निम्ति प्रशासनिक कठोरता उच्च वर्गका निम्ति हुनुपर्ने कुरामा जोड दिइएको ।

६) ग्रामीण सम्भतामा अन्धविश्वास र रूढी संस्कार व्याप्त रहेकाले त्यसैको परोक्षमा उभिएर धार्मिक कुकर्म र धन्धा गर्नेहरूको जमातले गर्दा ग्रामीण समाजको उत्थान हुन नसकेको प्रति चिन्ता व्यक्त ।

७) मानवीय जीवनका जटिल अवस्थालाई चित्रण गर्दै आफ्नो अस्तित्वको  रक्षाका लागि नर - नारी दुबैले सङ्घर्ष गनैपर्ने तथा नियति र भाग्य भन्दा चरित्र र जीवनको उतारचढावको कारक हो भन्ने  तथ्य प्रस्तुत गरिएको ।

उपर्युक्त कथागत प्रवृत्तिका आधारमा हेर्दा सिंहका उत्तरार्ध चरणका कथाहरुमा प्रशासनिक कृयाकलाप, धार्मिक, सामाजिक तथा, नैतिक विकृतिलाई उजागर गर्दै व्यङ्ग्यात्मक शैलीका माध्यमबाट आदर्श चरित्रभित्रको नाङ्गो स्वरुपलाई प्रकट गरिएको पाइन्छ । वर्गीय द्वन्द्व रहेक कथामा मूल प्रवृत्ति बनेर देखा परेको छ भने असमान सामाजिक अवस्था, आर्थिक खाडलबाट  सिर्जित  विभेद र शोषणको प्रवृत्ति मौलाउँदै गएकोप्रति चिन्त प्रकट गरिकएेछ । त्यसै गरी जीवन सोचे जस्तो सरल नभएको र जटिल जीवनपद्धतिका कारण सङ्घर्ष गर्नुपर्ने मूल तथ्यालाई कथागत प्रवृत्तिका रुपमा अघि सारिएको छ ।

## २.३ गोरखबहादुर सिंहको कथागत एवम् लघुकथागत योगदान

वि.सं. २०२९ साल असोजमा सुस्केरा पत्रिकामा कालेका गीतहरू कथा प्रकाशनबाट औपचारिक रूपले पाठकसामु प्रस्तुत भएका कथाकार सिंह नेपाली कथाप्रेमीहरूका माभ्क कथाकारका रूपमा परिचित छन् । यिनको लेखनक्षेत्र कवितामा फैलिए पनि यिनले साहित्यिक व्यक्तित्वलाई प्रष्टाउने मूल आधार कथा विधा नै हो । विभिन्न पत्रपत्रिकामा चार दर्जन जति कथा प्रकाशन गरिसकेका कथाकार सिंहको हालसम्म भाषणको तयारी (२०४९) र आलुप्याज/प्याजआलु (२०६१) गरी दुईवटा कथा पत्रपत्रिकामा प्रकाशित कथाहरूलाई सङ्कलन

तयार पारिएका यी दुई कथा सङ्ग्रह यिनको कथाकार व्यक्तित्वलाई स्पष्ट रूपमा पहिचान गर्ने र मूल्याङ्कन गर्ने प्रमुख आधार पनि हुन पुगेको छ ।

वि.सं. २०३० सालदेखि नेपाली कथा क्षेत्रमा देखिएको नवीन समसामयिक धारा र नयाँ मूल्य र मान्यताका रूपमा स्थापित गराउन तत्कालीन कथाकारहरू लागि परेका थिए । २०३६ सालको राजनीतिक आन्दोलनको क्रमसँग कथाको मान्यता र उद्देश्यमा पूर्ण रूपले परिवर्तन हुन पुग्यो । प्रगतिवादी चेतना तथा प्रयोगवादी धाराका कथाहरू त्यतिबेला बढी मान्यता पाउन थाले त्यतिबेलाका कथाकार राजेन्द्र पराजुली (२०२१) गोविन्द गिरी प्रेरणा (२०१५) महेश विक्रम शाह  (२०२२) चर्चित र सशक्त रूपमा उदाएका थिए (गौतम र अधिकारी, २०६९ : १६८) । यसै  क्रममा कथाकार सिंह पनि आफ्नो नवीन मान्यता र कथागत प्रवृत्ति लिएर देखा परे ।

सरल र सहज भाषाशैलीको माध्यमबाट युगीन र विश्वजनीन जटिलता, विवशता जटिलता, विवशता, विकृति, असन्तोष र विसङ्गति मार्फत अभिव्यक्ति दिन रूचाउने सिंहले समाजको यथार्थ झर्रो प्रस्तुति गरेको देखिन्छ । वास्तविक समाजमा घट्ने र घटिरहेको घटनालाई टिमेर विषम परिस्थिति, विकृतिजन्य, सामाजिक व्यवहार,आधुनिक संस्कार र संस्कृतिले भित्र्याएका विकृतिजन्य परिस्थिति, विघटित जीवनमूल्य, नैतिक अवमूल्यन,राजनैतिक र प्रशासनिक क्षेत्रमा आएको नैतिक मूल्यको ह्रास मानवीय सम्वेदनाको अवमूल्यनबाट खोक्रो बन्दै गैरहेको मानव जीवनको उद्घाटन गर्दै सिंहले आफ्ना कथामा मानवीय युगीन जीवनको चिरफार गरेका छन् ।

नेपाली कथाको नवीन मोडमा आएको विषयवस्तुता असंरचना जस्ता विविध प्रयोगको विरोध गर्दै शैली शिल्प, संरचना र पूर्ण वस्तुता भित्र्याउँदै समसामयिक धाराप्रति सहमति जनाउँदै सुरू भएको सिंहको कथायात्रा उनको मृत्युपर्यन्त निरन्तर चलिरह्यो । पाठक सम्प्रेषणमा ध्यान दिँदै लेखिएको यिनका कथाहरूले सामाजिकतालाई मूल रूपमा चरण गरेको ती कटु सामाजिक यथार्थको उद्घाटनका दृष्टिले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । यस प्रकार समसामयिक धाराको एउटा अङ्ग बन्न सफल भएका सिंह यस धारामा आफ्नो पकड बलियो बनाउँदै नेपाली कथा साहित्यले आस गरेका व्यक्तिहरूमध्ये एक देखिन्छन् । सामाजिकता, मनोवैज्ञानिकता, समसामयिकता र युगीन मानव जविनका बिडम्बनालाई आफ्ना कथाका कथावस्तुको रूपमा सफल खुड्किलोका रूपमा देखिन्छन् । नेपाली कथा फाँटमा सङ्क्रमणयुक्त अवस्थाबाट आफ्नो कथालाई आरम्भ दिएका सिंहले आफ्नो कौशललाई अरू साम‍ु प्रदर्शन गर्ने

विभिन्न प्रयोगशील कथा अकथा जस्ता कथासंरचनालाई नअङ्गालेर सुगम शैलीलाई अँगालेर कथा क्षेत्रलाई महत्वपूर्ण योगदान दिन सफल सिंहको आज पनि कथाफाँटमा उत्तिकै चर्चा छ ।

नेपाली समसामयिक कथाका साथसाथै सिंहले आफ्नो आलुप्याज/प्याजआलु (२०६१) कथासङ्ग्रहमा २६ वटा लघुकथाहरू पनि समावेश गरेकाले नेपाली लघुकथाको क्षेत्रमा सिंहको के कस्तो योगदान रहेको छ भन्ने कुराको चर्चा हुनु आवश्यक ठानिन्छ ।

नेपाली साहित्यमा लघुकथाको प्रवर्तन कहिले र कसबाट भयो भन्ने कुराको हालसम्म पनि व्यवस्थित अनुसन्धान नभैसकेकाले यसको परम्परा त्यति लामो भने देखिदैन । आधुनिक युगमा आइपुग्दा कथा उपन्यास जस्ता कृतिका लागि पाठकहरूलाई समयको अभाव महसुस हुँदै आएको हो । छोटो समयमा कसरी प्रभावकारी र लघु आयतनको रचना लेख्न सकिन्छ भन्ने मान्यताकै आधारमा नेपाली साहित्यमा लघुकथाको जन्म भएको देखिन्छ । हुन त संस्कृतका 'हितोपदेश' र 'पञ्चतन्त्र' जस्ता कृतिमा भेटिने लघुकथाका स्वरूपले पनि साहित्यकारहरूलाई त्यसतिर आकर्षित बनाएको हुन सक्छ । लघुकथाको प्रारम्भिक चरणमा पूर्ण प्रसाद ब्राह्मण (२००७) जयनारायण गिरी (२००८) र शशिकला शर्मा जस्ता लघुकथाकारले नेपाली लघुकथा परम्परालाई निश्चित गति प्रदान गरे (गौतम र अधिकारी, २०६९ : २५४) । यसरी एउटा मूल धार बनाएर अगाडि बढिरहेको लघुकथा परम्परामा गोरखबहादुर सिंह वि.सं. २०६१ सालपछि मात्र देखा परे । लघुकथाको विकास प्रकृयाको चौथो चरणमा देखा परेका सिंहले आफ्नो **आलुप्याज/प्याजआलु** (२०६१) कथासङ्ग्रहमा मोहरको फिर्ती, कि चल्छ लोकसेवामा पनि ?, समाधान अमृत, मन्त्रीका भान्जा पर्दैनन्, आलुप्याज/प्याजआलु, काँचो हलुवावेद राजभुपडीको रमना, तिमीले मलाई सुरक्षा फिर्ती, बाजी साहुजीको चारो, मयूरपङ्खी कलम, वेवारिस घोषणापत्र, चिरा परेको खेत, बिग्रिएको छोरो, अजम्बरी गाई, विक्रमको टेम्पोको धुवाँ, आधुनिक विचार, कृष्णबहादुरहरू, कङ्गारूको सिकार, प्रजातन्त्र जोडिएको घर, सक्रिय उद्धार, आइडिया पूरक पहिरन र उन्मुक्ति गरी २६ वटा कथाहरू सङ्ग्रहित छन् । लघुकथाका क्षेत्रमा सिंहका उपयुक्त २६ वटा लघुकथाहरूले एउटा विशिष्ट आयाम थपेका छन् । उनका लघुकथामा प्रजातन्त्रको प्राप्ति पश्चात देखा परेका राजनीतिक मूल्यहीनता, नेताहरूको भ्रष्टता, भ्रष्टाचार र राजनीतिकरणको अभिव्यक्तिका साथसाथै समकालीन चेतनाको प्रबलता भण्डाफोर गरिएको पाइन्छ । यिनका लघुकथाले लघुकथा परम्परामा विशिष्ट योगदान दिएको मान्न सकिन्छ । कृतिगत रूपमा लघुकथा

प्रकाशन गरेर कृतिगत रूपमा लघुकथाको भण्डारमा श्री वृद्धि गर्ने सिंहको योगदानलाई बुँदागत रूपमा यसप्रकार समग्रमा देखाउन सकिन्छ ।

१) समसामयिक धारामा युगीन चेतनालाई भित्राएको ।

२) कथामा समाजिक मनोविज्ञानलाई प्रयोग गरिएको ।

३) कथामा ग्रामीण भेगमा हुने सामाजिक र प्रशासनिक विकृतिको उत्घाटन गरिएको ।

४) कथा, लघुकथाको भण्डारमा संख्यात्मक वृद्धि गर्न योगदान दिइएको ।

उपर्युक्त कथागत प्रवृत्तिका आधारमा हेर्दा कथाकार सिंह सामाजिक यथार्थवादलाई मूल प्रवृत्ति बनाएर कथा प्रवृत्तिमा नयाँ प्रयोग गरेको देखिन्छ । कथाको मूल विषयमा विशेष रुपले ग्रामीण समाजको नितान्त निम्न वर्गीय परिवार भित्रको समस्यालाई उठान गरिएको छ । कथामा पात्र चयनका दृष्टिले हेर्दा विशेष गरेर भ्रष्ट, घुसखोर र निम्न चरित्रका प्रमुख पात्रहरु चयन गरिएका छन् भने वर्तमान युगको अमानवीय प्रवृत्तिलाई उघार्दै स्वार्थ र धनलोलुपताले पूर्णतया ग्रस्त पारेको विकृतिपूर्ण समाजको वास्तविक रुपलाई देखाउन खोजिएको छ ।

## २.४ निष्कर्ष

नेपाली कथाको विकास प्रक्रियालाई महत्वपूर्ण योगदान दिने कथाकार गोरखबहादुर सिंह नेपाली कथा साहित्यकारका प्रतिभा हुन् । आधुनिक नेपाली कथा सामाजिक यथार्थवादी धारा, मनोवैज्ञानिक यथार्थवादी धारा, समाजवादी यथार्थवादी वा प्रगतिवादी धारा, नवचेतनावादी वा प्रयोगवादी धारा हुँदै समसामयिक धारामा भर्खरै पाइला टेकेको बेला नयाँ आयाम थप्दै कथाकार गोरखबहादुर सिंह देखा परेका हुन् । पछिल्लो समयमा आएर कथा तथा लघुकथा दुबैका क्षेत्रमा आफ्ना रचनाका माध्यमले आफ्नो छाप छोडेका सिंहका कथाको मूल प्रवृत्ति नै समसामयिक वसतुस्थितिको विश्लेषण गर्नु हो । राजनैतिक सामाजिक तथा नैतिक रूपमा पतन भइरहेको देशको यथार्थ विश्लेषण यिनका कथामा पाइन्छ । लघुकथाका क्षेत्रमा पनि गोगदान पुऱ्याएका सिंहले आफ्ना लघुकथामा यिनै वस्तुस्थितिलाई अँगालेका छन् । यिनको कथा र लघुकथाको क्षेत्रमा महत्वपूर्ण योगदान देखिन्छ ।

## तेस्रो परिच्छेद

# कथा एवम् लघुकथा विश्लेषणका सैद्धान्तिक आधार

### ३.१ कथा एवम् लघुकथा विश्लेषणका सैद्धान्तिक आधार वा तत्त्व

कथा निर्माणका लागि चाहिने तत्व वा उपकरणहरू नै कथाका तत्व हुन् । कथामा आवश्यक पर्ने घटकीय तत्वका अभावमा कथाको रचना हुन सक्दैन । तयसैले कथा भनेको विभिन्न वस्तुहरूको अन्तर्क्रमिक विन्यासबाट बनेको रचना हो। कसैले कथाका तत्वलाई एकाइ भनेको पनि पाइन्छ (श्रेष्ठ, २०६७ : ८) । दयाराम श्रेष्ठले कथाका तत्व भनेर कथावस्तु, पात्र वा चरित्रचित्रण, संवाद वा कथानकथन देशकाल र परिस्थिति, भाषाशैली र उद्देश्य गरी छ वटा तत्व रहेको बताएका छन् (श्रेष्ठ, २०६७ : ९) भने लक्ष्मणप्रसाद गौतम र ज्ञानु अधिकारीले ७ वटा तत्वको उल्लेख गरेका छन् (गौतम र अधिकारी, २०६९ : १२) यी दुबै मान्यताहरूलाई विश्लेषण गर्दा कथाका तत्वलाई कथावस्तु/कथानक, पात्र, परिवेश, उद्देश्य, दृष्टिविन्दु भाषाशैलीय तत्व गरी छ प्रकारका देखाउन सकिन्छ ।

### ३.१.१ कथावस्तु/कथानक

कथामा कथानकले सर्वत्र व्यापकता हुने भएकाले अन्य तत्वलाई समेत यसले गहिरो रूपमा प्रभाव पारेको हुन्छ । वास्तवमा कथावस्तु भन्नु नै स्वयम् कथाकारको विचार, धारणा वा अनुभूतिको मूर्त अभिव्यक्ति वा प्रस्तुति हो । त्यसैले कुनै पनि कथाको मूल्य निर्धारण यसै तत्वले गर्दछ । यसरी कथाकारका विचार धारणा वा अनुभूतिको मूर्त रूपाकृतिको रूपमा देखा पर्ने कथावस्तु कथागत मूल्यले युक्त हुन्छ । दयाराम श्रेष्ठले कथालाई स्थूल तथा वृहत्तम अवयव मानेका छन् (श्रेष्ठ, २०५७ : ९) । कथालाई अघि बढाउन कथानक अनिवार्य हुने भएकाले तथा कथा  पाठकको आँखा वरिपरि घुम्ने भएकाले कथानकलाई कथाको मुख्य तथा अनिवार्य तत्वका रूपमा लिइन्छ ।

### ३.१.२ पात्र

कथामा सहभागिता जनाएर कथानकको मूल अभिभारा बोक्नेलाई नै पात्र भनिन्छ । यो चरित्रका रूपमा कथामा आएको हुन्छ । कथालाई कलात्मकता दिने काममा पात्रले स्तम्भको रूपमा भूमिका खेलेको हुन्छ । जसबाट कथाको संरचना तयार हुन्छ । पात्रहरूले नै कथालाई उर्जा प्रदान गर्ने भएकाले यो अङ्गविना कथाको संरचनाको कल्पना नै गर्न सक्दैन । कथामा

पात्रहरू सीमित सङ्ख्यामा आउनु पर्दछ । कथामा मुख्य पात्र सापेक्ष र सहायक पात्र निरपेक्ष भएर आएको हुन्छ ।

### ३.१.३ परिवेश

'परिवेश भनेको दिक्+काल हो । दिक् वा ठाउँ र काल वा समय जनाउने परिवेशलाई यस्तो मूर्त भौतिक स्थिति मानिन्छ, जहाँ कुरा वा कथन घटित हुन्छ (गौतम २०५७:९) ।' परिवेशले स्थान काल र वातावरण मध्ये कुनै एकको अथवा तीनवटै कुराको अभिव्यक्तिलाई सङ्केत गर्दछ । परिवेश कथाको निर्माणका लागि चाहिने बाहिरी तत्त्व हो । परिवेश भन्ने बित्तिकै देश र काल आउँछ भने देश काल भन्ने बित्तिकै स्थान र समय आउँछ । कथामा पात्रले कुनै कार्य सम्पन्न गर्नका लागि स्थान चाहिन्छ । त्यसै गरी कार्यव्यापार वा घटना सम्पन्न कुनै न कुनै निश्चित समयमा घटित हुन्छन् । समयभित्र पनि त्यसको वातावरणले पात्रलाई उत्प्रेरणा प्रदान गरे पछि मात्र घटनाले मूर्त रूप पाउने भएकाले उपयुक्त सम्पूर्ण घटकहरू परिवेशका सहायक बन्न पुग्छन् कथामा घटना र कार्यव्यापारका साथै दृश्य निर्माणको पनि महत्वपूर्ण भूमिका हुन्छ ।

### ३.१.४ उद्देश्य

'प्रत्येक साहित्यिक रचना कुनै न कुनै प्रयोजनको पूर्तिका लागि लेखिएको हुन्छ । कथाले प्रस्तुत गर्न खोजेको मुख्य प्रयोजन नै उद्देश्य हो र प्रयोजन विना कुनै कथा पनि रचना गरिदैन । मनोरञ्जन, शिक्षा, आत्मतुष्टि, लोककल्याण र यथार्थ वस्तुस्थितिको उद्घाटनलाई नै कथाको प्रमुख उद्देश्य मानिन्छ । कथाको विश्लेषण गर्दा त्यसमा अन्तनिर्हित उद्देश्यलाई पनि केलाइन्छ र सामान्य तथा विशिष्ट अर्थात् मूल र गौण उद्देश्यको निक्र्यौल गरिन्छ ।' (भट्टराई २०६२:१७)

### ३.१.५ दृष्टिविन्दु

'कृतिलाई पाठक समक्ष उपस्थित गर्ने तरिका वा उपस्थापन पद्धतिलाई दृष्टिविन्दु भनिन्छ (शर्मा २०५०:११) । दृष्टिविन्दुमा कथाकारको विचारधाराको अभिव्यक्ति हुन्छ । दृष्टिविन्दु मुख्य रूपमा प्रथमपुरूष दृष्टिविन्दु र तृतीय पुरूष दृष्टिविन्दु गरी दुई किसिमको हुन्छ । पात्रको मानसिक संसारलाई मूर्तरूप दिने वा अभिव्यक्ति गर्ने तत्व दृष्टिविन्दु स्थानका हिसाबले आन्तरिक वा वाह्य गरी पुन : दुई भागमा विभाजन गर्न सकिन्छ । आन्तरिक

दृष्टिविन्दुमा प्रथमपुरूष 'म' को प्रयोग गरिन्छ भने बाह्य दृष्टिविन्दुमा तृतीय पुरूष त्यो वा ऊ वा कुनै नामधारी पात्रको प्रयोग गरिन्छ । आन्तरिक र वाह्य दृष्टिविन्दुको प्रकारलाई निम्नानुसार देखाउन सकिन्छ :

१.आन्तरिक प्रथम पुरूष

(क) केन्द्रीय

(ख) परिधीय

२. वाह्य तृतीय पुरूष

(क) सीमित

(ख) सर्वदर्शी

(ग) वस्तुपरक

'आन्तरिक दृष्टिकोणीय पात्र प्रथम पुरूषका रूपमा रहन्छ । यसमा 'म' मुख्य पात्रका रूपमा रहन्छ । कथाको सम्पूर्ण घटना र विश्लेषण यही पात्रका मुखबाट कथाकारले व्यक्त गर्दछ । यस्ता पात्र भएको कथामा गहिराई कथामा सूक्ष्म रूपमा देखिन्छ (गौतम २०६९:१६) ।' वैयक्तिक अनुभूतिको प्रस्तुतीकरणका लागि आन्तरिक दृष्टिविन्दु उपयुक्त मानिन्छ । यस्तोलाई केन्द्रीय दृष्टिविन्दु भनिन्छ । यस्तो दृष्टिविन्दुमा पात्रको भूमिका केन्द्रवर्ती हुन्छ । त्यसै गरी 'परिधीय दृष्टिविन्दुमा पनि म पात्र त रहन्छ तर म पात्रको भूमिका भने गौण रहन्छ कुनै कथामा त म परिधीय म पात्र दर्शकको रूपमा मात्र पनि भएको हुन्छ (गौतम २०६९:१६) ।' त्यसका विपरित वाह्य दृष्टिविन्दुमा तृतीय पुरूषमा हुन्छ र यो तीन किसिमको हुन्छ । सीमित दृष्टिविन्दुमा एउटै पात्रको मनोविश्लेषण सोचाइ र संवेगात्मक प्रतिक्रिया व्यक्त गरिन्छ । अर्थात कथाकारले एउटा मात्र पात्रको विश्लेषणलाई ध्यान दिन्छ भने सर्वदर्शीय दृष्टिविन्दुमा एक भन्दा बढी पात्रको मनोविश्लेषण, संवेगात्मक प्रतिक्रिया आदिको प्रस्तुत गरिन्छ । त्यसै गरी वस्तुपरक दृष्टिविन्दुमा भने कुनै पनि पात्रको मानसिक विश्लेषण नगरी वाह्य चारित्रिक विशेषताको मात्र वर्णन गरिन्छ । उपयुक्त दुबै प्रकारका दृष्टिविन्दु कथाका अपरिहार्य तत्वका रूपमा मानिन्छ ।

### ३.१.६ भाषाशैलीय तत्त्व

'कथा रचनाका लागि भाषाको भूमिका महत्वपूर्ण देखिन्छ । कथा रचना गर्नका लागि भाषामा हुने शैली विम्ब प्रतीक अलङ्कार विचलन आदिको समष्टि रूपलाई नै भाषाशैलीय तत्त्वका रूपमा लिइन्छ (गौतम र अधिकारी २०६९:२०) ।'

'कथाले सामान्य वा विशिष्ट कस्तो बनाउने भन्ने कुरा भाषाशैलीमा निर्भर गर्दछ । कथाको विश्लेषण गर्दा भाषाशैलीय तत्वभित्र पर्ने भाषा, शैली, विचलन समानान्तर, बिम्ब, प्रतीक, अलङ्कार आदिको प्रयोग कसरी गरिएको छ भन्ने कुराको मूल्याङ्कन गरिन्छ । (गौतम २०६९:२०) ।'

## ३.२ निष्कर्ष

लघु आकार र विस्तार भएको तथा सीमित परिवेशमा थोरै पात्रको उपस्थितिमा कथा संरचना हुन्छ । कथामा गद्यलाई अपरिहार्य मानिएको छ । कथावस्तु, पात्र, संवाद, परिवेश, उद्देश्य, दृष्टिविन्दु, भाषाशैलीय तत्त्व आदि कथाका लघुसंरचक घटक वा उपकरण हुन् । कथालाई मूलतः अन्तविषयकता र शैलीका आधारमा वर्गीकरण पनि गरिएको छ । त्यसैगरी लघुकथा पनि कथाको समकक्षी तर भिन्न तत्व र घटक भएको लघु रूप हो । नेपाली साहित्यको आधुनिक कालमा आएर विकसित भएको लघुकथाले छोटो समयमा निकै व्यापक्ता र विस्तार प्राप्त गरेको देखिन्छ । यी दुई एउटै विधाका लघु र मझौला रूपका संरचनाले आ-आफ्नो स्थानमा साहित्यको क्षेत्रलाई प्रभावित तुल्याएका छन् ।

## परिच्छेद चार

# आलुप्याज/प्याजआलु कथासङ्ग्रहमा सङ्ग्रहित कथाहरूको विधातात्विक विश्लेषण

### ४.१ विषय परिचय

**आलुप्याज/प्याजआलु** कथासङ्ग्रह कथाकार गोरखबहादुर सिंहद्वारा लिखित १३ कथा तथा २६ लघुकथाको सङ्ग्रहमा समेटिएका कथाहरूलाई मात्र यस परिच्छेदमा कथातत्वका आधारमा विश्लेषण गरिएको छ । १३ कथाहरूको विधातात्विक विश्लेषणमा कथानक, पात्र, परिवेश, उद्देश्य र भाषाशैली रहेका छन् । उपयुर्क्त कथाहरूलाई क्रमशः यहाँ विश्लेषण गरिएको छ ।

### ४.२ छिरिङ दाइको घर

### ४.२.१ कथानक

**क) आदि भाग**

छिरिङ दाइको घर कथाको कथानक फिलिपिन्सको राजधानी मनिलामा म पात्रसँग भेट भएकी एउटी शाली नाम गरेकी युवतीको चरित्रमा आधारित छ । चरित्रप्रधान कथा भएकाले यस कथामा म पात्र युवतीको सहायक पात्रका रूपमा उपस्थित देखिन्छ । फिलिपिन्सको एउटा ग्रामीण भेगमा म पात्रको एउटा अन्तर्राष्ट्रिय तालिम केन्द्रमा भेट भएकी युवतीको प्रेमालापमा आधारित छ । नियात्रा संस्मरण जस्तो लाग्ने यस कथालाई कथाको सूक्ष्म तर गहिरो तथा वृत्ताकारीय कथानक र वर्णन शैलीले यसलाई कथामै सीमित गरेको छ । कथामा म पात्रको ट्रेनमा भएको वार्तालापबाट कथानकको आरम्भ हुन्छ । शाली (म पात्रले राखिदिएको नाम) को चारित्रिक केन्द्रमा म पात्र घुमेको छ । कथामा संवादको मात्रा प्रशस्त छ जसले कथानकलाई सूक्ष्म बनाएको छ । कथानक तीन खण्डमा छ आदि, मध्य र अन्त्य । कथाको आरम्भमा ट्रेनको यात्राको वर्णन छ । माइक नाम गरेको पात्रलाई शालीले अर्को सिटमा बस्न अनुरोध गर्दछ । माइक अर्को सिटमा गएर बस्छ र म पात्र कटुवालको छेउको सिटमा गएर शालीले म पात्र सँग कुराकानी गर्न सुरू गर्छे । कुराकानीका क्रममा उसले कटुवालसँग उसको घर, सगरमाथा लुम्बिनी, भौगोलिक अवस्था, खेलकुद, को बारेमा जिज्ञासा राख्दै आफू पनि नेपाल घुम्न आउने सङ्केत गर्छे । म पात्रलाई उसको कुराकानीप्रति त्यति रूचि हुँदैन र ट्रेनको यात्रा पनि टुङ्गिन्छ । यो कथाको आदि भागका रूपमा रहेको छ ।

**ख) मध्य भाग**

कथाको मध्य भाग तालिम केन्द्रको कार्यकक्षमा भएको म पात्र र शालीको भेटवार्ताबाट सुरू हुन्छ । तालिमकेन्द्रमा उपस्थित अन्य सहभागीहरूमध्ये शाली पनि त्यहाँ आइपुग्छे र म पात्रको सुनियोजित लामो नाम लिएर सम्बोधन गर्छे । यसै क्रममा सबै सहभागीहरू बिच नाम सम्झने खेल सुरू हुन्छ । खेलमा डेबिड अब्बल देखिन्छ । डेबिड शालीतिर आकर्षित देखिन्छ तर शाली उसलाई महत्व दिन चाहन्न । त्यसपछि म पात्रसँग शालीको कुराकानी लम्बिन्छ । शाली म पात्रलाई पछ्याउन थाल्छे र उनीहरू घुम्दै रिजालपार्क पुग्छन् । म पात्र र शाली मिलेर रिजालपार्कको आनन्द लिन थाल्छन् । त्यही क्षणमा शालीले म पात्रसँग प्रेम प्रस्ताव राख्छे । म पात्र गम्भीर हुन्छ । तर शाली भने निरन्तर ऊसँग नजिकिँदै जान्छे । एक शनिबार शाली र म पात्र घुम्ने क्रममा बागियो शहर पुग्छन् । एउटा होटेलमा कोठा लिन्छन् । म पात्र र शालीको होटेलमा निकै रोमान्स चल्छ । सामुद्रिक किनारमा मोजमस्ती गर्छन् । बालुवाको महल बनाउँछन् र आफ्नो कल्पनालाई साकार रूप दिन खोज्छन् र कथाको मध्य भाग सकिन्छ ।

**ग) अन्त्य भाग**

कथाको अन्तिम चरणतिर पुनः तालिम केन्द्रमै उनीहरूको भेट हुन्छ शाली म पात्रलाई अरू भन्दा विशेष रहेको बताउँछे । उनीहरू बजारतिर किनमेल गर्न जान्छन् । शालीले म पात्रलाई आफ्नी श्रीमातीका लागि केही नकिनेको प्रति प्रश्न गर्छे । म पात्र टाउको दुखेको बहना गर्छ र ऊबाट टाढिन खोज्छ । त्यसपछि म पात्रले एक वर्ष अगाडि टेलिफोनमा कुनै नवागन्तुकलाई घरको बाटो बताउँदा आफ्नो श्रीमान्को नाम नभनी डेरामा बस्ने छिरिङ् दाइको घर भने सोध्दै आउनु भनेको, म पात्रको प्रश्नमा श्रीमतीले उसको पैसाको रवाफले गर्दा सबै पसलेहरूले छिरिङ् दाइकै घर भनेर चिन्ने जवाफ दिएको सम्झन्छ । शालीले टाउको मालिस गरिदिने प्रस्ताव राख्छे र आफ्नो निवासमा लैजान  खोज्छे । म पात्र निरीह बनेर उसको कोठामा गएर ऐना अगाडि उभिन्छ र कथानक टुङ्गिन्छ ।

## ४.२.२ पात्र वा चरित्र

'छिरिङ दाइको घर' कथा चरित्र प्रधान कथा हो । कथामा म पात्र र शाली दुई चरित्र प्रमुख रूपमा उपस्थित छन् । यी दुई पात्रका संवाद र उपक्रियामा नै कथाको सेरेफेरो घुम्दछ । यी दुई पात्रलाई क्रमशः तल विश्लेषण गरिन्छ ।

**क) 'म पात्र' कटुवाल**

म पात्र यस कथाको प्रमुख पात्र हो । म पात्रको फिलिपिनी युवती शालीसँगको सहयात्रा र अन्तर्क्रियामा नै म पात्रको चरित्र अङ्कित छ म पात्र चरित्रवान् देखिन्छ । शालीका विभिन्न प्रणय अनुरोधलाई उसले सहज रूपले लिएको देखिदैन । होटलमा कोठा लिदा पनि 'म' पात्र खुम्चिएको छ ।

कटुवाल युवतीप्रति त्यति आकर्षिक देखिदैन युवतीको आग्रह र चाहना बुझेकाले पनि कटुवाल दोधारमा देखिन्छ । कथानकको अन्त्यमा शालीले म पात्र कटुवाको आय आर्जन पट्टि चासो दिएकाले म पात्र निकै अल्मलिएको छ । म पात्र डरपोक लजालु र कन्जुर देखिए पनि शालीसँग रोमान्स गर्न चुकेको छैन । तर पनि उसलाई आफ्नो कर्तव्य र घरप्रतिको जिम्मेवारीको पूरा बोध छ । त्यसकारण कटुवाल (म पात्र) असल पात्रका रूपमा देखिएको छ । मञ्चनका दृष्टिले कटुवाल मञ्चनीय र आवद्धताका दृष्टिले बद्ध पात्र हो ।

**ख) शाली (फिलिपिनी युवती)**

शाली यस कथाकी मुख्य पात्र हो । म पात्र (कटुवाल) को विदेश यात्रा अवधिभरि उसकी सहयात्री बनेर उभिएकी छे । शाली साहसी र चञ्चल तथा बुद्धिमानी पात्रका रूपमा यस कथामा देखिएकी छ । म पात्रलाई आफ्नो यौवन जालमा फसाउन उत्सुक शालीले कटुवाललाई प्रेम प्रणयको अनुरोध गर्नुका साथै कटुवालको चाहना र उद्देश्यलाई पूर्ण समर्थन दिनुले ऊ एक असल तर चलाख पात्र हो भन्ने बुझिन्छ ।

शाली कटुवालप्रति निकै आकर्षित देखिन्छे । आफ्नै भाषामा उसले दर्शाएको प्रेमलाई कटुवालले त्यति सहजताले नलिए पनि शाली भने उसलाई पछ्याउन छाड्दिन । यसबाट शाली एउटी अडिग र जिद्दी स्वभावकी नारी पात्र देखिन्छे । त्यसैगरी कटुवालप्रति ऊ पूर्ण समर्पित पनि छे । बागियो घुम्न जानका लागि साथी नपाएको कटुवालसँग ऊ निर्धक्क जान तयार देखिन्छे । यस कुराबाट ऊ सरल नारीपात्र बन्न पुगेकी छे । आखिरमा कटुवालको साथ छुट्ने अवस्थामा पनि ऊ विचलित नदेखिएकाले ऊ गतिहीन तथा रोमान्टिक पात्रका रूपमा यस कथामा उपस्थित भएकी छ । आबद्धताका दृष्टिले शाली बद्ध पात्र हो भने मञ्चनका दृष्टिले ऊ मञ्चीय पात्र पनि हो ।

**ग) अन्य पात्रहरू**

प्रस्तुत कथामा म पात्र 'शाली' बाहेक अन्य पात्रहरू गौण पात्रका रूपमा उपस्थित भएका छन् । कथाको आरम्भमै भाइको उपस्थिति देखिए पनि अन्त्यसम्म उपस्थिति छैन । त्यसै गरी कार्यक्रम सञ्चालिका, डेभिड, छिरिङ दाइ, स्वास्थकर्मी स्वागत कक्षाकी ठिटी, ज्यक्सन, जुदिथ, भण्डारी, शर्मा, कार्की, जिम्ति, प्रसङ्गवश म पात्र र शालीको अन्तरसम्बन्ध ती दुई बीचको घटनाक्रमलाई रोचक र गतिशिलता दिन मात्र उपस्थित भएका छन् । यिनीहरूको कथामा कुनै भूमिका नदेखिएकाले यी सबै नेपथ्य र गौण पात्रका रूपमा कथामा देखिएका छन ।

### ४.२.३ परिवेश

प्रस्तुत कथाको परिवेश नेपाल बाहिर फिलिपिन्सको ग्रामीण तथा सहरी भेग रहेको छ । म पात्र कुनै विशेष कार्यक्रमका लागि नेपालबाट फिलिपिन्स गएका बेला 'शाली' नामकी युवतीसँगको अन्तर्क्रिया यस कथाको घटनावस्तु बनेको छ । घटनाक्रममा फिलिपिन्सको रेल बागियो सहर, रिजाल पार्क आदि स्थानहरू आएका छन् । घटनाक्रममा नेपालको स्थानिय परिवेश आएको छ । छिरिङ दाइको घरको परिवेश र पात्रका घरको परिवेश पनि कथामा देखिन्छ । यसरी घटनाक्रमको मूल परिवेश फिलिपिन्सका विभिन्न सहर तथा नेपालको कटुवालको घर वरिपरि देखिएको छ ।

### ४.२.४ उद्देश्य

'छिरिङ दाइको घर' कथा चरित्र प्रधान कथा भएकाले कथामा प्रशस्त मनोवैज्ञानिक पक्षको योग भएको शाली बिच मानसिक द्वन्द्व र तनावमै कथाको अन्त्य भएको छ । कथाकारले शालीको प्रणयतालाई त्यति महत्व नदिई कटुवालको पक्ष लिएको देखिन्छ । कटुवाल शालीलाई पूर्ण रूपमा त्याग गर्न पनि सक्दैन र उसको प्रणय अनुरोधलाई खुला समर्पण पनि गर्न सकेको छैन । मौन समर्पणमा नै कटुवालले शालीसँग केही रमाइला दिन व्यतीत गरेको छ ।

### ४.२.५ भाषाशैली

छिरिङ दाइको घर कथा चरित्रप्रधान कथा हो । यस कथामा प्रथम पुरूष दृष्टिबिन्दु (कथनपद्धति) प्रयुक्त छ । कथामा कथाकारले अत्यधिक संवादको प्रयोग गरेका छन् । चित्रात्मक

शैलीका साथै संवाद को प्रयोगले कथालाई नाटकमय बनाएको छ । वर्णन शैली छोटो छरितो र कवितात्मक रहेको छ । कथामा आगन्तुक शब्द सीमित प्रयोग गरिएका  छन् । जस्तै : सिट, ट्युबलेट, कपी, कविते भ्यान तालिम, ना हाल तिका, पार्क, स्टल, फास्टफुड आदि । कथामा अत्यन्तै प्रचलित आगन्तुक शब्द मात्र प्रसङ्गवश प्रयोग गरिएका छन् । कथाकार प्रायः तत्सम शब्दकै प्रयोगमा आकर्षित देखिन्छन् । शिष्टता, भूपरिवेष्टित, यद्यपि, जिज्ञासा, मिश्रित, कार्यकक्ष, संयोजन, प्रारम्भिक, नवपरिचित, नवागन्तुक, सम्पालिका, अप्रत्याशित, आवास, सप्ताहान्त, पथप्रदर्शक, स्वागतकक्ष, प्रेम याचना जस्ता अप्रचलित शब्दहरू कथामा प्रयोग भएका छन् । उखान टुक्काको प्रयोग कथामा गरिएको छैन । कथामा सरल, छोटा र छरिता वाक्यहरू प्रयोग गरिएका छन् । जस्तै :

- म नेपाल गएँ भने तिम्रो घरमा बस्न निम्तो दिन्छौ ? (पृ. ३)
- तिमी तिम्रो घरमा बोल्न पनि कन्जुस्याइँ गर्छौं ? (पृ. ३)

मिश्र तथा जटिल वाक्यहरू तथा कठिन शब्दहरूकमो प्रयोग कथामा देखिँदैन । सरल र ठेट नेपाली शब्दहरूको प्रयोगले कथा रोचक, सरल र मार्मिक बनेको छ ।

## ४.३ पछ्याइरहने एकजोर आँखा

### ४.३.१ कथानक

पछ्याइरहने एक जोर आँखा कथाको कथनाक ग्रामीण क्षेत्रमा रहेको एउटा सामान्य होटेलमा काम गर्ने एउटी युवतीको चरित्रमा आधारित छ । चरित्रप्रधान कथा भएकाले पनि यस कथामा झिनो कथानक प्रयोग गरिएको छ । कथामा मुख्य पात्र होटेलमा काम गर्ने युवती र म पात्र रहेका छन् । कथाको प्रारम्भ संवादबाट सुरू भएको छ जुन म पात्रले पूर्व स्मृतिका रूपमा व्यक्त गरेको छ । यस कथाको कथानकलाई आदि, मध्य र अन्त्य क्रममा यस प्रकार देखाइन्छ :

**क) आदि भाग**

'म' पात्र एउटा सरकारी कर्मचारी हो । ऊ आफ्नो पूर्वस्मृतिलाई पल्टाउँछ । बजारको कुनै एउटा डेरामा बस्दा एक दिन फिल्ड जान्छ र ऊ एउटा होटेलमा चिया खान पस्छ । होटेलकी युवतीले पानी खान दिएपछि उसले पानीलाई कति मीठो चिया भनी प्रसंसा गर्दछ र

कथानकको आदि भागको प्रारम्भ हुन्छ । युवतीले पानीलाई चिया भनी प्रसंसा गरेको सुनेर पत्याएँ भनी व्यङ्ग्य गर्छे । पछि मात्र म पात्रले आफूले चियाको सट्टा पानी पिएको चाल पाउँछ । उसलाई त्यस होटलले आकर्षित गर्छ । ऊ दिनहुँजसो होटलमा युवतीलाई भेट्न पुग्छ । कहिलेकाहीँ उसको तरकारी बारीको पनि प्रसंसा गर्दछ । कहिलेकाहीँ साहुलाई म पात्रले जिस्क्याएर आनन्द लिन्छ । एक बिदाको दिन म पात्र पसलकै बाटो भएर फर्किन्छ । पसले साहूकी बुहारीले जिस्क्याउँछे म पात्र त्यही अलमलिन्छ । पसलमा अरू ग्राहक देखिँदैनन् । बुहारीले तित्राको सिकार खै भनी सोध्छे । केही घोचपेच चल्छ । खाजा खाएर पैसा तिर्न खोज्दा बुहारीले पैसा लिन मान्दिन । म पात्र बुहारी (युवती) प्रति निकै आकर्षित हुन्छ र कथाको आदि भाग सकिन्छ ।

**ख) मध्य भाग**

म पात्रले आफ्ना साथीहरूसँग युवतीका बारेमा निकै कुरा गर्छ । अन्य साथीहरूले म पात्रलाई जिस्क्याउँछन् । साथीहरूकै कुराकानीमा युवती स्कुल पढ्दा पढ्दै लभ गरेर भागेकी, भन्ने तथ्य खुल्छ । उसको कामको पनि प्रसंसा हुन्छ । श्रीमान पोखरामा बसेर काम गर्दैछ भन्ने कुरा खुल्छ । केही साथीले उसलाई बुद्धि बिग्रेर हिँडेकी भन्दछन् र कथाको मध्य अर्थात् उत्कर्ष भाग सकिन्छ ।

**ग) अन्त्य भाग**

म पात्र एक दिन बिहानै घुम्न निस्कन्छ र पसलतिर लम्किन्छ तर बाटैमा उसले पसलकी युवती (बुहारी) क्याम्पसको एउटा केटासँग हिँडी भन्ने समाचार सुन्दछ । म पात्रले स्वाभाविक प्रतिक्रिया जनाउँछ तर मनमनै जिल्लिन्छ । ऊ युवती भाग्नुको कारण मनमनै खोज्छ तर भेट्टाउँदैन अनि उसको पसलको अवस्था, उसको चाहना, श्रीमानको उमेर र उसको भविष्य सोचेर पूर्वस्मृतिबाट फर्किन्छ । यत्तिकैमा कथाको अन्त्य भाग सकिन्छ ।

### ४.३.२ पात्र वा चरित्र

प्रस्तुत कथा चरित्र प्रधान भएकाले यस कथामा मुख्य रूपमा दुइवटा पात्र प्रस्तुत भएका छन् 'म' पात्र र युवती 'बुहारी' यी दुईको अन्तर्क्रियामा नै कथाको सेरोफेरो चित्रित छ । यी दुई पात्रलाई यसरी विश्लेषण गर्न सकिन्छ ।

**क) 'म' पात्र**

म पात्र यस कथाको प्रमुख पात्र हो । म पात्रको पूर्व स्मृतिमा नै यस कथाले फड्को मारेको छ । म पात्र मुख्य रूपमा अवसरवादी देखिन्छ । ऊ आफू सरकारी जागिरे भएकाले फिल्ड जाँदा आउँदा आफ्नो एक्लोपनको अभावलाई पूरा गर्न ऊ राम्रा होटेलमा नगई त्यही युवतीको पसलमा समय बिताउँछ । म पात्र वर्तमान समयमा जागिरे युवाहरूको प्रतिनिधि पात्र हो । साथीहरूको व्यङ्ग्यबाट आफू सन्तुष्ट हुने तर पनि साथीहरूको प्रतिक्रियालाई नकार्न नसक्नु म पात्रको आत्मगत कमजोरी देखिन्छ । समग्रमा 'म' पात्र अनुकूल र गतिशील पात्रका रूपमा देखापर्छ ।

**ख) युवती 'बुहारी'**

युवती यस कथाकी प्रमुख पात्र वा नायिका हो । उसले कलेज पढ्दा पढ्दै पढाइ छाडि आफूभन्दा कान्छो केटासँग भागेर बिहे गरेकी छ । ऊ होटेलमा अरूका जुठा भाँडा माझेर परिवार पाल्ने विपन्न वर्गका महिलाहरूको प्रतिनिधि पात्र हो  त्यसैले ऊ वर्गीय पात्रका रूपमा कथामा उभिएकी छे । कथामा म पात्रले वर्णन गरे अनुरूप युवतीमा वाध्यता छ । ऊ तार्किक पनि छ । 'म' पात्रका कुनै पनि प्रश्नलाई भुइँमा झर्न नदिदै जवाफ दिन सिपालु छे । त्यसैले ऊ शिक्षित देखिन्छे ।

युवती आफ्नो स्वतन्त्रतामा रमाउन चाहने स्वाधनि नारी हो । आफूले गरेको निर्णयमा पछुतो नमान्ने तथा परिस्थिति अनुसार चल्न खोज पनि विवाहित भैसकेपछि पनि अर्केसँग भाग्ने अधीर तथा चञ्चल नारीका रूपमा चिनिएकी छे । त्यसकारण ऊ गतिशील पात्र हो । समग्रमा कथामा युवती एउटी अस्वाभाविक चलाख तथा अनाठो पात्रका रूपमा नकारात्मक चरित्र लिएर कथामा प्रस्तुत भएकी छे ।

**ग) अन्य पात्रहरू**

प्रस्तुत कथामा 'म' पात्र र युवती बुहारी बाहेक अरू सबै गौण पात्रका रूपमा उपस्थित छन् । म पात्रका साथीहरू, युवतीकी सासु, नन्द, ससुरा आदि पात्रहरू नेपथ्य पात्रका रूपमा उपस्थित छन् । कथामा यिनीहरूको भूमिका र उपस्थिति नगन्य भए पनि कथाको मार्मिकतालाई यिनले निकै सघाउ पुऱ्याएका  छन् ।

### ४.३.३ परिवेश

पछ्याइरहने एकजोर आँखा कथाको परिवेश पूर्णतः ग्रामीण परिवेशमा आधारित नभएर आंशिक सहर र आंशिक ग्रामीण परिवेश देखिन्छ । जिल्लाको सदरमुकाम भए पनि बजारदेखि अलिक टाढा भएकाले तरकारी र माछाको उत्पादन जस्ता कुराले कथानक आंशिक ग्रामीण परिवेश घटित भएको पुष्टि गर्दछ ।

कथानक घटित हुने मुख्य स्थान 'बुहारी' युवतीको पसल हो । उसको पसल बजारकै मुखमा भए पनि तराईका सम्पन्न सहर भन्दा अलिक भिन्न पहाडी जिल्लाको कुनै अविकसित सदरमुकाम जस्तो देखिन्छ । पसल पनि कुनै भव्य नभएर गाउँ घरका सामान्य चियापसल झैँ लाग्दछ ।

### ४.३.४ उद्देश्य

प्रस्तुत कथा सामाजिक यथार्थवादी धारालाई अङ्गीकार गरेर लेखिएको छ । समाजमा घट्ने गरेका घटनालाई मार्मिक तरिका पाठक माझ पुऱ्याउनु नै यस कथाको मुख्य उद्देश्यका रूपमा देखिन्छ । सामाजिक यथार्थवादले समाजभित्र लुकेका यथार्थ पक्षलाई कोट्याउने उद्देश्य राखेको हुन्छ । यही मान्यतालाई पछ्याएर लेखिएको यस कथामा ग्रामीण समाजमा स-साना कुराको ठूलो चर्चा हुने यथार्थतालाई देखाएको छ ।

त्यसैगरी प्रत्येक नारीमा अन्तर्निर्हित इच्छा, चाहना र आकाङ्क्षालाई समाजले कसरी अङ्कुश लगाइरहेको हुन्छ भन्ने कुराको उद्घाटन पनि यस कथामा गरिएको छ । एकातिर एक्लो जीवन बिताइरहेका जागिरे युवकहरूको यौन चाहनालाई 'म' पात्रका माध्यमबाट देखाउन खोजिएको छ  भने नारीहरूको मूल चाहना भनेको आफ्नो अस्तित्वको खोजी र स्त्रीत्वको उपयोग हो । यसबाट वञ्चित नारीहरूले पनि आफ्नो निर्णय आफै लिनुपर्छ भने मान्यता प्रस्तुत कथाले मूल उद्देश्यका रूपमा प्रस्तुत गरेको छ । जिल्ला सदरमुकामको सेरोफेरोमा नै कथानक घटित छ ।

### ४.३.५ दृष्टिविन्दु र भाषाशैली

पछ्याइरहने एक जोर आँखा चरित्रप्रधान कथा हो । कथामा नाम नखुलाइएकी एउटी युवतीको चरित्रलाई विश्लेषण गरिएको छ । कथाकार स्वयम्ले कथाको कथानकलाई म पात्रका माध्यमबाट अगाडि बढाइएकाले कथामा प्रथम पुरूष दृष्टिबिन्दु प्रयोग गरिएको छ । भाषिक

संयोजन सरल छ । छोटा छोटा वाक्यहरू प्रयोग गरिएका छन् । प्रत्यक्ष कथनहरू प्रयुक्त छन् । व्याकरणिक नियमका आधारमा वाक्यको संयोजन कतै कतै विचलित छ । चित्रात्मक शैली अपनाइएको छ । दृश्यको वर्णनशैली सुन्दर छ । तत्सम शब्दको प्रयोग मध्यम छ आगन्तुक शब्द प्रासङ्गिक रूपमा प्रयुक्त छन् । तद्भव शब्दको प्रयोग बढी रहेको छ । उखानको प्रयोग कतै देखिँदैन र टुक्काहरू केही प्रयोग गरिएका छन् । कथामा प्रयुक्त केही शब्दहरू यसप्रकार छन् :

संस्कृत तत्सम शब्दहरूः गुण, प्रशंसा, टिप्पणी, व्यङ्ग्यात्मकता, कृषि, विशेषज्ञता, प्रदर्शन, धाराप्रवाह, प्रसङ्ग, सक्रिय, सहभागिताः पक्ष, उल्लेख, खाद्यसामग्री, निःशुल्क, औषधि, क्षमता, व्यापक चञ्चलता, विचार, उन्मुक्त, अन्यत्र, आकर्षक, गन्ध, दृष्टि, प्रचलित, पतीक्षा, अवसर, सीमा, स्वच्छन्द, क्षणिक, एकान्तता, अभिव्यक्ति, यदाकदा, अनुत्तरित, स्वचालित, इतर, भावावेश, त्रिकोण ।

### ४.४ कागजको बत्ती

#### ४.४.१ कथानक

'कागजको बत्ती' चरित्रप्रधान कथा हो । राजनैतिक क्षेत्रमा देखिएको विकृतिलाई कथाको मूल विषयवस्तु बनाइएको छ । कथा सरल र रैखिक ढाँचामा संरचित छ । कथानकमा कुनै उपकथानक समाविष्ट छैन । ग्रामीण क्षेत्रबाट सुरू भएको यो कथा एउटै क्षेत्रमा सकिन्छ । प्रस्तुत कागजको बत्ती कथाको कथानकलाई आदि, मध्य र अन्त्य भाग गरी यस प्रकार विश्लेषण गरिन्छ ।

#### क) आदि भाग

कुनै ग्रामीण मेलामा त्यस क्षेत्रका सांसद र उनका सहयोगीहरू बदाम र सुन्तलाले आनन्द लिएको प्रसङ्गबाट कथाको आदि भागको प्रारम्भ हुन्छ । सांसदको समुहमा सडक ग्राभेल गर्ने कुरा हुन्छ । चाप्लुसहरूले कुरामा चिल्लो घस्छन् । दाह्रीवालले चाप्लुसको विचारमा व्यङ्ग्य गर्छ । त्यस समूहका विभिन्न व्यक्तिले सडकलाई आ-आफ्नो योजना अनुरूप डोऱ्याउँछन् । दाह्रीवाल आफूले उम्मेदवारीको टिकट नपाएकाले ऊ सांसदको विरोध गरिरहन्छ । यत्तिकैमा सिमलचौरको पुलको निर्माणको कुरा दाह्रीवालले पोख्छ । सांसदले पन्छाउँछन् । कुरै कुरामा झोलुङ्गे पुल, डाडाँगाउँको प्रस्तावित मा.वि., हरिचौरको खानेपानी,

चिसापानीको हेल्थपोष्ट, आदि सबै योजनाको कुरा चल्छ । मेलामा चलेको यो चर्चाले सांसदको सहयोगी समूह अझै साँघुरिन्छ । त्यो देखेर अन्य मेलाका दर्शकहरू पनि जिज्ञासावंश त्यहीँ झुम्मिन्छन् । एक जनाले नेताले आफ्नो नोटबुकमा विकासका योजना टिप्न थालेको कुरा बताउँछ । सबैले आ-आफ्नो गुनासो टिपाउन थाल्छन् । स्कुलको छाना हुरीले उडाएको नहर निर्माण, भकुण्डे काँटमा तटबन्ध निर्माण, प्रा.वि. लाई नि.मा.वि. बनाउने, खाद्यान्न, मन्दिर निर्माण आदि अनेकौँ योजना टिपाउन सबैले नेतालाई घेर्छन् ।

**ख) मध्य भाग**

नेताजी नोटबुकका पाना भर्दै जान्छन् । भीडले नेताजी पुरिने सम्भावना बढे पछि नेताजीले सबैलाई बस्न आग्रह गर्दै पालै पालो समस्या टिप्न आग्रह गर्छन् । भीडबाट एउटाले अन्कनाउँदै आफ्नो जारीमुद्दा टिपाउँछ । नेताजीले न्यायाधीशलाई भनिदिने आश्वासन दिन्छन् । अन्य व्यक्तिहरूले पनि छोरालाई जागिर, विवाह मुद्दा, प्रधानाध्यापक सिफारिस, घरपायक सरूवा, सार्वजनिक जग्गा हडप्ने आदि टिपाएर अनेकौँ समस्या नेताजीले आफ्नो नोटबुकमा भर्छन् । साझँ परेपछि नेताजी सहयोगीसहित विश्राम गन्तव्यतिर लाग्छन् र कथाको मध्य भाग सकिन्छ ।

**ग) अन्त्य भाग**

साँझ परेपछि साहुनीको भट्टी पसलमा नेताजीको विश्राम स्थलको टुङ्गो लागेपछि कथाको अन्य भाग सुरू हुन्छ । पसलको एउटा कोठामा पप्लु खेल सुरू हुन्छ । रातभरि पप्लु चलिरहन्छ । बेलाबेलामा नास्तापानी आपूर्ति गर्न साहुनी झुल्किन्छिन् । रात छिप्पिँदै गएपछि अचानक पेट्रोमेक्स (बत्ती) निभ्छ । कसैले तास नमिसाउनु भन्छ । कोठालाई उज्यालो पार्न अन्य चिज केही पाँइदैन । एक जनाले साहुनीसँग तेल माग्छ तर सकिर्मटार साहिँलीको भट्टीमा बिजुली पुऱ्याउने योजना थप्न नेतालाई व्यङ्ग्य गर्छ । नेताजी आफूले दिनभरि टिपेका गाउँलेका समस्या र ग्रामीण विकासको योजना बोकेको नोटबुक बाल्न आदेश दिन्छन् । नोटबुकका पानाहरू बिस्तारै पालैपालो जल्न थाल्छन् र पप्लु पनि सुचारू रूपले चल्न थाल्छ । जल्दाजल्दै नेताजीको आफ्नै समस्याको एउटा पन्ना चाहिँ खल्तीमा राखिन्छ । बिहान हुन्जेल सम्म पप्लु चलिरहन्छ र नोटबुक पनि सकिन्छ । यत्तिकैमा कथानक पनि सकिन्छ ।

### ४.४.२ पात्र वा चरित्र

प्रस्तुत कथा 'काजगको बत्ती' मा नेताजी र दाह्रीवाल गरी दुई मुख्य पात्र उपस्थित छन् । ती बाहेक अन्य थुप्रै पात्रहरू नेपथ्य रूपमा आएका छन् । नाम नखुलेका ती पात्रहरू बाहेक मुख्य पात्रका रूपमा 'नेताजी' र 'दाह्रीवाल' लाई चरित्रका रूपमा निम्नानुसार विश्लेषण गर्न सकिन्छ ।

**क) नेताजी**

नेताजी यस कथाको मुख्य पात्र हो । नाम नखुलाइएकाले यस पात्रले मूलतः नेपाली समग्र नेताहरूको प्रतिनिधित्व गरेको छ । नेताजी यस कथामा नकारात्मक चरित्र लिएर उपस्थित भएको पात्र हो । ऊ अत्यन्तै अवसरवादी पात्र हो । जनतालाई झुटो आश्वासन दिएर भोट पाउने नेताहरूको प्रतिनिधित्व उसले गरेको छ ।उच्चपद अर्थात् सत्तामा पुगिसकेकपछि जनताका माग र समस्याहरू नेताजीका विलासमा कसरी खरानी हुन्छन् भन्ने कुरा नेताजीको रात्री खेल पप्लुबाट प्रष्टिन्छ । कथामा नेताजी अत्यन्त अनुत्ररदायी र गैरजिम्मेवारी पात्रका रूपमा देखिएको छ ।     नेताजीयस कथामा नेपाली राजनीतिमा यस्तै गैरजिम्मेवारी काम गर्ने भ्रष्टाचारी नेताहरूको प्रतिनिधित्व गरेकाले ऊ वर्गीय पात्र हो ।

**ख) दाह्रीवाल**

दाह्रीवाल यस कथाको अर्को प्रमुख पात्र हो । नेपाली राजनीति र प्रशासन लगायत धेरैजसो सामाजिक निकायहरूमा अर्काको खुट्टा तान्ने र आलोचना गर्ने पात्रहरूको प्रतिनिधित्व दाह्रीवालले गरेको छ । व्यङ्ग्य गर्न अत्यन्त सिपालु दाह्रीवाल नेताजीको सहयोगीका रूपमा देखिए पनि उसको परिचय कथामा दिए अनुसार ऊ पनि अवसरवादी देखिन्छ । आफ्नै सहयोगीबाट पन्जावीको उपनाम पाएको दाह्रीवाल कतु व्यङ्ग्य गर्न चुक्दैन त्यसैले ऊ चलाख र धूर्त पात्र हो ।

उपर्युक्त उदाहरणबाट ऊ व्यङ्ग्य र आलोचना गर्ने पात्रका रूपमा देखिए पनि नेताहरूकै चाप्लुसीमा लाग्ने पात्रका रूपमा कथामा प्रकट भएको छ । उसले बोकेको चरित्रले अरूलाई होच्याउने र तल खसाल्ने प्रवृत्ति भएका चाप्लुसहरूको प्रतिनिधित्व गरेकाले ऊ वर्गीय पात्र हो ।

**ग) अन्य पात्रहरू**

प्रस्तुत कथामा नेताजी र दाह्रीबाले बाहेक अरू सबै पात्रहरू गौण पात्रका रूपमा उपस्थित भएका छन् । कथामा घटनालाई गति प्रदान गर्न सांसद, शङकरको छोरा, नाम नखुलाईएका नेताको दाहीने र देब्रे वस्ने पात्रहरू छन् । त्यसै गरी श्यामबहादुर, हरिमोहन, रविकान्त, मधुविलास, साहुनी, मार्दिटार साहिँली लगायतका पात्रहरू गौण पात्रका रूपमा देखिएका छन् । यिनको कथामा उपस्थिति भूमिका पनि देखिदैन । त्यसैले यी सबै गौण पात्र हुन् ।

**४.४.३ परिवेश**

प्रस्तुत 'कागजको बत्ती' कथाको परिवेश नेपाली ग्रामीण भेगको रहेको छ । ग्रामीण परिवेश लाग्ने मेलाको वर्णन गरिएकोले कथा ग्रामीण परिवेशमा आधारित छ भन्न सकिन्छ । मेलाको प्रसङ्ग सुन्तला र बदाम खाएको वर्णन, ग्र्यावेल बाटो, झोलुङ्गे पुल आदिले ग्रामीण परिवेशलाई झल्काएका छन् ।

नदी पारिको घरको प्रसङ्ग टारसिचाई आदि प्रसङ्ग ग्रामीण परिवेशका द्योतक हुन् । मेलामा मानिसहरू समूहमा झुम्मिनु, नेतालाई देख्ने बित्तिकै घेर्नु, कान्छीको भट्टीपसलमा टुकी बालिनु, पत्रपत्रिका नभेटाइनु आदिले निम्न वर्गीय मानिसहरूको बसोबास रहेको नेपालको पहाडी जिल्लाको दुर्गम क्षेत्रलाई सङ्केत गरेको छ ।

**४.४.४ उद्देश्य**

कागजको बत्ती सामाजिक यथार्थवादी कथा भएकाले कथाके मूल उद्देश्य सामाजिक विकृति र कुसंसरको यथार्थ झलक प्रस्तुत गर्नु रहेको देखिन्छ । कथाको मूल पात्र 'नेताजी र तिनका सहयोगीहरूको विकृत आचारणलाई कथाले छर्लङ्ग पारेको छ । सीधा साधा जनतालाई खोक्रो आश्वासन र प्रलोभन देखाएर उनीहरूको आशामाथि नराम्रोसँग खेलवाड गर्ने नेताहरूको प्रवृत्ति अत्यन्तै निन्दनीय छ । आफ्नो मोजमस्तीका अगाडि जनतालाई किरा सम्झने राजनीतिक कार्यकर्ता कै कारण दे दुर्गतिमा परेको हो भन्ने मूल तथ्यलाई यस कथाले अघि सारेको छ । देशका विकासका योजनाहरू कसरी नेताको विलासी आचारणका कारण आगोमा धुँवा बनेर उड्छन् भन्ने मूल यथार्थ झल्काउनु नै यस कथाको मूल उद्देश्य रहेको देखिन्छ ।

### ४.४.५ दृष्टिविन्दु र भाषाशैली

कागजको बत्ती चरित्रप्रधान कथा हो । सूक्ष्म कथानकमा चारित्रिक प्रधानताले स्थान पाएको छ । कथामा कथाकार स्वयंले सम्पूर्ण कथानाकको बेलि विस्तार गरेकाले कथामा तृतीय पुरूष दृष्टिविन्दु प्रयुक्त छ । कथाको भाषिक संरचना सरल छ । छोटाछोटा वाक्यको संयोजन गरिएको छ । जटिल वाक्यको कमी छ । तत्सम र तद्भव शब्दको बाहुल्य छ भने आगन्तुक शब्द प्रासङ्गिक कथनमा मात्र प्रयोग गरिएका छन् । यस कथामा प्रयोग भएका केही शब्दहरू यसप्रकार छन् :

**संस्कृत तत्सम शब्दहरू :-** प्रसङ्ग, विविध, राजमार्ग, ऋण, माननीय, केन्द्रीय, क्षेत्रीय, आदर्शता, श्रमदान, प्राविधिक, आश्वासन, अध्यक्ष, प्रयत्नरत, अधिवेशन, विभाग, प्रस्तावित, स्वीकृति, तटबन्ध, आयोजना, आपूर्ति, पर्याप्त, प्रयत्नरत, सार्वजनिक, उपस्थिति, पर्याप्त, सेवानिवृत्त, अत्यावश्यक

**केही आगन्तुक शब्दहरू :-** बदाम, खपत, बैङ्क, सर्भे, सडक, दरखास्त, चाप्लुसी, पायक, चल्तापुर्जा, ठेला, दिमाग, वजन, स्कुल, नोतबुक, हेल्थपोष्ट, पाइन्ट, नहर, डिसमिस, टाइपिष्ट, ठेक्का, नास्ता, प्लेट, पप्लु, तास, पेट्रोल, कोट, पपटिप,

**केही टुक्काहरू :-** फन्का मार्नु, चाप्लुसी घस्नु, व्यङ्ग्य कस्नु, विचार बिसाउनु, कुरा घुमाउनु, टाउको दुखाउनु, गन्ध थप्नु, ताकेता गर्नु, कुरा थप्नु, नशामा रङ्गाउनु, गति लिनु ।

प्रस्तुत कथामा कथाकारले संवादको अधिक प्रयोग गरेका छन् । वर्णनात्मक शैलीको न्यून प्रयोग र संवादात्मक शैलीको अधिक प्रयोगले कथा नाटकमय बन्न पुगेको छ । वर्णन शैलीमा कवितात्मक शैली प्रयुक्त छ । पन्जाबी पनि, दाँत मात्रै देखायो, सडकको शीत, सांसद सदस्य, उचाल्न खसाल्न जस्ता अनुप्राश युक्त शब्दले भाषालाई कवितात्मक बनाएका छन् ।

## ४.५ महादेव मसला

### ४.५.१ कथानक

महादेव मसला को कथानक कुनै नाम नतोकिएको गाउँको घोप्टे ओडार र पिपलचौरको सेरोफेरोमा घुमेको छ । घोप्टे ओडारमा भएको महादेवको उत्पत्तिको घटनासँगै कथानकको सेरोफेरो घुमेको छ ।

कथानकको आरम्भ मै साँझपख घोप्टे ओडारमा साक्षात् महादेवको उत्पत्ति भएको हल्ला गाउँभरि फैलिन्छ । गाउँलेहरू उत्साहित देखिन्छन् । दर्शनका लागि गाउँलेहरूको उत्सुकता बढ्दै जान्छ तर गाउँका पण्डित, पुजारी र भद्र भलादमीले एउटा नियम बनेर शुभ तिथि नतोकिएसम्म दर्शन गर्न नपाउने निर्णय हुन्छ । त्यस निर्णका पालनका लागि छोप्टे ओडारनजिकै घर भएको जुमार्त घर्तीले जिम्मा पाउँछ ।

दिउँसो माध्यमिक विद्यालयको चौरमा गाउँलेहरू जम्मा भएपछि कथाको मध्य भाग आरम्भ हुन्छ । यस घटनाको एक मात्र प्रत्यक्षदर्शी गम्भीरे खत्रीले महादेवको उत्पत्तिको बेलिविस्तार लगाउँछ । यसै क्रममा साहिँला पण्डितले मङ्गलबार महादेवको दर्शन गर्ने प्रस्ताव राख्छन् । गाउँका गणेश मन्दिरका पुजारीले समर्थन गर्छन् । मीडबाट एक जनाले महादेवलाई चढाउने भोगका बारेमा सोध्छन् । भीडबाट अनेकौ अन्तर आउँछन् । बलि चढाउने, कुन दिशा पार्ने मन्दिर कहाँ बनाउने, आदि अनेकौं तर्क हुन्छन् । पुजारी र साहिँला पण्डितले मन्दिर नबनाई दर्शन गर्ने तर्क राख्छन् तर मन्दिर नबनीकन दर्शन नगर्ने कुराको टुङ्गो लागेपछि कथाको आरम्भ भाग सकिन्छ ।

अर्को दिन महादेवको दर्शनका लागि एक हुल मानिस घोप्टे ओडारतिर लागेपछि कथाको मध्यभागको आरम्भ हुन्छ । ओडारको मुखमा पुगेर दर्शन गर्न लाग्दा पुजारी झस्किन्छन् । त्यसको रहस्य छोप्न रूमालले महादेवलाई ढाक्छन् । मन्दिरको दशृन रोकिन्छ । अर्को दिन मन्दिर निर्माणको विषयमा गाउँमा ठूलो विवाद हुन्छ । केहीले मन्दिर पिपल चौरमा बन्नुपर्ने अडात राखछन् भने कसैले मन्दिरको कम्पाउन्डमा बनाउनुपर्ने अडान राख्छन् । यो विवाद रूपान्तरित हुँदै नारामा बदलिन्छ । गाउँलेहरूको दुई गुट बीच तानातान हानाहान हुँदै त्यसले युद्धको रूप लिन्छ । भोलिपल्ट पुजारीले घोप्टे ओडार भित्रको वास्तविकता विपक्षी साहिँला पण्डित र रामजी रानालाई सुटुक्का सुनाउँछन् तर उनीहरूले पनि यस विषयलाई लिएर स्वार्थ पूर्ति गर्ने बहानामा पचाइदिन्छन् ।

भोलिपल्ट पनि जुलस र नाराहरू चर्किन थाल्छन् । ढुङ्गामुढाहरूद्वारा आक्रमण गरिन्छ । लट्ठी, अस्त्रशस्त्र सबै प्रयोग गरिन्छ । रामे र श्यामे दुई दाजुभाइ बीच पनि हानाहान हुन्छ । काला, छुरा, लाइन स्टिक, चेन, प्रयोग गरिन्छन् । धेरै घाइते हुन्छन् । उता पण्डित र रानाले घाइतेको नाममा राजनीति गर्ने विचार गर्छन् । रनबीरे मर्दछ र उसको लाश गाउँभरि परिक्रमा गराइन्छ । सहिद घोषणा गरिन्छ । उसका आमा बुबा रून पनि पाउँदैनन् । उनीहरूलाई छोराले शाहदत प्राप्त गरेको खुसीमा अबिर दलिन्छ । यसै क्रममा मर्नेको सङ्ख्या बढ्दै जान्छ र कथाको मध्य तथा उत्कर्ष भाग टुङ्गिन्छ ।

जिल्ला भरिका नेताहरू त्यस गाउँमा ओइरिएपछि कथाको अन्त्य भागको आरम्भ हुन्छ । वादविवाद चल्छ । राजधानीबाट हेलिकोप्टर ओर्लिन्छ र घाइतेहरू हेलिकोप्टरबाट घाइतेहरूलाई राजधानी लागिन्छ । नेताहरू हेलिकोप्टर कोचिएर उड्छन् तर ती घाइतेहरूको रेखदेखका लागि उनका परिवारहरू चाहिँ पैदलै लाग्छन् । महादेवको दर्शनबाट उठेको पैसाले विद्यालयको छात्रावास बनाउने निर्णय गरिन्छ र विवादको टुङ्गो लाग्छ । उता पुजारी भेटी लिएर गाउँबाटै गायब हुन्छन् । अन्त्यमा महादेव उत्पत्तिको रहस्य खुस्छ । वास्तवमा के भएको हुन्छ भने भीमे धर्ती खेततिर जाँदा श्रीमती पार्वतीले एउटा लोहोरो हुने खालको ढुङ्गो ल्याउन आग्रह गरेकी हुन्छे । घर्तीले खोलाबाट टुङ्गो ल्याउँदा ठूलो पानी परेपछि घोप्टे ओडारमा ओत लाग्छ । पानी रोकिए पछि घर फर्किदा लोहोरो ओडारमै बिर्सन्छ । त्यही लोहोरोलाई गाउँलेबासीहरूले महादेवको प्रकट भएको ठानी गाउँमा त्यति ठूलो घटना हुन पुग्छ । गाउँ भने यस घटनाको छेउ टुप्पो फेला नपारेर टोलाइरहन्छ र कथानक टुङ्गिन्छ ।

### ४.५.२ पात्र वा चरित्र

प्रस्तुत 'महादेव मसला' कथमा साहिला पण्डित, रामजी राना र पुजारी मुख्य पात्रका रूपमा उपस्थित भएका छन् भने सहायक पात्रका रूपमा गम्भीरे खत्री, जुमाने घर्ती, रामेश्यामे, रनवीरे, धने, हेमन्ते, पार्वती, पार्वतीको लोग्ने, जुठे, हर्के, रामे, गौण पात्रका रूपमा उपस्थित भएका छन् । उपर्युक्त पात्रहरूलाई क्रमशः तल विश्लेषण गरिन्छ ।

#### क) साहिँला पण्डित

साहिला पण्डित यस कथाको मुख्य पात्र हो वास्तविक नामका लट्टामा साहिला पण्डितको नामले कथामा देखिएकाले यिनको चरित्र वर्गीय देखा पर्छ । साहिला पण्ठितले सोझा जनतालाई ठगेर हालीमुहाली गर्ने प्रवृत्तिका शोषकहरूको प्रतिनिधित्व गरेका छन् । राजनीतिमा

असफल भए पनि ठगी प्रवृत्तिमा सफल भएर आफ्ना समकक्षीलाई पछाडि पार्न पाउँदा साहिला मख्ख देखिन्छन् । कथामा साहिला पण्डित खल पात्रका रूपमा उभिएका छन् । घर्तीले लोहोरा बनाउन ल्याएको ढुङ्गो घोप्टे ओडारमा छोडेपछि त्यसैलाई महादेवको उत्पत्ति भएको भनी भ्रम बाडेर आफू सम्पन्न र महान् बन्न खोज्ने साहिँला पण्डित एकदमै धूर्त, फटाहा र जाली पात्रका रूपमा कथामा प्रस्तुत भएका छन् । मञ्चनका दृष्टिले मञ्चीय पात्रका रूपमा देखिएका यिनी आवद्धताका दृष्टिले वद्ध पात्र हुन् ।

**ख) रामजी राना**

रामजी राना यस कथाका मुख्य पात्र हुन् । यिनको चरित्र द्वेध किसिमको देखा पर्छ । गा.वि.स. अध्यक्षको पद समेत सम्हालेका यिनले कथामा आफ्नो चरित्रलाई लुकाउन खोजेको जस्तो देखिन्छ । विरोधीको विचारलाई जसरी भए पनि गलत साबित गर्न खोज्ने रानाजी हटी प्रवृत्तिको देखा पर्दछ । स्कुलको प्राङ्गणमा मन्दिर बनाउनुपर्छ भन्ने प्रस्तावको विरोध गरेको रानाजी स्कुल प्रेमी देखिए पनि उसको अहङ्कारले गर्दा गाउँमा उत्पात मच्चिएको छ । अन्धविश्वास र आडम्बरी धर्मको उसले विरोध गरेकाले रानाजी प्रगतिशील पात्रका रूपमा कथामा देखिएको छ । रानाजी आफ्नो हट नत्याग्ने जनताको जीवन र विश्वास भन्दा आफ्नो सिद्धान्त र हैकम ठूलो हो भन्ने ठान्ने ठालुहरूको प्रतिनिधि पात्र भएकाले वर्गीय चरित्रका रूपमा देखिएको छ । मञ्चनका दृष्टिले रानाजी मञ्चीय पात्र हो । स्वभावका आधारमा स्थिर र खल पात्रका रूपमा उभिएको रानाजी आवद्धताका दृष्टिले बद्ध पात्रको रूपमा देखिएको छ।

**ग) अन्य पात्रहरू**

कथामा साहिला पण्डित र रामजी राना बाहेकका थुप्रै सहायक तथा गौण पात्रहरूको उपस्थिति देखिन्छ । प्रकटित महादेवका एक मात्र दर्शक गम्भीरे खत्री, मन्दिरका पुजारी, जुमाने घर्ती, हर्के, रामे श्यामे, रनवीरे, धने, हेमन्ते र पार्वती आदि पात्रहरू गौण पात्रका रूपमा उपस्थित भएका छन् । कथानकको विस्तार र गतिमा महत्वपूर्ण भूमिका खेले पनि यी पात्रहरूको वर्ग निर्धारण गर्न सकिँदैन, कोही मञ्चीय छन् भने घटनाका सहायक भएर काम गरेका यी पात्रहरू कथाको उद्देश्य पूर्तिका लागि महत्वपूर्ण देखिएका छन् ।

### ४.५.३ परिवेश

प्रस्तुत 'महादेव मसला' कथा नेपालको मध्य पहाडी ग्रामीण भेगको परिवेशलाई समेटेर लेखिएको छ । घोप्टे ओडार नेपालको पहाडी ग्रामीण भेगकै तस्वीर हो भने पीपल चौरले ग्रामीण स्कुलको परिवेशलाई लक्षित गरेको छ । पुजारी, पण्डित, गा.वि.स. अध्यक्ष जसता नाम र पदले ग्रामीण समाजकै भित्र उतारेका छन् । सिलौटाको लोहोरो खोजन खोलामा गएका कुरा पनि ग्रामीण घटना हुन् । सोझा गाउँलेलाई थोरै शिक्षित तर फटाहा व्यक्तिले झक्याउने प्रवृत्ति पनि गाउँमै भेटिन्छ । यस्तै प्रकारको घटना घटेकाले पनि यस कथामा ग्रामीण परिवेश जीवन्त बनेको छ । प्रस्तुत कथाले इङ्गित गरेको गाउँमा मोटर बाटोको कुनै उल्लेख छैन । घाइतेहरूलाई अस्पताल पुऱ्याउन हेलिकप्टर आएको र घाइतेका बाबुआमा पैदलै अस्पताल जानुले विकट पहाडी भेगको परिवेश देखिएको छ । ईश्वरप्रति अत्याधिक आस्था राख्ने सोझा गाउँलेहरूको मन्दिर निर्माणका लागि देखिएको उत्साह ग्रामीण परिवेशमै सम्भव देखिन्छ । उपर्युक्त सबै घटना र वस्तुस्थितिले प्रस्तुत कथाको परिवेश ग्रामीण पहाडी परिवेश हो भन्ने निर्धारण गर्न सकिन्छ ।

### ४.५.४ उद्देश्य

प्रस्तुत कथा घटना प्रधान भएकोले कथाकारले घटनाका माध्यमबाट चरित्रको पर्दाफास गर्दै ग्रामीण समाजमा हुने अन्धविश्वास राजनीतिको फोहोरी खेलको परिणामलाई देखाउने उद्देश्य रोखेको देखिन्छ । कथामा चरित्रलाई घटनाले नै निर्धारण गरेको हुनाले चरित्रहरू घटनासँगै तानिएका छन् । कथाकारले चरित्रहरूलाई जर्वजस्ती घटनामा आवद्ध गराएर गाउँका सामन्ती चरित्रको कर्तुतलाई देखाउन खोजेका छन् । ग्रामीण भेगमा अशिक्षित जनताको अन्धविश्वासमा पौडि खेल्ने पाखण्डी व्यक्तिहरू नै उच्च दर्जामा बसेका हुन्छन् । आफ्नो स्वार्थ, राजनीति खिचातानीका कारण अरूको भावनामा खेलवाड गर्ने आडम्बरी राजनेता, पुरोहित र ठूलाबडाको चरित्रलाई उदाङ्ग पार्नु नै यस कथाको उद्देश्य देखिन्छ ।

### ४.५.५ दृष्टिविन्दु र भाषाशैली

प्रस्तुत कथामा तृतीय पुरूष दृष्टिबिन्दु (कथापद्धति) प्रयुक्त छ । आञ्चलिक परिवेशलाई समेटेर याथर्थ घटनाको व्यङ्ग्यात्मक प्रस्तुति गरिएकाले कथामा मिश्रित शैलीको प्रयोग गरिएको पाइन्छ । कथालाई सुन्दर बनाउन प्रयोग गरिने पद्धति नै शैली हो । कथाकार सिंह सामाजिक राजनितिक र साँस्कृतिक विकृतिको अभिव्यञ्जन गर्ने कथाकार भए पनि उनको

अभिव्यक्तिगत शैली भने सरल छ । कथामा मिश्र वाक्य र जटिल वाक्यको संयोजन अत्यन्त न्यून छ । तत्सम तथा आगन्तुक शब्दहरूको प्रचुर प्रयोग भएको पाइन्छ । यस कथामा प्रयोग भएका केही शब्दहरू

**संस्कृत तत्सम शब्द** : साक्षात., प्रतिस्थापन, अन्तर्ध्यान, नवोदित, सेवार्थ, विराजित, वञ्चित, छात्रावास, बिजारोपण, कटिबद्ध, स्वेच्छिक, परिक्रमा, समर्थित, अस्त्रशस्त्र, कुसंयोग, नामकरण, यथावत्, पदचिह्न, प्रफुल्ल मुद्रा, प्रत्यक्षदर्शी

**आगन्तुक शब्दहरू** : बबन्डर, कम्पाउन्ड, इन्क्लाब जिन्दावाद, पार्टी जुलुस, स्कुल, दलाली, अल्मुनियम, हैसियत, रौनक, नाइनस्टिक, साइकल, छुरा भाला, घायल, सहिद, बेहोस, हेलिकोप्टर, मसला, हिसाबकिताब

**उखानटुक्का** : राय राख्नु, प्रतिस्थापन गर्नु, मख्ख पर्नु, वञ्चित हुनु, बबन्दर मच्चाउनु, विसर्जन हुनु, उत्साह भर्नु, टाउको जुधाउनु, थान्को लाग्नु, फन्का लगाउनु, होस खुल्नु, फलामका च्युरा हुनु, दिशा तताउनु, लामो सास फेर्नु आदि ।

उपर्युक्त शब्दहरूले कथामा भाषिक मिठास प्रदान गरेको पाइन्छ । वाक्य गठनका दृष्टिले यस कथामा सरल र संयुक्त वाक्यहरूको बढी प्रयोग गरिएको छ । अनुच्छेद योजना पनि आख्यानोचितमा नै रहेका छन् । कथामा संवाद पक्षभन्दा वर्णनात्मक शैलीको बढी प्रयोग भएको पाइन्छ ।

## ४.६ सुखिया र सालको पोथ्रा

### ४.६.१ कथानक

गोरखबहादुर सिंहद्वारा लिखित सुखिया र सालको पोथ्रा कथा पूर्वी तराईको ग्रामीण भेगमा कम्लरी राखिएकी एउटी सोह्रवर्षे युवतीको अन्तर्मनको विश्लेषण गरिएको उत्कृष्ट कथा हो । कथानक ढाँचाले हेर्दा यसमा वृत्ताकारीय ढाँचाको प्रयोग गरिएको छ । वृत्ताकारीय ढाँचामा लेखिएका कथाहरूमा घटनाको क्रमबद्ध श्रृङ्खला मिलाइएको हुँदैन अथवा आदि मध्य र अन्त्यको क्रमभङ्ग गरेर घटनाहरूलाई प्रस्तुत गरिएको हुन्छ । यस सुखिया र सालको पोथ्रा कथामा भएका घटनाक्रमहरूको विकासलाई आदि मध्य र अन्त्यका क्रममा यस प्रकार प्रस्तुतन गर्न सकिन्छ ।

## क) आदि भाग

प्रस्तुत कथामा रूखको हाँगामा जोडी ढुकुरको प्रणय क्रीडा देखेर सुखियाले छिः भन्दै लजाएर ती जोडी ढुकुरको प्रणयक्रीडाबाट आफ्नो कामवेगलाई शान्त पारेको घटनाबाट कथाको आरम्भ हुन्छ । ढुकुरको प्रणय क्रीडा देखेर सुखियाभित्र सल्बलाइरहेको यौवनले यौन तृप्तिको चाहना गर्छ । आफ्ना बढिरहेका यौन अङ्गहरूमा सुखिया हराउँछे । तिनको उपभोगको कल्पना गर्छे र आफ्नो मगनी भएको केटा बेछवाको कल्पना गर्न थाल्छे । ऊ आफ्नो अतीतलाई सम्झन्छे । ऊ सात वर्षकी हुँदा बेछवासँग उसको मगनी भएको हुन्छ, उसले त्यतिबेला बेछवालाई हेर्न सकेकी हुँदिन । पछि एक दुई पटक उसको बाबु मान्न आउँदा उसले लुकेर बेछवालाई हेरेको भरमा अहिले उसको कल्पना गर्छे । आफू अनपढ भएकाले बेछवाको उमेर ऊ अन्दाज गर्न सक्दिन । फेरि ऊ अतितमा डुब्छे आफु बेचिएको वर्ष भाइ जन्मिएको दोस्रो माघीमा माछा मार्दा ढुङ्गामा चिप्लिएर खुट्टाको कान्छी औंला भाँचिएको, तेस्रो वर्षदेखि जमिन्दारको घर उसको सम्धी आउन थालेको कुरा सम्झेर ऊ आफ्नो उमेर र बेछवाको उमेरको तुलना गर्छे । ऊ फेरि अर्न्तमनमा आफैसँग कुरा गर्न थाल्छे । बेछवा जमिन्दारको घर नगई आफ्नो घरमा गए हुन्थ्यो भन्ने तर्क गर्छे । यत्तिकै कथाको आदि भाग टुङ्गिन्छ ।

## ख) मध्य भाग

कथाको मध्य भागमा सुखियाको दिदी र दाजुको विवाह गरिदिने सल्लाह आमाबाबुले गर्छन् । उनीहरू गरिब भएकाले उनीहरू त्यसो गर्न सक्ने देखिँदैन । अर्कोतिर बेछवा पनि १५ वर्ष नाघिसकेको हुन्छ । बेछवाका बाबुले वर्षको पाँचसयका हिसाबले छ वर्षका लागि बेछवालाई जमिन्दारकहाँ बेचिदिन्छन् । उता वर्षैदेखि पेटको बिरामीले बेछवाकी आमा अस्पताल जान नपाइकनै मर्छिन् । बेछवाको गाउँ र उसलाई किन्ने जमिन्दारको गाउँमा ओहोर दोहोर गर्ने बाटो सुखियाको गाउँदेखि दक्षिणको जङ्गलदेखि हुन्छ । सुखि बेछवासँग भेट्ने आशाले आफ्ना गाईवस्तु पनि त्यस्तै चराउन लैजान्छे । एक दिन अचानक बेछवा जस्तै कुनै व्यक्तिलाई उसले बाटोमा हिँडिरहेको देख्छे । ऊ बेछवालाई बोलाउन खोज्छे तर के भनेर बोलाउने भन्ने कुराले ऊ अलमलिन्छे । उसको मनमा आवेगको आँधी चल्छ तर पनि बेछवा जस्तो देखिने त्यस युवकलाई बोलाउन सक्दिन । त्यस दिनको त्यो घटनाले गर्दा सुखिया निरन्तर मनोद्विग्नतामा बाँच्छे र कथानकको मध्यभाग टुङ्गिन्छ ।

### ग) अन्त्य भाग

कथाको उत्कर्षमा बेछवा जमिन्दारको घरमा बस्दा एक दिन जमिन्दारको सम्धी उसको घरमा आएर दुई दिन बस्दछ, श्रीमतीको मृत्युको कुरा झिकेर ऊ रून्छ पनि । उसको आँखा सुखियातिर जान्छ । एक दिन जमिन्दारले सुखियाको बाबुलाई कुनै कामले अर्को गाउँ पठाउँछ । राति सुत्ने बेलामा सुखियालाई आफ्नो सम्धीकहाँ तेल लगाउन पठाउँछ । सुखिया तर्किन खोज्छे तर घाँघरको लोभ देखाउँछ । उसले घाँघर नचाहिने कुरा गर्छे तर जमिन्दारले उसलाई बाध्य बनाउँछ ।

तेल लगाउने बहानामा सम्धीले उसलाई बलात्कार गर्छ र छोडिदिन्छ । उसले राति नै आमाकहाँ गएर रून्छे तर आमाले पनि प्रतिकार गर्न सक्दिन । त्यसपछि नियमित जसो सम्धी जमिन्दारको घरमा आएर सुखियाको अस्तित्व लुट्न थाल्छ । सुखिया त्यस घरमा नबस्ने इच्छा गर्छे तर छुट्कारा पाउँदिन । ऊ ग्वाला गएका बेला बेछवालाई सम्झन्छे । भेट भएमा चौधरी भनेर बोलाउने कल्पना गर्छे, कल्पनामै रमाउँदा सामुन्ने बेछवालाई देख्छे । बोलाउँछे । दौडेर नजिकै जान्छे तर त्यहाँ बेछवा हुँदैन । मान्छेकै उचाइको सालको पोथ्रा हुन्छ । सुखिया निराश भएर थुचुक्क बस्छे र कथानक सकिन्छ ।

### ४.६.२ पात्र वा चरित्र

प्रस्तुत 'सुखिया र सालको पोथ्रा' चरित्र प्रधान कथा हो । कथामा मुख्य पात्र सुखिया रहेकी छे भने अन्य गौण पात्रहरूमा जमिन्दारको सम्धी, बुबा, बेछवा, उसकी आमा, बेछवाकी दिदी, दाजु, जमिन्दार, आदि रहेका छन् । यिनलाई क्रमशः निम्नानुसार विश्लेषण गरिन्छ :

### क) सुखिया

सुखिया यस कथाकी प्रमुख पात्र हो । कथामा यौवनअवस्थामा देखिने उद्वेलित चाहनालाई सुखियाले प्रकट गरेकी छे । ऊ जमिन्दारको घरमा पाँच वर्षका लागि बेचिएकी छे । बेचिएर जमिन्दारको घरमा विवशता आँशु पिइरहेकी सखिया भर्खरै जवानीभर टेकेकी पनि मिलनको आशामा बाँच्ने युवतीको प्रतिनिधित्व गरेकी छे । गरिबीमा बाँचेका बुबाआमाले अभावपूर्तिका लागि छोरीलाई कमैया राखिदिएपछि विक्षिप्त बनेकी सुखिया मानसिक रूपमा बिचलित देखिएकी छे । दासप्रथाको परम्परामा बाँधिएकी सुखिया जमिन्दारको घरमा कमैया प्रथामा बाँच्नुपर्दाको पीडालाई आँशुसँग पचाउने त्यस्ता थुप्रै युवतीहरूको प्रतिनिधित्व पात्र

भएकी छे । मञ्चनका दृष्टिले सुखिया, मञ्चनीय पात्र हो भने आबद्धताका दृष्टिले बद्ध पात्र हो ।

**ख) अन्य गौण पात्रहरू**

प्रस्तुत कथामा सुखिया बाहेक प्रायः सबै पात्ररू नेपथ्य रूपमा नै उपस्थित भएका छन् । सुखियाकी आमा, सुखियाका बाबु, जमिन्दार, उसको सम्धी, बेछवा र उसकी आमा, दाजु, दिदी आदिको कथामा गौण उपस्थिति देखिन्छ । बेछवा सहायक पात्र बनेर आए पनि उसको कथामा प्रत्यक्ष उपस्थिति देखिँदैन । कथाका उपर्युक्त सबै पात्रहरू गौण पात्रका रूपमा उपस्थित भएका छन् ।

**४.६.३ परिवेश**

प्रस्तुत 'सुखिया र सालको पोथ्रा' कथा पूर्वी नेपालको तराई क्षेत्रमा पर्ने ग्रामीण परिवेशमा आधारित छ । कमैया प्रथा, जमिन्दारको घर, सम्धीको आगमनमा तेल लिएर सेवा गर्नुपर्ने, गाउँको वातावरण गाउँको नजिकै जङ्गल, गाईबस्तु चराउन लैजाने कुराको उल्लेख गर्दा कथाको परिवेश पूर्वी तराईको ग्रामीण भेग हो भन्ने कुराको सङ्केत भेटिन्छ । पौवाको छहारीमा बसेर बेछवाको प्रतीक्षामा अनेकौँ कल्पना गर्ने सुखिया ग्रामीण भेगकै अवोध र सरल स्वभावकी निश्छल चरित्रकी युवती हो । ऊ बस्ने घर कुनै महल नभएर छाप्रो हो । यिनै घटना र स्थानीय विशेषताले गर्दा प्रस्तुत कथाको परिवेशलाई ग्रामीण परिवेश मान्न सकिन्छ ।

**४.६.४ उद्देश्य**

प्रस्तुत कथा चरित्र प्रधान कथा हो । कथामा सालको पोथ्रालाई सुखियाको उद्वेलित चाहनाको भ्रमका रूपमा प्रस्तुत गरिएको छ । कथाकारको उद्देश्य कथामा सुखियाका माध्यमबाट भर्खरै यौवनावस्थामा पाइदा टेकेकी युवतीका मनमा आफ्नो भविष्यको लोग्ने प्रति कस्तो किसिमको कल्पना खेल्छ तथा यौवनावस्थाको आरम्भमा यौनिक आकर्षणको उद्वेगले युवतीहरूको शारीरिक र मानसिक सङ्घर्षलाइ झन तीब्र बनाउँछ भन्ने भाव भूमि नै प्रस्तुत कथाको उद्देश्य हो ।

### ४.६.५ दृष्टिविन्दु र भाषाशैली

सुखिया र सालको पोथ्रा नेपालको तराई मधेस क्षेत्रको सामाजिक परिस्थिति र निमुखा किसानको छोरीहरूको बिजोगलाई यथार्थ र मानसिक विश्लेषण गरी लेखिएको कथा हो । कथाले आञ्चलिकतालाई समेटेको छ । मनोवैज्ञानिक पद्धतिद्वारा पात्रको विश्लेषण गरिएको छ । चरित्रप्रधान तथा मनोवैज्ञानिक कथा भएकाले कथामा बिम्ब र प्रतीकहरूको प्रयोग गरिएको छ । कथाको भाषाशैली वर्णनात्मक र सरल छ । तत्सम शब्दको मध्यम प्रयोग र तद्भव शब्क्दको प्रचुर प्रयोग छ । सामान्य बोली चालीमा प्रयोग हुने भाषाको संयोजन गरिएको छ । उआन टुककाको सामान्य प्रयोग छ । यस कथामा प्रयोग भएका केही शब्दहरू

**तत्सम शब्द :** प्रणयक्रीडा, दृष्टि, उपस्थिति, लज्जापूर्ण, वसन्तवय, स्वच्छन्द, क्रीडा, सम्पुष्ट, सिर्जित, आत्म लज्जा, प्रश्नोत्तर, प्रतीक्षा, विवशता, सामीप्य, मृत्यु, साहस, मौनविरोध, तृष्णापूर्ण स्पर्श, मध्यस्त, अनुभूति, मादकता, प्रवाह

**आगन्तुक शब्द :** फगुवा, बेछवा, हिसाबकिताब, सुखिया, जमिन्दार, बिरामी, अस्पताल, पौवा, मलम, घाँघर, बरन्डा, लालटिन, दारू

**एखान टुक्का :** उत्ताउलो हुनु, दृष्टि तर्काउनु, पाइला चाल्नु, पन्ध्र नाध्नु, संसार छोड्नु, लामो सास फेर्नु, जाइ लाग्नु, छुट्कारा पाउनु, फन्का मार्न ।

उपर्युक्त शब्दहरू कथाको प्रसङ्ग र पात्रको योग्यता अनुसार प्रयोग गरिएकाले शब्दको बोझ कथामा देखिँदैन । तत्सम शब्दको प्रयोगले कथालाई स्तरीय बनाएको छ । पात्र र कथानक अनुसार भाषाशैलीको प्रयोग गरिएको छ । तृतीय पुरूष दृष्टिबिन्दुको प्रयोग गरिएकाले कथाको भाषाशैली उपयुक्त देखिन्छ । समग्रमा कथाको भाषा शैली सरल स्पष्ट छ ।

## ४.७ तँ सँग पनि दिमाग छ कार्की ?

### ४.७.१ कथानक

प्रस्तुत तँसँग पनि दिमाग छ कार्की ? कथा राजनैतिक विषयवस्तुमा आधारित छ । नेपालको प्रवासनिक पक्षमा आसीन एउटा व्यक्तिको अधिकार दुरूपयोग र प्रहरीको लाचारीपनलाई देखाइएको प्रस्तुत कथा सहरी क्षेत्रमा आधारित छ । प्रस्तुत कथाको कथानकलाई आरम्भ, मध्य र अन्त्य भाग गरी तीन भागमा देखाइएको छ ।

**क) आदि भाग**

कथामा सी.डी.ओ. श्री उमाकान्त ज्ञवालीकी पत्नीलाई कुनै युवकले आँखा झिम्क्याइ दिएपछि उत्पन्न तनावबाट कथाको आरम्भ हुन्छ । सी.डी.ओ. युवकले श्रीमतीलाई आँखा झिम्क्याएपछि तनावग्रस्त बन्छन् । साँझ उनलाई राम्रो सँग खान मन लाग्दैन । उनी त्यसै युवकलाई सम्झेर क्रोधित बनिरहन्छन् । त्यत्तिकैमा जि.शि.अ. चाकडी बजाउन आइपुग्छन् । जुलुशमा भाग लिएको आफ्नो कर्मचारीलाई कारबाही गर्ने अनुमति लिन चाहन्छन् तर सी.डी.ओ.को प्रतिक्रिया देखेर जिल्ल पर्छन् । जि.शि.अ. फर्किन्छन् । फर्किदा गार्डले सलुट गरेपछि सी.डी.ओ.ले शि.जि.अ. लाई गरेको कहिले काहीँ आफ्नो दिमागको पनि प्रयोग गरौँ भन्ने घोचपेचको शब्दलाई सम्झँदै जि.शि.अ. ले ए कार्की तँ सँग दिमाग छ ? भन्ने प्रश्न तेर्स्याउँछन् । कार्की पनि जिल्ल पर्छ र आफूले केही गल्ती गरेको ठानेर माफी माग्छ तर उसले केका लागि माफि मागेको भन्ने खुट्याउन सक्दैन । उता सी.डी.ओ. ज्ञवाली हाँस्छ आफ्नो चरित्रप्रति । ज्ञवालीले कार्कीलाई बोलाउँछ । कार्की तन्किन्छ । ज्ञवालीले कार्कीलाई ऊसँग भएको पेस्तोलमा गोली भएको नभएको बारे सोध्छ । उसलाई गोली चलाउन आउने नआउने कुरा पनि सोध्छ । त्यत्तिकैमा सी.डी.ओ. ले कार्कीलाई अगाडि रहेको क्याक्टसको गमला फुटाउन निर्देश दिन्छ । कार्कीले आफूसँग रहेको पेस्तोल चलाउँछ तर गोली चल्दैन । आफ्नो सुरक्षामा खटिएको सुरक्षा गार्डको पिस्तोल नचले पछि विगतका भिडभाडका घटना सम्झेर सी.डी.ओ. जिल्ल पर्छ । आफूलाई दोषारोपण गर्ने सबैलाई सम्झन्छ । त्यत्तिकैमा एउटी महिला र उनका दुईवटा श्रीमान् झगडा मिलाउन आइपुग्छन् । उमाकान्तले सोधपुछ गर्छ महिलालाई दोस्रो श्रीमान रोजेको भन्ने प्रश्न गर्छ । श्रीमानबाट यौन सन्तुष्टि नमिलेर भागेको कुरा महिलाले खोल्दिनन् । उमाकान्त आक्रोशित बन्न पुग्छ र आफ्नो श्रीमतीसँग भएको घटनालाई सम्झन पुग्छ र कथाको प्रारम्भ भागको अन्त्य हुन्छ ।

**ख) मध्य भाग**

कथाको मध्य भागमा साँझ पख सी.डी.ओ. उमाकान्तकी पत्नी चिया लिएर श्रीमान् समक्ष उपस्थित हुन्छिन् । उमाकान्त श्रीमतीलाई शङ्कालु दृष्टिले कति ओटा हाकिम फेरेको भन्ने प्रश्न सोध्छ । उनी अचम्म मान्छिन् र प्रसङ्ग अर्कोतिर मोड्छिन् । यस कुराले उमाकान्त झनै सशङ्कित हुन्छ र अरू प्रश्न गर्न थाल्छ । आफ्नी जेठी श्रीमती र कान्छीका बीच तुलना गर्छ । शङ्का समाधान हुने बाटो देख्दैन । श्रीमती राधालाई केटोलाई कसरी र कहाँ चिनेको भनी प्रश्न गर्न थाल्छ । उनी असहज मान्छिन् र बाहिरिन्छिन् । ज्ञवाली शौचालय पस्छ र

बाहिर निस्कँदा डिएसपी भुर्तेल भेटिन्छ । ऊसँग त्यस युवकलाई समात्ने योजना बन्छ । युवक समातिन्छ र उसलाई केरकार हुन थाल्छ । उसलाई अनेक आरोपमा अपराधीलाई झैं प्रश्नहरू सोधिन्छ, कुटिन्छ, ऊ घाइते हुन्छ । होस खुलेपछि डीएसपी कार्यालय पुऱ्याइन्छ र जतातते विद्रोहीको आरोपमा तिलक के.सी. अर्थात् धर्के कमिजलाई पक्राउ गरिएको खबर सदरमुकाम भरि फैलिन्छ र कथाको मध्य भाग सकिन्छ ।

**ग) अन्त्य भाग**

युवक तिलक के.सी. पक्राउको खबरले बजारमा आक्रोशले भीड जम्मा हुन थाल्दछ । उत्तेजित भीडले युवकको दाहिने हात पनि प्रहरीको कुटपिटले भाँचिएको खबरले झन् उत्तेजित हुन्छ र चौकीमा पुगेर चक्राउको कारण माग्न थाल्छ । प्रतिनिधि मण्डलसँग वार्ता चल्न थाल्छ । भुर्तेल र ज्ञवालीले कारण बताउन चाँहदैनन. तर कारण बिना कुरो मिल्दैन । विवाद झन् चर्किन्छ । प्रतिनिधिमण्डल बाहिरिन्छ र नाराबाजी हुन थाल्छ । जुलुस नगर फन्का मार्न थाल्छ र यसले आन्दोलनको रूप लिन्छ । ज्ञवालीलाई युवकलाई कारबाही गरेकामा पछुतो लाग्छ किनकि समस्या उग्र र नियन्त्रणभन्दा बाहिर गैसकेको हुन्छ । केन्द्रमा सम्पर्क हुन्छ । युवक विद्रोही भएको समाचार सम्प्रेषण हुन्छ । कर्फ्यु लगाउने बारे विमर्श हुन्छ । अन्त्यमा विद्रोही युवकको बाबुसँग छलफल गरेर कुरा टुङ्याउन खोजिन्छ । युवकलाई ल्याइन्छ र ज्ञवालीले युवकले आँखा झिम्क्याउनुको उद्देश्य उसको जन्मजात झिम्क्याइरहने आँखाको रहस्य खुल्छ । भुर्तेल ज्ञवालीको यस मूर्खतापूर्ण आदेशले मुरमुरिन्छ र ज्ञवाली भने आफ्नो बहुलट्ठीपन प्रति आफै लज्जित बन्छ । मुख्य कुरो कसैलाई थाहा हुँदैन उता युवक छुट्छ । भीडमा पररर ताली बज्छ र कथानकको अन्त्य हुन्छ ।

## ४.७.२ पात्र वा चरित्र

प्रस्तुत कथामा सी.डि.ओ. उमाकान्छ ज्ञवाली, श्रीमती राधा ज्ञवाली, जि.शि.अ. ठाकुर, कार्की, भुर्तेल, युवक तिलक के.सी. प्रत्यक्ष रूपमा कथामा उपस्थित देखिन्छन् । यिनै पात्रहरूलाई क्रमशः तल विश्लेषण गरिन्छ :

**क) उमाकान्त ज्ञवाली**

उमाकान्त ज्ञवाली यस कथाको प्रमुख पात्र हो । कथानक यही पात्रको वरिपरि घुमेको छ । ज्ञवलाी कथामा अहङ्कारी तथा हेकेमवादी पुरूष पात्रका रूपमा देखिएको छ । आफ्नी

श्रीमतीलाई आँखा भिम्क्याउँदैमा त्यसको यथार्थ कारण नबुझी, उसलाई समातेर कुटपिट गर्ने कटुवाल आफ्नी श्रीमतीमाथि पनि शङ्कालु र कमजोर मानसिकता भएको क्रूर पात्रका रूपमा देखा परेको छ । आफ्नो पदको दुरूपयोग गरेर सानालाई बिना गल्ती पनि सजाय दिन तम्सने ऊ एउटा अहङ्कारी पात्रका रूपमा देखिन्छ । कटुवालको अवचेतन उच्चताबोधको ग्रन्थिले पीडित देखिन्छ । आफू जससँग जे गरे पनि हुने तर श्रीमती चाहिँ आफू प्रति सदैव पतिव्रता र चरित्रवर्ती हुनु पर्दछ भन्ने मानसिकता बोकेको ज्ञवाली पुरूषप्रधान समाजको प्रतिनिधि पात्र हो । देशमा प्रजातन्त्रको प्राप्तिपछि पनि उच्च पदमा पुगको ठूलाहरूले सानालाई दुःख दिएर तानाशाह बिउँझाइरहन्छन् भन्ने देखाउने पात्रका रूपमा ज्ञवाली देखिएको छ । स्वाभावका आधारमा हेर्दा ज्ञवाली खल पात्रका रूपमा देखिएको छ । ऊ मञ्चनका दृष्टिले मञ्चीय पात्र हो भने बद्धताका दृष्टिले बद्ध पात्र हो र कथाको केन्द्रीय पात्र पनि हो ।

**ख) अन्य पात्रहरू**

प्रस्तुत कथामा अन्य पात्रहरूमा कटुवालकी श्रमिती राधा, तिलक, भुर्तेल, जि.शि.अ. तिलकका बाबुआमा, डि.एस.पी. रहेका छन् । यी पात्रहरूमध्ये तिलक र भुर्तेल सहायक पात्रका रूपमा उभिएका छन् भने राधा, जि.शि.अ., तिलकका बाबुआमा, डि.एस.पी. गौण पत्राका रूपमा उभिएका छन् । कटुवालकी श्रमिती राधा कमजोर मानसिकता भएकी पात्र हो उसले आफ्नो श्रमिानको गलत क्रियाकलापको विरोध गर्न सकेकी छैन । त्यसैगरी जि.शि.अ., डि.एस.पी. पनि कमजोर चरित्रका देखिएका छन् । अन्त्यमा युवक निर्दोष देखिए पनि कोही उसको विरोधमा बोल्न सकेका छैनन् ।

**४.७.३ परिवेश**

प्रस्तुत 'तँसँग पनि दिमाग छ कार्की ?' कथामा सहरको घटनालाई प्रस्तुत गरिएको छ । सहरको परिवेशलाई सङ्केत गर्न ज्ञवाली पत्नी सहित बजारमा घुमेको कुरा उल्लेख छ । जि.शि.अ., डि.एस.पी., भुर्तेल सबै सहरिया परिवेशका पात्र हुन् कथामा प्रशासन कार्यालय, प्रशरी कार्यालयसँगै रहेको उल्लेख गरिएको छ । आन्दोलन र नाराबाजी जस्ता कार्यक्रम पनि शहरकै क्रियाकलाप छन् । नेपालको पश्चिमी भेगको कुनै जिल्ला सदरमुकामलाई कुनै जिल्ला सदरमुकामलाई आधार मानेर कथाको परिवेश निर्धारण गरिएको छ । कथामा स्थान भने उल्लेख गरिएको छैन । ज्ञवाली र भुर्तेल जस्ता थरहरूले पश्चिम नेपालकै जातित्वलाई

सङ्केत गरेको देखिन्छ । जुलुसले नगर फन्का मारेको कुराले सहरको वातावरणलाई झल्काएको छ । समग्रमा कथामा सहरिया परिवेश चित्रित छ ।

### ४.७.४ उद्देश्य

प्रस्तुत कथामा कथाकारले उच्चपदमा बसेकाले कसरी पदको दुरूपयोग गरी निर्दोषलाई सुताउँछन् भन्ने कुराको उद्घाटन गर्न खोज्नु नै कथाको उद्देश्य हो । कमजोर मानसिकता र अर्कालाई दिमाग नभएको भनी व्यङ्ग्य गर्ने ठूलाबडाले सानो घटनालाई पनि बुझ्न नसक्ने कुरालाई व्याङ्ग्यात्मक रूपमा प्रस्तुत गरी देशलाई हाँस्नेहरूको बौद्धिक क्षमताप्रति तीखो वाण प्रहार गर्नु नै यस कथाको उद्देश्य हो ।

### ४.७.५ दृष्टिविन्दु र भाषाशैली

प्रस्तुत कथा सामाजिक तथा रानजैतिक विषयमा आधारित छ । कथाका हरेक पात्रको मानसिक विश्लेषण स्वयम् कथाकार नै भएकाले । कथामा तृतीय पुरूष सर्वज्ञ दृष्टिबिन्दु ( कथनपद्धति) प्रयोग गरिएको छ । कुनै एउटा पारिवारिक र नैतिक कारणका आधारमा लम्किएको यस कथामा जागर जिवन पद्धतिलाई उतारेको छ । कथामा वर्णनात्मक तथा विश्लेषणात्मक शैलीलाई अपनाइएको छ । कथाको कथानकलाई प्रस्तुत गर्ने शैली सरल छ । जटिल वाक्यको कमि छ । सरल वाक्य प्रयोग गरिएका छन् । तत्सम, आगन्तुक शब्द, उखान टुक्काको उचित प्रयोग छ । अन्य भन्दा तत्सम शब्दको प्रयोग बढी देखिन्छ । यस कथामा प्रयोग भएका केही शब्द तथा वाक्यात्मक संरचनाहरू यस प्रकार छन् :

**संस्कृत तत्सम शब्द :** लक्ष्य, यथावत्, आवेश, एकत्रित, निवास, कुसमाचार, गति, विपरीत, याथार्थ, मिश्रित, प्रतिपक्षी, निर्देशन, अस्थायी आकृष्ट, शक्तिशाली, माध्यम, प्रभावहीन, समकोण, सम्भावित, उपयुक्त, शङ्का, निवारण, उत्सुकता, आशय, सम्पूर्ण, अशक्त, विपक्ष, भूत, वर्तमान, आक्रोश, मौनता, भिन्नता, जटिल, संरचना, दृष्टि, वसन्तवय, संयोजन, उच्च शिक्षा, साक्षर, स्मरण, तीर्थस्थल, शौचालय, वक्रदृष्टि, कञ्चन, प्रतिक्रिया, लक्षण, कार्यालय, अमानवीय, सञ्चार, प्रतिवाद, प्रतिनिधि मण्डल, क्रियाकलाप, अस्वीकृत, प्रतिक्रिया, मौनधारण, भीषण भाषण, रोष आक्रोश, गगनभेदी, सक्रिय, सन्तुलन, निर्वाचन, अधैर्य, वक्ता, आक्रामक, मञ्च ।

**आगन्तुक शब्दहरू :** सर्ट, जिन, पाइन्ट, सी.डी.ओ., कमिज, रफ्तार, चिडियाखाना, नास्ता, ह्याङओभर, चाकडी, दिमाग, खरदार, पियन, जुलुस, रिजल्ट, बुट, राइफल, कुन्दा, गार्ड, स्यालुट, पेस्तोल, क्याक्टस, गमला, लोड, रबरप्लान्ट, ट्रिगर। स्टक, कुर्सी, नेमप्लेट, नामर्द, मुद्दाफाँट, सुब्बा, पेस, फिट, चिया, गुत्थी, एस.एल.सी., टाइपिष्ट, हाकिम, बियर, पिकनिक, डिग्री, पाइखाना, डीएसपी, बदमास, गुन्डागर्दी, पम्पलेट, कोर्रा, सदरमुकाम, बरामद, इन्कलाब, कर्फ्यु, पहेली ।

**उखान टुक्का :** थुक निल्नु, झिमझिम पार्नु, आधार लिनु, लख काट्नु, चाकडी बजाउनु, कुरा चलाउनु, घोडा चढाउनु, पर सर्नु, जाहेर गर्नु, टाउको दुखाउनु, होस फिर्नु, प्रतिवाद गर्नु, टालटुल पार्नु, बाटो खोज्नु, डोब मेट्नु, थुक निल्नु,

प्रस्तुत कथामा परिमार्जित परिष्कृत, बान्किलो सरल संयुक्त र मिश्र वाक्यको सान्दर्भिक प्रयोग भएको पाइन्छ । तत्सम, तद्भव आगन्तुक र अनुकरणात्मक शब्दको मिश्रित प्रयोग र मिश्रित वाक्य ढाँचाको प्रयोग एंव वर्णनात्मक शैलीको कसीमा प्रस्तुत कथा संरचित छ ।

## ४.८ रेन्जरसा'बको भान्सा भो ?

### ४.८.१ कथानक

प्रस्तुत कथा जङ्गल माथि हालिमुहाली गर्ने राजनेता र ठेकेदारहरूको भ्रष्टाचारलाई विषयवस्तु बनाएर लेखिएको छ । कथामा कथानक रैखिक ढाँचामा बगेको देखिँदैन । कथानक खण्ड खण्ड भएर अगाडि बढेको छ । कथाको पात्रले कथानकलाई जोड्ने प्रयास गरेको देखिन्छ । कथाको कथानकलाई आदि, मध्य र अन्त्य भागमा यस प्रकार देखाइन्छ ।

#### क) आदि भाग

वनविभागको कार्यालयमा कुनै एउटा ठेकेदारले रेन्जरसाबलाई भान्सा भो ? भनेर प्रश्न गरेपछि कथाको आरम्भ हुन्छ । रेन्जरले कुनै प्रत्युत्तर नदिएपछि ठेकेदारले पुनः अफिस आउने कुरा सोध्छ । रेन्जर झर्किंदै आफूलाई जिस्क्याएकाले रिसाउँछ । ठेकेदार क ले रेन्जरलाई रक्सी नलागेको व्यङ्ग्य गर्छ । ठेकेदार ख ले व्यङ्ग्यमा आर्थिक वर्ष सकिन लागेको कुरा थप्छ । ठेकेदार ग ले बियरको बोतल अगाडि सारिदिन्छ । रेन्जर कार्यालय नजिकै रहेको होटेलमा बसेका केटाहरूले यो दृश्य देखिरहेका हुन्छन् । रेन्जरले बियर खान थालेपछि केटाहरूले पररर ताली बजाउँछन् र एउटाले बाजी जितेको भनी १० रूपैयाँ  माग्छ । केटाहरूले रेन्जरको

बियर तन्काइमाा बाजी थापेका हुन्छन् तर हार्ने केटो पैसा नदिई भाग्छ । यसपछि कथाकार घटना क्षेत्रको वर्णनमा व्यस्त हुन्छन् । बजारको सामान्य परिचय पार्ट, पुनः ठेकेदारले रेन्जरसाबको भान्सा भो ? भन्ने प्रश्न तेर्स्याउँछ रेन्जर पुनः झर्किन्छ । त्यहाँ उपस्थित थुप्रै कुरूवाहरूले अनुरोध गरेपछि रेन्जर उनीहरूको कुरा सुन्न मन्जुर हुन्छ र कथाको प्रारम्भ भाग सकिन्छ ।

**ख) मध्य भाग**

कथाको मध्य भागमा एउटा ठेकेदारले आफ्नो लागि काठको माग गरेपछि कथाको मध्यभाग सुरू हुन्छ । रेन्जर काठ नपाइने कुरा गर्छ । त्यत्तिकैमा मुखिया आइपुग्छ । गाउँबाट आएका सबै गाउँलेहरू काठका लागि आ-आफ्नो समस्या तेर्स्याउँछन् तर मुखियाले वास्ता गर्दैन । रेन्जरको सहायकले एक जनाको टाँचा लगाउने कुरा गरेको सुनाउँछ र घुसमा सहमति भएको पक्का भए पछि रेन्जरले अनुमति दिन्छ । यत्तिकैमा कथाको मध्यभाग सकिन्छ ।

**ग) अन्त्य भाग**

सहायकले काठमाडौंबाट आएको खामबन्दी चिठीको बारेमा बताएपछि कथाको अन्त्य भाग सुरू हुन्छ । चिठी रेन्जरले नै गोप्य रूपमा खोल्नुपर्ने हुन्छ । चिठी पढेर रेन्जर आत्तिन्छ । मन्त्रीको पी.ए. सँग फोन गर्ने प्रयास गर्छ नजिकै टेलिफोन नहुँदा तीन किलोमिटर टाढा लक्ष्मणपुर गाडीमा जान्छ । बाटोमा चिठी लिएर आउनेसँग रेन्जरले वास्तविकता बुझ्न खोज्छ मन्त्रीको नाम जान्न चाहन्छ तर निश्चित हुँदैन । चिठीमा अभद्र भाषा लेखिएको देखेर पहिले पनि हप्की खाइसकेको मन्त्रीलाई सम्झन पुग्छ । मन्त्रीको कुरा मान्दा जङ्गल स्वाहा र नमान्दा जागिर स्वाहा हुने डरले बाटैबाट कार्यालय फर्कन्छ फर्कँदा कुरूवाहरूले रेन्जरसाबको भान्सा सकियो होला ? भन्ने प्रश्न गरेपछि भनिहालेँ नि तिमीहरूलाई सकिए के ? नसकिए के ? भन्ने उत्तर रेन्जरले दिन्छ र कथानकको अन्त्य भाग सकिन्छ ।

## ४.८.२ पात्र वा चरित्र

प्रस्तुत कथामा रेन्जर, मुखिया, ठेकेदार क, ख र ग, पिए, सहायक डी.एफ.ओ. आदि पात्रहरू रहेका छन् । रेन्जर कथाको मुख्य पात्रको रूपमा देखिएको छ भने अन्य सवै गौण पात्रको रूपमा प्रस्तुत भएका छन् ।

### क) रेन्जरसा'ब

रेन्जरसाहेब कथाको केन्द्रिय पात्र हो । पूरै कथा यसको परिधिमा घुमेको छ । कथामा रेन्जरलाई खलपात्रको रूपमा देखिएको छ । सरकारी पदको दुरूपयोग गर्ने कर्मचारिहरूको प्रतिनिधि पात्रको रूपमा रेन्जर उभिएकाले उ वर्गीय पात्रको रूपमा देखिएको छ । जङ्गलको रक्षा गर्न खटिएको उ उल्टै आफूभन्दा माथिल्लाहरूको दबाब र लोभमा परेर जङ्गललाई सखाब पार्ने दुष्ट पात्र हो ।

### ख) अन्य पात्र

कथामा रेन्जरसाहेब बाहेक सबै पात्रहरूको न्यून उपस्थिति देखिन्छ । मुखिया रेन्जरको सहायक पात्रको रूपमा देखिएको छ । कथामा थोरैमात्र उपस्थिति रहेपनि उसको चरित्र खराब देखिन्छ । घुस बिना काम गर्न नसक्ने मुखिया खराब मानसिकता बोकेको पात्र हो । त्यसैगरी क, ख, ग, तिनवटा ठेकेदार पनि समाजका भ्रष्ट व्यक्तिका रूपमा देखा परेका छन् । यसका साथै डि.एफ.ओ. मन्त्री लगायतका सबै पात्रहरूको कथामा न्यून उपस्थिति देखिएकाले यी सबै गौण पात्रको रूपमा कथामा उपस्थित भएका छन् ।

### ४.८.३ परिवेश

प्रस्तुत कथामा शहर र ग्रामीण मिश्रित दुबै परिवेश समावेश भएका छन् । रेन्जरले रक्सी पिउने होटलको वर्णन गर्दा शहरीया परिवेशको संकेत देखिन्छ भने सानो बजारको कुरा उल्लेख गरिएकाले त्यस वरपरका ग्रामीण परिवेशलाई उल्लेख गरिएको छ । बजार बीचको पिपल चौतारी अगाडिको होटल लक्ष्मी एण्ड लजको प्रसङ्ग बाट शहरीया वातावरणको दृष्य प्रस्तुत भएको छ ।

### ४.८.४ उद्देश्य

प्रस्तुत कथामा कथाकारले नेपाली वन क्षेत्रमा हुने राजनैतिक तथा आर्थिक भ्रष्टचारले गर्दा बन क्षेत्रको कसरी विनास भइराखेको छ भन्ने देखाउनुनै यस कथाको मूल उद्देश्य हो ।

### ४.८.५ दृष्टिविन्दु र भाषाशैली

प्रस्तुत रेन्जुर साबको भान्सा भो कथा चरित्रप्रधान कथा हो । वर्णनात्मक शैलीमा लेखिएको यस कथामा कथाकारले कथाभन्दा बाहिरै बसेर कथाको घटनाक्रमलाई वर्णन गरेकाले

तृतीय पुरूष (सवेज्ञ) दृष्टिबिन्दु प्रयोग गरिएको छ । कथाकारको आफ्नै भाषिक शैली कथामा प्रयुक्त छ । घटनाक्रम अनुसार केही छोटा संवाद प्रयोग भए पनि पात्रानुकुल भाषा कथामा भेटिँदैन । आगन्तुक शब्दको अलिक बढी प्रयोग छ भने बढी प्रचलित तत्सम शब्दको मात्र कथामा प्रयोग गरिएको छ । बिम्ब र प्रतीकहरूलाई प्रसङ्गानुकूल गम्भीरता दिन प्रयोग गरिएको छ । टुक्काहरूको छरितो प्रयोग छ ।

यस कथामा प्रयुक्त केही शब्दहरू यस प्रकार छन् :

संस्कृत तत्सम शब्द : निम्नस्तर, पर्यायवाची, समयसीमा, मसान्त, विजयी, भूमिका, यौवन, सहायक, प्रेरणा, कर्तव्यबोध, शवयात्रा, आदेश, अभद्र, सङ्केत, शङ्का, विध्वंश, पालन, अञ्चलता, शिर, दृष्टि, परिणाम, जेष्ठता, जननी, परिपोषक

**आगन्तुक शब्द**

रेन्जर साब, अफिस, डेरा, होटेल, भट्टी, मर्जी, साइनबोर्ड, बाजी, फैसला, बोतल, बियर, डोज, ठेकेदार, कार, लज, सिफारिस, झ्याल, कबाफ, बेफुर्सत, टाँचा, मनाही, कारोबार, हिसाब, सी.एफ.टी. आबादी, सर, नतिजा, कुर्सी, कागजात, निसान, पी.ए., ट्रक, कन्ट्याक्ट, टेलिफोन, किलोमिटर, गाडी, नम्बर, प्लेट, रफ्तार, डी.एफ.ओ, ककटेल, ड्राइभर, सडक, जागिर,

टुक्का : आँखा खोल्नु, धक मान्नु, मुख बाउनु

## ४.९ रमिता

### ४.९.१ कथानक

प्रस्तुत रमिता चरित्रप्रधान कथा हो । कथाको आधा भाग चरित्र वर्णनमा व्यतित भए पछि मात्र कथानकको आरम्भ हुन्छ । राजनैतिक तथा शैक्षिक विकृतिलाई मूल विषयवस्तु बनाइएको यस कथाको कथानक पूर्णत ग्रामीण क्षेत्रमा घटित घटनामा आधारित छ । कथाको पूर्ण कथानकलाई आदि, मध्य र अन्त्य भाग गरी यस प्रकार विश्लेषण गरिएको छ ।

**क) आदि भाग**

कथाका मुख्य पात्रहरू जिल्लाका तीन महारथी जिल्ला प्रमुख, जिल्ला सभापति र जिल्ल शिक्षा अधिकारी तिनै जना जिल्ला भ्रमणका लागि निस्केपछि कथानक आरम्भ हुन्छ । भ्रमण

निकै रमाइलो भैरहेको हुन्छ । गाउँलेहरू पाहुनालाई ठूला ठूला खसी चढाउँछन् । भ्रमणमा तास खेलिन्छ । साँझ पर्ने बित्तिकै मनोरञ्जनका लागि विश्राम लिन्छन् र जुवातास तथा जाँड रक्सीमा व्यस्त हुन्छन् । अर्को दिन माध्यमिक विद्यालयको समुद्घाटन हुन्छ । भ्रमण टोली विद्यालय पुग्छ । गाउँलेहरू निकै उत्साहित हुन्छन् । गाउँको एउटा समुह भ्रमण टिमको खानपिनको व्यवस्था  जुट्छ । हिउँदे घामको आनन्द लिँदै भ्रमण टोलीका महारथीहरू पप्लुमा रमाइरहेको हुन्छन् । दर्शकहरू पालुमण्डल वरिपरि झुम्मिन्छन् र कहिलेकाहीँ पर धपाइन्छन् घाम छेकिएका कारणले मासु र रक्सी छेउमा राखिएको हुन्छ । अर्को समुह विद्यालयको सिंगारपटारमा व्यस्त हुन्छ । सरसफाइ, प्रवेशद्वारा उद्घाटन, फूलमालाको व्यवस्था गरिन्छ । विद्यार्थीको सानो समूह साँस्कृतिक कार्यक्रमको तालिम गर्दै हुन्छ । कथानकको आदि भाग यही सकिन्छ ।

**ख) मध्य भाग**

बिहानको खानपिन सकेर शिक्षक विद्याथी, सञ्चालक समितिका पदाधिकारी, गाउँले तथा भ्रमणकारी टिम विद्यालयको प्राङ्गणमा जम्मा भए पछि कथाको मध्य भाग सुरू   हुन्छ । महारथीहरू रक्सीले टिल्ल भएर मञ्चमा विराजमान हुन्छन् । एक शिक्षकले उदेघोषण गर्दै भ्रमण टिमको प्रंशसा गर्छन् । गाउँलेहरूको ध्यान उद्घोषण भन्दा टिल्ल परेर र्‍याल चुहाउँदै कुर्सिमा उँभिरहेका अधिकारीहरूमाथि हुन्छ । भ्रमणकारी अधिकारीमध्ये विकास अधिकारीले उद्घोषणका लागि महिलाको माग गर्छन् । एक जना महिला आउँछिन् र स्वागत मन्तव्यका लागि आमन्त्रितलाई माइक सुम्पेर अधिकारीहरूको नजकैै उभिन्छिन् । उनलाई बस्न थप कुर्सी मगाइन्छ । कुर्सी आउन ढिलाइ भएपछि प्रधान पञ्चले आफ्नो कुर्सी छोड्छन् । मुख्य अतिथिले महिलालाई नजिक ल्याउने उद्देश्यले कुर्सी तान्न खोज्छन् तर आफै कुर्सीबाट नराम्ररी लड्छन् । निधार ढुङ्गामा ठोकिन्छ र कथाको मध्य भाग सकिन्छ ।

**ग) अन्त्य भाग**

अचानक कुर्सीबाट लडेर घाइते भएका अतिथिलाई सबैजनाले घेरे पछि कथाको उत्कर्ष अर्थात् अन्त्य भागको आरम्भ हुन्छ । मुख्य अतिथि अर्ध होशमा बर्बराइरहेका हुन्छन् । बर्बराउँदा उनी कसैलाई ठोक्ने, गोली हान्ने भन्दै कराइरहन्छन् । नजिकै उभिएका दर्शकमाथि छिन छिनमा जाइलाग्छन् । देशद्रोही र अराष्ट्रिय तत्व भन्दै गाली गरिरहन्छन् । उनलाई पल्टाइएको कोठा खचाखच भरिन्छ । गार्डले दुई चार जना बाहेक सबैलाई बाहिर धपाउँछ तर गाउँलेहरू

झ्याल र ढोकाबाट तन्की तन्की हेरिरहन्छन् । उता उद्घाटनका लागि टाँगिएको रिबनको एकातिरको पिन खुस्किएर हावामा हल्लिरहन्छ र कथानकको अन्त्य भाग पनि सकिन्छ ।

### ४.९.२ पात्र वा चरित्र

प्रस्तुत 'रमिता' कथामा जिल्लाका महारटण ीभनेर कथामा सम्बोधन गरिएका जिल्ला प्रमुख, जिल्ला सभापति र जिल्ला विकास अधिकारी गरी तीन वटा मुख्य पात्रहरू रहेका छन् । अन्य पात्रहरूमा उद्घोषिका महिला, उद्घोषक शिक्षक रहेका छन् भने नेपथ्य पात्रका रूपमा हाकिम र ठेकेदार जिल्ला प्रमुखकी श्रीमती रहेका छन् । यी पात्रहरूलाई निम्नानुसार क्रमशः विश्लेषण गरिन्छ ।

#### क) जिल्ला प्रमुख

कथामा 'जिल्ला प्रमुख' प्रमुख पात्रका रूपमा देखिएको छ । कथामा जिल्ला प्रमुखलाई खल पात्रका रूपमा चित्रित गरिएको छ । जिल्लामा रोवरवाफ चलाउने हुनाले उसलाई प्रमुख जिल्ला अधिकारी नभनेर जिल्ला प्रमुख भनिएको छ । विहानै उठेर चण्डीपाठ गर्ने कुराले आध्यात्मिक देखिए पनि कथामा धेरै रक्सी खाएको पाप कटाउन मात्र चण्डीपाठ गर्ने कुरा वताइएको छ । बनजंगलको ठेक्कामा भ्रष्ट्राचार गर्ने, पप्लु वेल्नमा समय विताउने उसको बानीले गर्दा उसको चरित्र नकारात्मक देखिन्छ । पदको दुरूपयोग गर्ने जिल्ला प्रमुख ठेकेदार र हाकिमहरूसँग मिलेर आर्थिक हिनामिना गर्ने भ्रष्ट पदाधिकारीका रूपमा उभिएको छ । सामाजिक प्रतिष्ठा उच्च देखिए पनि चारित्रिक उचाई गुमाएका धनलोलुप प्रशासनिक व्यक्तिहरूको प्रतिनिधि पात्र भएकाले 'जिल्ला प्रमुख' वर्गीय पात्र हो । कथामा प्रत्यक्ष उपस्थित भएकाले ऊ मञ्चीय तथा स्वभावका आधारमा गतिहिन र जीवनदृष्टिका आधारमा खल चरित्रका रूपमा कथामा प्रस्तुत भएको छ ।

#### ख) जिल्ला सभापति

'जिल्ला सभापति' प्रस्तुत कथाको प्रमुख पात्र हो । कथामा ऊ क्रान्तिकारी व्यक्तिका रूपमा देखिएको छ । पर्चा, पम्प्लेट बाँड्ने र जेल जाने काम गरिसकेकाले ऊ अलिक क्रान्तिकारी देखिन्छ । अवसरको फाईदा लिन अनेकौं जाल रच्ने भएकाले ऊ अवसरवादी पात्र पनि हो । रक्सीको नशामा डुब्ने सभापति आफू मात्र सही भनी अरूलाई गलत सावित गर्न

खोज्ने हवी कुपात्र हो । वर्गका दृष्टिले ऊ वर्गीय पात्र हो भने मञ्चनका दृष्टिले वर्गिय पात्र हो । समग्रमा ऊ खराव पात्रका रूपमा कथामा चित्रित छ ।

**ग) जिल्ला विकास अधिकारी**

प्रस्तुत कथामा 'जिल्ला विकास अधिकारी' प्रमुख पात्रका रूपमा उभिएको छ । कूटनीति र चलाखी तथा बोल्नमा ऊ सिपालु देखिएको छ । आफूलाई विद्वान र डेढ अक्कली सम्झनु तथा अन्य कर्मचारीहरूसँग मिलेर विकासको बजेट आफ्नो खल्तीमा भर्नु उसको विशेषता देखिएको छ । अरूबाट कोसेली लिनु यस पात्रको सौख देखिन्छ । तास नखेल्ने तर भट्टी पसलमा पसेर भट्टीवालीका आमा छोरी दुवै सँग अनैतिक कृयाकलाप गर्नुले जिल्ला विकास अधिकारी खराब पात्रका रूपमा कथामा देखिएको छ । वर्गका दृष्टिले ऊ वर्गीय पात्र हो भने मञ्चनका दृष्टिले ऊ मञ्चिय र बद्ध पात्र हो ।

**घ) अन्य पात्रहरू**

प्रस्तुत कथामा अन्य पात्रहरूमा जिल्ला प्रमुखकी श्रीमती, उद्घोषिका महिला शिक्षिका, उद्घोषक शिक्षक रहेका छन् । कथामा यी पात्रहरूको अत्यन्तै न्यून उपस्थिति देखिन्छ । हाकिम र ठेकेदार कथामा प्रशङ्गवस जिल्ला प्रमुखको चरित्रोद्घाटनको परिपूरकका रूपमा प्रकट भएका छन् । यिनको कुनै चारित्रिक विशेषता कथामा उल्लेख छैन । त्यसै गरी जिल्ला प्रमुखकी श्रीमती पनि उसको फतफताउने बानीको उद्घाटनको निम्ति मात्र प्रस्तुत भएकी छे । त्यसै गरी उद्घोषक शिक्षक र शिक्षिकाको पनि चारिशिक सङ्केत पाइँदैन । समग्रमा उपयुक्त उल्लेखित पात्रहरू कथामा गौण पात्रका रूपमा देखिएका छन् ।

**४.९.३ परिवेश**

प्रस्तुत कथाका पात्रहरू शहरिया परिवेशका छन् भने कथाको कथानक चाँही कुनै दुर्गम गाउँको रहेको देखिन्छ । नि.मा.वि. लाई माध्यामिक तहमा उन्नति गरेपछि त्यसको उद्घाटनका लागि कथाका प्रमुख पात्रहरूको गाउँको यात्रा र त्यहाँको उद्घाटन कार्यक्रमले यो घटना कुनै पूर्वी पहाडको अविकसित ग्रामिण भेगमा घटेको हो भन्ने देखिन्छ । जिल्ला सभापति कार्यक्रममा मञ्चबाट लडेर घाइते भएपछि अस्पताल लैजानुको सट्टा विद्यालयको कोठामा सुताइनुले त्यस गाउँमा यातायातको सुविधा छैन भन्ने कुराको सङ्केत गर्दछ । समग्रमा यो कथाको परिवेश ग्रामीण भेगको हो भन्न सकिन्छ ।

### ४.९.४ उद्देश्य

प्रस्तुत कथा चरित्र प्रधान कथा हो । कथामा कथाकारले तीन महारथी जिल्ला प्रमुख, जिल्ला सभापति र जिल्ला विकास अधिकारीका माध्यमबाट उपल्लो तहमा हुने व्यभिचार, भ्रष्ट्राचार, विकृति र राजनीतिलाई थाहा नपाएका जनतामाथि उच्च पदस्थले कतिसम्म खेलवाड गर्दछन् भने तथ्य प्रस्तुत गर्नु नै यस कथाको उद्देश्य रहेको देखिन्छ । त्यसै गरी हामी विशिष्ट व्यक्ति भनेर सम्मान गर्ने व्यक्तिहरूको चारित्रिक नीचतालाई देखाउनु पनि कथाको अर्को उद्देश्य हो ।

### ४.९.५ दृष्टिविन्दु र भाषाशैली

प्रस्तुत रमिता चरित्रप्रधान कथा हो । यस कथामा कथाकारले तृतीय पुरूष सर्वज्ञ दृष्टिबिन्दु प्रयोग गरेका छन् । कथाकार स्वयम्ले पात्रहरूको चारित्रिक र मानसिक विश्लेषण गरिएकाले कथामा वर्णनात्मक र विश्लेषणात्मक शैली प्रयुक्त छ । भाषाशैलीका दृष्टिले हेर्दा चरित्रको वर्णनमा कथाकारको रूचि बढी देखिएको छ । कथाको प्रारम्भिक वर्णनले कथालाई पृथक बनाएको छ । कथालाई सुन्दर बनाउन छोरा र सरल वाक्यको प्रयोग भएको छ । सरल वाक्यको संयोजनबाटै अर्थगत विशिष्टता खोज्ने प्रयास गरिएको छ । शब्द संयोजन पनि उचित देखिन्छ । कथामा तत्सम, आगन्तुक र तद्भव शब्द तथा अनुकारणात्मक शब्द र टुक्काहरूको सान्दर्भिक प्रयोग छ । यस कथामा प्रयोग भएका केही शब्दहरू :

संस्कृत तत्सम शब्द : महारथी, भ्रमण, सुमधुर, प्रतिनिधि, दायित्व, यथार्थ, शान्तिव्यवस्था, निबोध, शङ्का, कण्डुऋषि, चण्डीपाठ, प्रारम्भ, कण्ठाग्र, प्रशंसित, श्रेणी, उत्तीर्ण मोह, नैराश्य, पारवहन, स्वीकृति, पशुविकास, कुटनिति, अन्तर्राष्ट्रिय, नेर्तत्व, विद्वन्, विशेषण, साक्षी, संयोजन, शताबदी, मनोरञ्जन, समुद्घाटन, मण्डल, प्रवेशद्वार, वञ्चित, विनिमय, सञ्चालन, हस्तान्तरण, कृतज्ञता, स्वागतम्, स्थितिबोध, अराष्ट्रिय, अतिथि बिकेन्द्रीकरण मिश्रित सुशोभित ।

आगन्तुक शब्दहरू : सदरमुकाम, पालु, प्वाइन्ट, हामिक ठेकेदार, हिम्मत, कुपन, ठेक्कापट्टा, ढुवानी, पर्चा-पमलेट, लाइसेन्स, किफायत, फाइल, स्कुल, पुल, गिलास, क्रिकेट, गरी, टिम, तलबभत्ता, खेमा, माइक, कुर्सी, झ्याल, ढोका, पोशाक, गार्ड, गेट, रिबन, पिन ।

टुक्काहरू : इसारामा नाच्नु, अँध्यारोमा ढुङ्गा हान्नु, आभारी हुनु, फड्को मार्नु, आशा पलाउनु, ढेन्ढ अक्कल लगाउनु, विकास छर्न पठाउनु, घर भर्नु, आँखा घुमाउनु, सहारा चाल्नु, छेडखानी गर्नु, पसिना भिज्नु, तीनपाने चुहाउनु, चाल चाल्नु, शब्दहरू उकेल्नु, हावामा हल्लिनु, रमिता हेर्नु, आँखा खोल्नु,

प्रस्तुत रमिता कथामा सरल र सटीक वाक्यहरू प्रयोग गरिएका छन् । बिम्बात्मक पद्धतिद्वारा घटनाको दृश्यलाई सजीव तुल्याउन खोजिएको छ । स्पष्ट भाषा शैलीले गर्दा कथा चरित्रप्रधान भए पनि सुबोध र रोचक देखिएको छ ।

## ४.१० जेठको ज्याकेट

### ४.१०.१ कथानक

जेठको ज्याकेट चरित्रप्रधान कथा हो । कथाको प्रमुख तथा केन्द्रीय पात्र श्री प्रभाकरको चारित्रिक विश्लेषणमा कथानक घुमेको छ । कथाको पूर्व अंशमा प्रभाकरको कथाको विशेषताको वर्णन छ भने मध्य र अन्त्य भागमा प्रभाकरको चारित्रिक वास्तविकताको पर्दा फास भएको छ । यस कथाको कथानकलाई आदि, मध्य र अन्त्य भागमा यसरी विश्लेषण गरिन्छ :

#### क) आदि भाग

कुनै पाठकले भर्खरै छापिएको कथाको प्रशंसा प्रभाकरको सामुन्ने गरेपछि कथाको प्रारम्भ हुन्छ । नदी किनारको सूर्यमुखी शीर्षकको कथा धेरै पाठकले मन पराउँछन् । कथाकार प्रभाकारले केही साथीहरू हरि मण्डारी, लोकप्रसाद, मीनबहादुर, विनिता राणा, कुमार घिमिरे, प्रणव बस्नेत, आदिले आफूप्रति गर्ने व्यवहार सम्झिन्छ । यी साथीहरूले आफूलाई गर्ने गरेको सहयोग किन   हो ? भन्ने प्रश्नमा प्रभाकर अल्झिन्छ र कथाको आदिभाग सकिन्छ ।

#### ख) मध्य भाग

एक दिन आफ्नै निवासमा प्रभाकरले आफ्नी पत्नीलाई एक गिलास पानी माग्छ र कथाको मध्यभाग सुरू हुन्छ । प्रभाकरको साहित्यिक रूचि उसकी पत्नी कवितालाई मन पर्दैन । ऊ छिमेकी खरदारको घर देखाएर प्रभाकरलाई खिसी गर्छे । प्रभाकर आफ्नो साहित्यिक प्रतिभाको बखान गर्छ तर कविता नसुनी भान्सातिर लाग्छे । प्रभाकर कथा रचना गरेपछि

कोठामा झुण्ड्याइएका पदकको बीचमा राख्छ र गर्वको महसुस गर्छ । प्रत्येकलाई समातेर हेर्छ र चम्किलो अनुभूति गर्छ र कथाको मध्यभाग सकिन्छ ।

**ग) अन्त्य भाग**

आफ्नो घरको अभाव र समस्यासँग जुधेर पनि प्रभाकर साहित्यिक यात्रालाई निरन्तर जारी राख्ने चाहना व्यक्त गर्छ । अचानक उसले समातेको पदकमा कालो धर्सो देखेपछि ऊ खिन्न हुन्छ र कथामा उत्कर्षको आरम्भ हुन्छ । पदकमा लागेको कालो धर्सो बढ्दै गएको उसले अनुभव  गर्दछ । कालो धर्सोले बिस्फोटन ल्याउन सक्ने आशङ्काले ऊ त्रस्त बन्छ । निधारभरि पसिना आउँछ । श्रीमतीले उसको अवस्थाप्रति व्यङ्ग्य गर्छे । ऊ आफ्नो वाहवाहीमा घृणा थपिने आशङ्कालाई कालो धर्सोसँग तुलना गर्छ र आत्तिन्छ । त्यस रात उसले छटपटीमै बिताउँछ । आफूले अर्काको रचना चोरेर लेख्ने प्रवृत्तिप्रति निराश हुन्छ । बिहान उठ्ने बित्तिकै मूल कथा र आफूले लेखेको कथाको सानो टुक्रालाई भिडाएर हेर्छ । भाषा बाहेक सबै कुराको समानताबाट ऊ निराश बन्दै । दराजमा राखिएका आफ्ना पदक, पुस्तक रचना र ज्याकेट हेर्छ । ज्याकेट निकालेर त्यसमा लागेको ढुसी पुछपाछ पार्छ र पुस्तकालयतिर लाग्छ अनि कथाको उत्कर्ष सकिन्छ ।

## ४.१०.२  पात्र वा चरित्र

**क) प्रभाकर**

प्रस्तुत कथामा 'श्रीप्रभाकर' प्रमुख तथा केन्द्रीय पात्रका रूपमा कथामा देखिएको छ । कथाकार श्रीप्रभाकर अर्काको कृति चोरेर नयाँ श्रृटद्धन ागर्ने ठग स्रष्टाका रूपमा देखिएको छ । ऊ साहित्यिक रूची भएको अभावले ग्रस्त पात्र हो । उसकी श्रीमती कविताले उसको छिमेकी खरदारको भन्दा निम्न हैसियत भएको कुरा गर्नुले प्रभाकर निरीह तथा अभावले ग्रस्त पात्र हो भन्ने देखिन्छ । वर्गका आधारमा हेर्ने हो भने नेपाली साहित्यिक फाँटमा देखिएका अर्कैका रचनामा आफ्नो नाम बेचेर रातारात स्रष्टा बन्ने सर्जकहरूको प्रतिनिधि पात्रका रूपमा प्रभाकर देखिएकोले ऊ वर्गिय पात्र हो । मानसिक रूपमा कमजोर र निरीह देखिएकाले ऊ निम्न वर्गीय र धनीबाट शोषित व्यक्तिका रूपमा कथामा प्रस्तु भएको छ ।

**ख) अन्य पात्रहरू**

कथामा प्रभावकर बाहेक अन्य सवै पात्रहरू गौण पात्रका रूपमा देखिएका छन् । प्रभाकरकी श्रीमती कविता उसका साथीहरू हरि भण्डारी, लोकप्रसाद, विनिता राणा, कुमार घिमिरे, प्रणव बस्नेत, केदार लामिछाने सवै प्रभाकरको चारित्रिक वर्णनका सन्दर्भमा प्रकट भएर तत्कालै लोप भएका छन् । यी पात्रहरूको कुनै चारित्रिक विशेषता देखिदैन । पात्रहरू मध्ये कथामा साङ्केतिक रूपमा कवितालाई गरिबीमा पिल्सीएकी महिला र प्रभाकरका हरि भण्डारी लगायतका साथीहरूलाई अवैध तरिकाले पैसा कमाएका सम्पन्न साथीहरूको रूपमा वर्णन गरिएको छ । समग्रमा यी पात्रहरूको कथामा गौण उपस्थित देखिन्छ ।

**४.१०.३ परिवेश**

प्रस्तुत कथा घटना प्रधान नभएर चरित्र प्रधान भएकाले कथामा घटनाको परिवेश र ठाउँका बारेमा कुनै उल्लेख गरिएको छैन । कथामा केन्द्रिय पुस्तकालयको कुरा उल्लेख छ । कथाकारको कोठा रेष्टुरेण्टको उल्लेख भेटिन्छ । सांस्कृतिक केन्द्रको उल्लेख कथामा गरिनुले कथा काठमाण्डौं वा कुनै ठूलो शहरको परिवेशमा आधारित छ भन्न सकिन्छ ।

**४.१०.४ उद्देश्य**

प्रस्तुत कथा चरित्र प्रधान कथा हो । यस्ता किसिमका कथामा चरित्रका माध्यमबाट मानवीय स्वभावलाई केलाउने प्रयास गरिएको हुन्छ । यस कथामा पनि 'श्रीप्रभाकर' का माध्यमबाट साहित्यिक रूचि राख्ने तर अर्काको रचनाबाट ख्याति कमाउने क्षमताहिन स्रष्टाहरू प्रति व्याङ्गय गरिएको छ । साथै साहित्यिक क्षेत्रमा लागेकाहरू मानसिक खुसी प्राप्ति भए पनि भौतिक सभ्यताको अभावले गर्दा जेठमै पनि ज्याकेट लाउनुपर्ने अवस्था आउन सक्छ भन्ने देखाउनु कथाको मूल उद्देश्य रहेको छ ।

**४.१०.५ दृष्टिविन्दु र भाषा शैली**

प्रस्तुत जेठको ज्याकेट मनोबैज्ञानिक कथा हो । कथामा प्रभाकरको मनस्थितिलाई हीन ग्रन्थिका माध्यमबाट विश्लेषण गरिएको छ । पदकको कालो धर्सोलाई मानसिक कमजोरी र अपराधको सङ्केत मानिएको छ । पात्रको सम्पूर्ण मनस्थिति र घटनालाई कमजोरी र अपराधको सङ्केत मानिएको छ । पात्रको सम्पूर्ण मनस्थिति र घटनालाई कथाकार स्वम्ले

वर्णन गरेका  छन् । पात्रको मानसिक र वाह्य दुवै अवस्थाको गहिराई सम्म पुगेर वर्णन गरिएकाले कथामा तृतीय पुरूष (सर्वज्ञ) दृष्टिबिन्दु  छ।

भाषाशैलीका दृष्टिले हेर्दा कथामा संस्कृत तत्सम शब्दको बाहुल्य देखिन्छ ।  तद्भव र देशज शब्द पनि प्रशस्त प्रयोग गरिएको छ । चरित्रप्रधान कथा भएकाले  विश्लेषणात्मक वर्णन शैली कथामा प्रयोग भएको छ ।  मनोवैज्ञानिक प्रतीकहरूको प्रयोग  गरी पात्रको अन्तर्मन केलाउने प्रयास गरिएको छ।  वाक्यात्मक गठन छोटो र छरितो  छ । प्रतीकहरू यस प्रकार छन् :

संस्कृत तत्समशब्द : प्रस्तुति, विषयवस्तु, व्यक्त, कलात्मक,  विशेषाङक, प्रतिक्रिया, प्रकाशित। विशेषङ्क, उलिखित, भूमिका,  सगौरव, पृष्ठभूीम, प्रशस्त, चित्रण,  आत्मीयता, निश्छलता, प्रतीक्षा, प्रकृति, करूणा, समर्पण,  शोषण, गन्तव्य,  वैभवता, प्रदर्शन,  पारिश्रमिक, दमित, पनरापृत्ति,  व्यङ्ग्य,  अनुत्पादक,  उपहास,  संयोजन, प्रतिभा, प्रतिष्ठा,  बृहत्, सेवा, उपलब्धि,  समष्टि,  स्रोत, विस्फोटन,  मुटु, विभाजित,  अंश, सुदुर, क्षितिज, कल्पदृश्य, मन्द गन्ध ।

**आगन्तुक शब्द** : गुजारा, गरिबी,  हिसाब, बट्टा,  स्कच, रेष्टुराँ, नास्ता, मोटर, बोतल, गिलास, स्कुल, तस्बिर, महल, जिम्नास्टिक,  क्याम्पस, अफिस, प्राइभेट, ट्युसन, किताब, दराज, ज्याकेट ।

**टुक्का तथा उखान** : अँध्यारोमा उब्जाउ हुने  खेती, हात मल्नु,  प्रसंसाको पुल बाँध्नु, धर्ती टेक्नु, सौता बन्नु, सन्तोषको सास फेर्नु, तगारो बन्नु,, विस्फोटज  ल्याउनु, तलतल मेट्नु, दृष्टि कुदाउनु, फन्का मार्नु,

**प्रतीकहरू** : प्रतिष्ठाको विस्फोटन, विस्फोटनको कल्पदृश्य, बेमौसमी, ज्याकेट, कालो धर्सो, घेणाका टोकरी, तासको महल, उपन्यासका प्लट ।

## ४.११  बल्छीको खोजीमा

### ४.११.१ कथानक

बल्छीको खोजीमा राजनैतिक विषयवस्तुमा आधारित चरित्रप्रधान कथा हो । कथामा रैखिक ढाँचा प्रयोग गरिएको छ । कथामा मन्त्री र मन्त्रीपत्नी बीचको वार्तालापलाई कथानकको

रूप दिइएको छ । सुक्ष्म कथानक प्रयोग गरिएको छ भने वर्णनात्मक शैलीद्वारा चारित्रिक विश्लेषण र घटनास्थलको वर्णन अधिक गरिएको छ । प्रस्तुत कथाको कथानकलाई आरम्भ, मध्य र उत्कर्ष अर्थात् अन्त्य भागमा विभाजन गरी यस प्रकार विश्लेषण गरिएको छ ।

**क) आदि भाग**

आफ्नो चाप्लुसी र सेवाबाट भर्खरै बनेका मन्त्रीको दर्शन र भेट पाउने आशाले मन्त्री निवासको प्रतीक्षालयमा मन्त्रीको गाडि प्रवेश गरेपछि कथानक आरम्भ हुन्छ । प्रतिक्षालयमा लागेको भीडले मन्त्रिको स्वागत गर्दछ । सबैले आ-आफ्ना विषय प्रस्तुत  गर्छन् । मन्त्रीले भीडको अनुहार पढ्दछ र केही बहाना बनाएर आफ्नो आराम कक्षमा प्रवेश  गर्छन् । मन्त्रीपत्नीले आरमै ? भन्ने प्रश्न गर्छिन् र सुन्दरी प्रतियोगितामा व्यस्त रहने मन्त्रीको चर्तिकलाप्रति व्यङ्ग्य पनि  गर्छिन् । त्यत्तिकैमा मन्त्रीपत्नीले समाचारपत्रमा छापिएको तल्लो स्तरको पी.ए. ले ठुलो घर बनाएको समाचारतिर मन्त्रीको ध्यानाकर्षण गर्छिन् । मन्त्रि त्यस्तो ठुलो घर देखेर मन्त्रीजी  तर्सिन्छन् । आफूले थाकेको बहना गर्छन् र स्कच माग्छन् । मन्त्रिणीले विभिन्न कुराले घोचपेच गरिरहन्छिन् । मन्त्री हुँदा पुरानो कुर्सी फेरेको कुरा मन्त्रिणीले सोध्छिन् । मन्त्रिले आफू भ्रष्टाचारी र चाप्लुसी गन्ध लागेको कुर्सीमा नबस्ने भएकाले फेरेको कुरा गर्छन् । पत्नीले एकदम ठीक गरेको भनेपछि मन्त्री सशङ्कित हुन्छन् र कथाको प्रारम्भ भाग सकिन्छ ।

**ख) मध्य भाग**

कथाको मध्यभागमा मन्त्री र पत्नी बिच वार्ता चलिरहन्छ । मन्त्रीले पत्नीलाई कुर्सी परिवर्तनको कारण सोधेको प्रति प्रश्न गर्छन् । मन्त्रिणीले व्यङ्ग्य गर्दै मन्त्रीहरूले गर्ने तीनवटा काम मध्ये कुर्सी परिवर्तन पनि रहेको प्रष्ट पार्छिन् । मन्त्री उत्सुक भएर अरू दुईवटा कामको बारेमा पनि सोध्छन् । पत्नीले दोस्रो काममा उद्घाटन, बिसर्जन, सवरोधसभा, शिलान्यासमा भाग लिनु र तेस्रोतमा आफूप्रति लाग्ने आरोपको खण्डन गर्दै हिँड्नु र अरूको विरोध गर्नु भन्ने उत्तर दिन्छन् । मन्त्री पत्नीलाई उनी पनि पार्टीको कार्यकर्ता भएकाले समर्थनमा बोल्न आग्रह गर्छन् तर पत्नी भने आफू पहिले पार्टीको कार्यकर्ता भन्दा घरमा पत्नी भएको तर्क राख्छिन् । मन्त्री पत्नीले मन्त्रीलाई भ्रष्टाचार नगरेको, पैसा नकमाएको र सिद्धान्तमा हिँडेको भन्ने आरोप लगाउँदै ठूलो घर, ठूलो ग्यारेज र पजेरोको माग गर्छिन र कथाको मध्य भागको अन्त्य हुन्छ ।

### ग) अन्त्य भाग

श्रीमतीको ताकिर्क आरोप माग र आक्रोशले रन्थनिएका मन्त्री पत्नीको आवेग शान्तिको प्रतिक्षा गरिरहन्छन् । मन्त्रिणीले गिलासमा स्कच खन्याएर आफ्नो आवेगको दण्ड र मन्त्रीजीको सच्चाइको पुरस्कार भनेर सान्त्वना दिन खोज्छिन् । त्यो रात मन्त्रीलाई निद्रा पर्दैन । निद्रा नलागेपछि मन्त्रीले बत्ती बालेर मन्त्रालयका फाइलहरू पल्टाउन थाल्छन् । विभिन्न पदमा नियुक्ति र भ्रष्टाचारबारे लेखिएको फाइलमा मन्त्री हराउँदै जान्छन् भने पत्नी उनलाई आफ्नो पछिल्लो भाग तेर्स्याएर घुरिरहेकी हुन्छिन् र कथानकको अन्त्य भाग पनि सकिन्छ ।

### ४.११.२ पात्र वा चरित्र

प्रस्तुत कथामा ‘मन्त्री’ र मन्त्री पत्नी ‘मञ्जु’ मुख्य पात्रका रूपमा रहेका छन् । अन्य पात्रहरूमा भवन मालिक भनेर नाम नतोकिएको नेपथ्या पात्र छ । यस बाहेक भीडको उपस्थिति मात्र छ । कथामा प्रयोग भएका यिनै दुई पात्रहरूलाई क्रमशः निम्नानुसार विश्लेषण गरिन्छ ।

### क) मन्त्री

कथाको मुख्य पात्रका रूपमा मन्त्री रहेको छ । मन्त्री ठूलै शक्तिले सम्पन्न भएकाले उसको आवासमा ठूलै भीड देखिन्छ तर आफ्ना दलका नेताहरू आफ्नै विपक्षमा उभिएकाले भने उसलाई अप्ठ्यारो परेको छ । सारालाई झुक्याउन सक्ने मन्त्रीले आफ्नी श्रीमतीलाई भने कुनै कुरा ढाँट्न सक्दैन । मन्त्री हाम्रो देशमा भ्रष्ट्राचार गरी अपुत सम्पत्ति थुपार्न चाहने नेताहरूको प्रतिनिधि पात्र हो । आफैमा विपत्तिमा फसेको उसले आफ्नो बल्छीमा आफै फसेको छ । त्यसैले ऊ एउटा नकारात्मक पात्रका रूपमा कथामा प्रस्तुत भएको छ ।

### ख) मन्त्री पत्नी (मञ्जु)

कथामा मन्त्रीपत्नी मञ्जु मुख्य पात्र मन्त्रीको चारित्रिक उद्घाटनका निम्ति प्रस्तुत भएकी छ । ऊ श्रीमानको पदको दुरूपयोग गरी आलीशान भवन र पँजेरो कार चाहन्छे । यसका लागि ऊ आफ्नै पतिलाई विभिन्न बहानामा व्याङ्गय हान्छे । त्यसैले ऊ महत्वाकांक्षी तथा नकारात्मक नारी पात्र हो । आदर्श र सत्य भन्दा झुट्कै सहारामा बाँच्न सकिने उसको तर्क छ । राजनेताहरूका श्रीमतीहरू प्रायः यस्तै हुन्छन् भन्ने देखाउनका लागि यस पात्रलाई

कथामा प्रतिनिधि पात्रका रूपमा उभ्याइएको छ । वर्गका दृष्टिले वर्गीय र मञ्चनका दृष्टिले ऊ मञ्चनीय र बद्ध पात्र हो ।

### ४.११.३ परिवेश

प्रस्तुत कथाको कथानक विशेष गरेर राजधानीको कुनै मन्त्री निवास भित्र नै घटेको छ । त्यसैले यस कथाको परिवेश केलाउँदा शहरको मन्त्री निवास हो भन्न सकिन्छ । मन्त्रीको घर बाहेक कथामा कतै पनि बाहिरको परिवेश उल्लेख छैन त्यसैले यस कथाको परिवेश शहर हो भन्न सकिन्छ ।

### ४.११.४ उद्देश्य

प्रस्तुत कथामा राजनैतिक नेताहरूको स्वार्थी र भ्रष्ट चरित्रलाई प्रस्तुत गरिएको छ । नेताहरू भोट माग्न जाँदा अनेकौं आदर्श र विकासको कसम खाने र पदमा पुगेपछि भ्रष्ट आचरणको खेटढोगर्ने प्रवृत्तिलाई कथाले छरपष्ट पारेको छ । नेता पदमा पुगेपछि ऊ मात्र होइन उसकी श्रीमती छोराछोरी तथा एउटा सिङ्गै भीडले उसको माध्यमबाट जनताको विकास कोषलाई लुट्छन् भन्ने मूल व्याङ्गय प्रस्तुत गर्नु नै यस कथाको उद्देश्य हो ।

### ४.११.५ दृष्टिविन्दु र भाषाशैली

प्रस्तुत बल्छीको खोजीमा कथा राजनैतिक विषयवस्तुको कथा हो । वार्तालापीय शैलीमा प्रस्तुत यस कथामा कथाकारले पात्रको सपनासम्म पुगेर अन्तर्मन खोतलेकाले तृतीय पुरूष दृष्टिबिन्दु प्रयोग गरिएको छ ।

भाषाशैलीका दृष्टिलपे हेर्दा कथामा व्यङ्ग्यात्मक शैली अपनाइएको छ । मन्त्री पत्नीले अभिव्यक्त गरेका विचारमा बौद्धिक व्यङ्गको शैली भेटिन्छ । तर्कात्मक शैलीको प्रयोगद्वारा कथामा संवादहरू रचना गरिएका छन् । बकोक्ति शैलीको प्रयोगले कथालाई रोचक बनाएको छ । संस्कृत तत्सम शब्दको प्रयोगमा कथाकारको रूचि देखिन्छ । आगन्तुक शब्दको प्रयोग अप्रासङ्गिक देखिन्छ । टुक्काहरू सामान्य रूपमा प्रयुक्त छन् भने प्रतिकहरू प्रासङ्गिक रूपमा प्रयोग गरिएका छन् । यस कथामा प्रयुक्त केही शब्द तथा टुक्का र प्रतीकहरू यस प्रकार देखाइन्छ :

**संस्कृत तत्सम शब्द :**

अन्ततः, मन्त्रीनिवास, प्रतीक्षालय कक्ष, निवासस्थान, आगन्तुक, आसन, दायित्व, रूपान्तरित, घनत्व, परिचय, परिचर्चा, मन्त्रिमण्डल, सक्रिय, शब्दप्रयोग, अभिवाद न, आकाङ्क्षा, अभ्यस्त, विवशता, विद्यमान, गुरूकुल, उद्घाटन, बिसर्जन, दन्त, प्रदर्शन, यथेष्ट, मनोरञ्जन, ग्रहण, थकित, अन्तरकक्ष, अन्तर्धान, मन्त्रिणी, विस्तृतिकरण, कोण, समाचारपत्र, मुखपृष्ठ, भवन, संयुक्त कौतुहल, आशय, दम्पति, उच्चतम, घनिष्ठ, उत्सुकता, शङ्का, सभा, शिलान्यास, आरोपित, क्रियाकलाप, सगर्व, सविस्तार, सम्पादन असहमति, सैद्धान्तिक, शब्दजाली, विरोधाभास, लक्षित, दण्ड, पुरस्कार, परियोजना, छात्रवृत्ति, पदपुर्ति,

**आगन्तुक शब्द**

कुर्सी, सोफा, ट्रेन, ब्यारेक, सलाम, अदब, तोक, लन्च, डिनर, पी.ए., टेबुल, तस्बिर, दुरूस्त, स्लेट, डिजाइन, झ्याल, इँट्टा, पर्खाल, रेलिङ, बरन्डा, चोक, खेमा, दर्जन, दिमाग, स्कच, गिलास, जवाफ, कबुल, जेल, पार्टी, महल, ग्यारेज, पजेरो, एबाउट टर्न, मुड, फाइल, ब्रिफकेस, ठेक्का, ह्याङ्गिङ, क्याक्टस, गमला ।

**उखानटुक्का** : पार गर्नु, फूलबुट्टा भर्नु, अन्तर्धान हुनु, नापतौल गर्नु, विचार फुर्नु, कुरा तन्काउनु

**प्रतिकहरू** : छताछुल्ल विवशताहरू, फर्सीका लहरा, सिद्धान्तको नक्कली माला, विरोधाभासको खाडल, क्याक्टसको गमला ।

## ४.१२ हरिबावु

### ४.१२.१ कथानक

प्रस्तुत हरिबाबु राजनैतिक विषयमा आधारित कथा हो । वर्गीय चरित्रको उद्घाटन गरिएको प्रस्तुत कथामा सभ्य र आदर्शवान् देखिने राजनैतिक व्यक्तित्वहरूको यौन हरकतलाई देखाइएको छ । कथाको आधा भाग कथाका प्रमुख पात्र हरिबाबु कै चारित्रिक बखानमा अल्झेको देखिन्छ । प्रारम्भिक भाग जीवनी जस्तो देखिएको छ । चारित्रिक वर्णनको नाटकीय विधिले आदि भाग र मध्य भाग तथा अन्त्य भाग जोडिएको छ । राजनैतिक क्षेत्रमा लागेका व्यक्तिहरूको बाहिरी पर्दालाई च्यातेर विसङ्गत यथार्थलाई झल्काउने यस कथालाई कथानकको आदि मध्य र अन्त्य भागका आधारमा यस प्रकार विश्लेषण गरिन्छ ।

**क) आदि भाग**

जेलबाट भाग्न सफल भएका विद्रोही हरिबाबु लकिछिपि आफ्नो घर पुग्न सफल भएपछि कथाको आदि भाग आरम्भ हुन्छ । हरिबाबु घर पुग्दा श्रीमती घरमै हुन्छिन् । खानपिन गरेर हरिबाबु आफ्नो कोठामा छोरीसँग एक छिन बिताउँछन् । श्रीमती आएर थकाइ लागेको अनुमान गर्दै आराम गर्न आग्रह गर्छिन् तर उनी तुरून्तै हिँड्ने कुरा गर्छन् । श्रीमतीले भोलिपल्ट बिहान जान आग्रह गर्छिन् तर हरिबाबु श्रीमतीलाई आफ्नो कार्य र उद्देश्यप्रति उनी अनभिज्ञ रहेको कुरा बताउँदै निरूत्तर पार्दछन् । केही बेर पछि हरिबाबु घरबाट निस्कन्छन् । श्रीमती उनलाई रात्रिको अँध्यारोमा धेरै टाढासम्म आँखाले भ्याउन्जेल हेर्छिन् र कथाको आदि भाग सकिन्छ ।

**ख) मध्य भाग**

हरिबाबु घरबाट निस्केर डेढ घण्टा हिँडेपछि कुनै एउटा घरको ढोका ढकढक्याउन पुगेपछि कथाको मध्यभाग अर्थात् उत्कर्ष भागको आरम्भ हुन्छ । हरिबाबुले ढोका ढकढक्याएपछि भित्रबाट सुनकलीले ढोका खोल्छिन् । हरिबाबुसँग सँगै थुनिएका उनका पति पनि आएका छन् कि भनी सुनकलीले आशा गर्छिन् तर निराश हुन्छिन् । हरिबाबुले जिज्ञासा राखेपछि आफ्नो श्रीमान् दिलमान आए कि ? भन्ने आशा गरेको बताउँछिन् तर हरिबाबु भने दिलमानको अवस्थाबारे आफू अनभिज्ञ रहेको कुरा बताउँछन् र उल्टै सुनकलीलाई नै दिलमानको खबर सोध्छन् । सुनकली सशङ्कित हुन्छिन् । दिलमान हरिबाबुसँग विद्रोहका बेला जेलमा परेको हुन्छ । उसको अवस्था अज्ञात हुन्छ । यता सुनकलीले एउटा पसल चलाइरहेकी हुन्छिन् । हरिबाबुले एकछिन पछि सुनकलीलाई रक्सी ल्याउन आग्रह गर्छन् । कहिल्यै रक्सी नखाने हरिबाबुको त्यो आग्रहप्रति सुनकली चकित पर्छिन् । हरिबाबुले चाहिँ अवस्थलाई सहज बनाउँदै थकाइ लागेकाले आज अलिकति चाख्न खोजेको बताउँछन् र कथाको मध्यभाग अर्थात् उत्कर्ष भागको अन्त्य हुन्छ ।

**ग) अन्त्य भाग**

सुनकलीले हरिबाबुको अगाडि रक्सीको बोतल र गिलास राखिदिए पछि कथाको उत्कर्ष ओरालोतिर भर्छ । हरिबाबुले बोतलको जम्मै रक्सी एकै पटकमा सिध्याउँछन् र रक्सीले मात्दै जान्छन् । आफ्नो बाहिरी होस हराउँदै गएपछि हरिबाबु आफ्नो अचेतन मनको सुनकलीप्रतिको यौन उत्कण्ठा पोख्न थाल्छन् । उनी सुनकलीको रूपको प्रसंसा गर्दै आफूले सुनकलीलाई भेट्ने

ठूलो इच्छा पहिल्यै देखि रहेको बताउँछन् । सुनकलीकै लागि भनेर आफू यति घनघोर बर्सातको रातमा पनि आइपुगेको कुरा प्रकट गर्छन् । आज सुनकलीको पुष्ट यौवनको उपभोग गर्न आफू आएको बताउँदै हरिबाबु सुनकली माथि जाइलाग्छन् । तर उता सुनकलीको हरिबाबुप्रतिको आशा, विश्वास र आस्था भने चिनियाँ गिलास फुटे झै टुक्रा-टुक्रा भएर फुट्छ र उनी निराश र असहायपनलाई ओढेर हरिबाबुलाई आफ्नो तन सुम्पन्छिन् र कथाको अन्त्य भाग सकिन्छ ।

## ४.१२.२ पात्र वा चरित्र

प्रस्तुत कथामा हरिबावु र सुनकली प्रत्यक्ष र प्रमुख पात्रका रूपमा उपस्थित भएका छन् भने यी दुई पात्रहरू बाहेक कथामा अन्य पात्रहरूको उपस्थिती देखिँदैन । यी पात्रहरूलाई निम्नानुसार क्रमशः विश्लेषण गरिएको छ ।

### क) हरिबावु

हरिबावु कथाको प्रमुख तथा केन्द्रिय पात्र हो । कथामा उसकै चरित्रलाई विश्लेषण गरिएको छ । उसको चारित्रिक विशेषताहरू कथामा मूल रूपमा उल्लेख गरिएका छन् । गाउँघरमा हरिबावुको ठूलो इज्जत देखिन्छ । पैसामा पछि परे पनि इज्जत र प्रतिष्ठामा निकै सम्पन्न छ । गरिवी र निमुखाहरूका लागि देवता सम्मान देखिएको छ । गरिबहरूलाई अभावबाट माथि उठाएर धनीको बराबरीमा ल्याउन चाहने ऊ क्रान्तिकारी पात्र हो । राजनीतिमा  लागेकाले कैयौं पटक जेल पनि परिसकेको छ । उसको शारिरीक हुलिया यस्तो छ : उमेर अट्ठाईस वर्षको आसपास, उचाई पाँच फीट चार इन्छ दुब्लो, पातलो प्रायः झुस्स दारी पालेका, देव्रे आँखा माथि खत, सधैं जसो पाइन्ट–कमिज र चप्पल, घुम्रिएको कपाल प्रायः नकोरिएको । यस किसिमको बाह्य विशेषता हरिबावुमा देखिन्छ । बैचारिक रूपमा ऊ क्रान्तिमा विश्वास गर्ने पात्र हो । राज्य व्यवस्थाको विरोधमा प्रचार प्रसार गर्ने, देशको विभिन्न भागमा पुगेपनि अपरिचित मानिसलाई समेत छिट्टै प्रभाव पार्न सक्ने, प्रशासनका लागि कपाल दुखाईको विषय समेत बनेको कुरा कथामा उसका चारित्रिक विशेषताका रूपमा उल्लेख गरिएका छन् । समाजमा राजनैतिक र सामाजिक उडान कायम गरेको हरिबाबुले कथाको अन्त्यमा आफ्नै साथीकी पत्नी सुनकलीको सतीत्व लुट्न खोज्छ । यसबाट उसमा पूर्व चरित्रको विरोधाभासपूर्ण चरित्र देखिन्छ । जसले कथाको अन्त्यमा उसलाई खरठद्बच रित्रका रूपमा उभ्याइएको छ । ऊ समाजमा प्रतिष्ठित कहलिएका व्यक्तिहरूले गर्ने भित्री व्यभिचार गर्ने थुप्रै

छन् । यसले पात्रहरूको 'हरिबावु' प्रतिनिध पात्र भएकाले वर्गीय पात्र हो । समग्रमा ऊ खराब पात्र हो ।

### ख) सुनकली

कथामा 'सुनकली' सहायक पात्रका रूपमा उभिएकी छ । जेल परेको आफ्नो पति छुटेर आउने आशामा उसले आफ्नो जवानीलाई पवित्र पारेर राखेकी छ । तर आफ्नै पतिको साथीले सच्चा चरित्रको खोल ओढेर उसको सतित्वलाई लुट्छ । त्यसैले ऊ समाजका ठालुका कामुक आँखाले सताइने थुप्रै असहाय नारीहरूकी प्रतिनिधि पात्र हो । यस आधारमा ऊ वर्गीय चरित्रका रूपमा देखिएकी छ । कथामा हरिबावुले नैतिक सीमा नाघ्न खोज्दा ऊ डराएकी छे । तर प्रतिकार गर्न सकेकी छैन । त्यसैले ऊ सहनशील पीडित र समाजमा ठालुको अन्याय सहने नारीका रूपमा कथामा प्रस्तुत भएकी छे ।

### ४.१२.३ परिवेश

प्रस्तुत कथाको परिवेश मुख्य गरेर विकसित ग्रामीण भेगको देखिन्छ । सुनकली जस्ता पात्र गाउँकै प्रतिनिधि हुन् । त्यसै गरी राति सवै गाउँले निदाएको कुराको उल्लेख । विद्युतको सुविधा नभएको ग्रामीण वस्तीमा टुकी वालिएको कुरा कथामा उल्लेख गरिएको छ । ग्रामीण वस्तीमै हरिबाबुको जन्मको कुरा र उनको कार्य क्षेत्र पनि ग्रामीण भेगमै देखाइएकाले यस कथामा ग्रामीण परिवेश प्रस्तुत भएको छ ।

### ४.१२.४ उद्देश्य

प्रस्तुत 'हरिबावु' कथामा कथाकारले हरिबावुका माध्यमबाट समाजको परिवर्तन र क्रान्तिका लागि मरिमेट्ने तथा राजनीतिक भाषण छाँट्ने आडम्वरी व्यक्तिहरूले कसरी जेलमा पतिले कठोर यातना काटिरहेको अवस्थामा त्यसताको असहाय पत्नीको रात्रिको अन्धकारमा सतीत्व लुट्न तम्सन्छन् भन्ने तथ्यलाई उजागर गर्नु नै प्रस्तुत कथाको उद्देश्यका रूपमा देखिएको छ ।

### ४.१२.५ दृष्टिबिन्दु र भाषाशैली

प्रस्तुत हरिबाबु सामाजिक विषयमा आधारित कथा हो । राजनैतिक परिवेशमा घटेको घटनालाई आधार बनाएर पुरूषले अबला नारीलाई यौनको जाँतोमा पिसेको यथार्थलाई कथाले

देखाउन खोजेको छ । हरिबाबु कथाको प्रमुख पात्र हो र कथामा हरिबाबुको चरित्रोद्घाटन गरिएकाले कथा चरित्रप्रधान बनेको छ र कथाले यौन मनोविज्ञानलाई उदेघाटन पनि गरेको छ । कथाको वणन शैली वर्णनात्मक छ । शब्दहरूको संयोजनमा आगन्तुक र तत्सम शब्दको प्रयोग कथानक सुहाउँदो छ । कथाको आधा भाग चरित्र विश्लेषणमै खर्च भएकोले कथामा वर्णनात्मक शैलीको प्रभाव परेको छ । कथनपद्धतिका दृष्टिले कथा स्वयम् कथाकारबाटै मुखरित भएकाले कथामा तृतीय पुरूष (सर्वज्ञ) दृष्टिबिन्दुको प्रयोग छ । भाषाशैलीका आधारमा कथामा प्रयुक्त केही शब्द तथा पदावलीहरू यसप्रकार छन् :

**तत्सम शब्द :**

असन्तुष्ट, युवा, प्रतिक्रिया, अनुमान, मासिक, नगण्य, सम्बन्धित, व्यवसाय, प्रकाश, अभाव, सम्पत्ति, सफल, मर्यादा, प्रतिष्ठा, त्रिवेणी, उपयुक्त, भव्य, परिणत, आर्जन, उदाहरण, ईर्ष्या, सशक्त, आशाकेन्द्र, सङ्क्षिप्त, शोषण, अत्याचार, समानता, विपन्न, सीमित, अङ्गप्रत्यङ्ग, शङ्का, धारणा, घोषणा, तल्लीन, ज्यामितीय, यथावत् निष्कलङ्क, जन्मदाता, सङ्गठन, कार्यक्षेत्र, दशक, परिपक्वता, अध्ययन, उत्कण्ठा, समवयस्क, भूमिगत, कर्मठ, पुस्तकपुस्तिका, अनुपस्थिति,

**आगन्तुक शब्द**

स्कुल, जागिर, आम्दानी, ठेक्कापट्टा, ग्राहक, अदालत, रफ्तार, फाइल, पाइन्ट, कमिज, चप्पल, पम्प्लेटिङ, जेल, गन, वारेन्ट, किताब, बोतल, गिलास,

**टुक्काहरू**

हाड घोट्नु, हातमा ठेला पार्नु, मन जित्नु, मन तान्नु, आँखा घुमाउनु, आँखाको कसिङ्गर हुनु, गति लिनु, प्रभाव पार्नु, कपाल दुख्नु, मुख थुन्नु, टुङ्गो लाग्नु, आशा गर्नु, प्रभावमा ल्याउनु ,

## ४.१३ सस्तो कारोवार ?

### ४.१३.१ कथानक

उकुच सामाजिक विषयवस्तुमा आधारित चरित्रप्रधान कथा हो । कथाका दुई पात्रको प्रेम र उनीहरूलाई समाजले रोकेको संस्काररूपी पर्खालले मिलन हुन नदिएको मूल विषयलाई कथाले कथानक बनाएको छ । वृत्ताकारीय ढाँचामा लेखिएको कथाको कथानक समय क्रमको

विश्रृङ्खलतामा अगाडि बढेको छ । कथाको यही कथानकलाई आदि मध्य र अन्त्य भागका आधारमा विश्लेषण गरिन्छ ।

## क) आदि भाग

कथामा म पात्र (प्रकाश) ले आफ्नो कोठामा रहेको दराजबाट पुराना किताबमध्येबाट निलो आवरणको किताब निकालेपछि कथानक सुरू हुन्छ । म पात्रले पुस्तक निकालेर पुस्तक हेर्ने बित्तिकै उसको पूर्वस्मृतिको कथानक सुरू हुन्छ । म पात्रले अवकाश लिएको पाँच वर्ष पुगिसकेको छ । उसको स्मृतिले सहप्राध्यापकमा बढुवा भएर नयाँ क्याम्पसमा पदस्थापन भएको र त्यहाँ पन्ध्र वर्ष अध्ययन गरेको कुरा सम्भन्छ । किताबसँग उसको अर्को पक्ष जोडिन्छ । राधासँग उसको क्याम्पसमा भेट भएको हुन्छ । उनीहरू भेट हुँदा स्तम्भित हुन्छ । राधाले प्रकाशलाई किन अलमलिएको भन्ने प्रश्न सोध्छे । प्रकाशले राधासँग किन फेरि भेट भएको भनेर प्रश्न गर्छ । राधा प्रकाशलाई पुराना र अतितका कुरालाई बिर्सेर यस भेटलाई नयाँ र पहिलो भेट बनाउन आग्रह गर्छे । त्यसपछि सधैं जसो क्याम्पसमा भेट हुन्छ । उनीहरू अतितका बारेमा कहिल्यै कुरा गर्दैनन् । एक दिन म पात्र डेरा फर्किदा बाटोमा राधा भेटिन्छे । राधाले आफ्नो घरमा निम्तो गर्छे म पात्रले स्वीकार गर्छ । घरभित्र पुगेर विभिन्न विषयमा कुराकानी हुन्छन् । म पात्रले राधाको श्रीमान् र छोराछोरीको बारेमा सोध्छ । राधा घरमा आफू एक्लै भएको कुरा बताउँछे । म पात्र जिलिन्छ । राधा आफूले श्रीमान्सँग नाता तोडेको कुरा बताउँछे । म पात्रले राधासँग यति ठुलो सत्य लुकाएको पनि गुनासो गर्छ । राधा चिया बनाउन कोठाबाट बाहिर निस्किन्छे । म पात्र फेरि पूर्व स्मृतिमा फर्कन्छ । म पात्र र राधा विद्यालयको पढाइ सकेर महाविद्यालयमा अध्ययन गर्न संयोगवंश एउटै क्याम्पसमा भेट हुन्छन् । एक अर्कालाई प्रेम गर्न थाल्छन् तर व्यक्त गर्न सक्दैनन् । एक दिन वनभोजको रमाइलोमा एकान्तको मौका पारेर बुबाले आफ्नो बिहे निश्चित गरिदिएको कुरा गर्छे । म पात्र व्यथित हुन्छ । म पात्र राधालाई भगाउने योजना बनाउँछ र चिठी लेख्छ । उत्तरको प्रतिक्षामा राधाको इशाराअनुसार राधाको डेरा नजिक सडकमा पुग्छ । राधाले इट्टामा बसेर चिठी फाल्छे तर क पात्रमहाँ इट्टा मात्र आइपुग्छ । यत्तिकैमा म पात्र पूर्वस्मृतिबाट फर्कन्छ र कथाको प्रारम्भ भाग सकिन्छ ।

**ख) मध्य भाग**

म पात्रले विगतमा चिठी फाल्दा गरेको गल्ती प्रति गुनासो गर्छ । राधा पनि त्यस कुरा प्रति आफू सधैँ पिरोलिएको कुरा बताउँछे र बिहेपछि श्रीमानबाट अलग्गिनु परेको र फेरि अध्ययन सुरू गरेको तथा म पात्रसँग भेट भएको । यो वार्तापछि म पात्र सधैँ जसो राधाको घरमा जान्छ । राधाको घरमा कुनै मान्छे नगएको देखेपछि ऊ राधालाई जिज्ञासा राख्छ । राधा म पात्रलाई भित्तामा रहेका तस्विर देखाउँछे । ती तस्बिर र मान्छेका बीचको फरक बारे धारणा माग्छे । म पात्र अल्मलिन्छ । राधा बिदेशी चरा चुरूङ्गीको आत्मीयता मानिसमा नभएको गुनासो पोख्छे । म पात्र केही गर्न सक्दैन । म पात्र र राधाको बीचको यस प्रसङ्गले फेरि ओइलिएको प्रेमलाई हरियाली दिन खोज्छ । तर दुई महिना पछि यिनीहरूको सम्बन्ध फेरि टुक्रन पुग्छ । त्यसको कारण म पात्र स्वयम् हुन्छ । उसको राधासँग भेट हुने क्याम्पसमा पदस्थापन भएर आउँदा खेरि नै म पात्रले दुर्गमनाको कारण देखाएर सरूवाको माग गरेको हुन्छ र त्यो माग पुरा हुन्छ । म पात्रले दुखी भए राधालाई यो कुरा सुनाउँछ तर राधाले कुनै प्रतिक्रिया दिन्न । त्यो ठाउँ छोड्नु अघि म पात्र राधालाई भेट्न जान्छ । राधाले छुट्टिने बेला एउटा पुस्तक दिन्छे र पढ्नु भन्छे । दुवै जना रून्छन् । म पात्र छुट्टिएपछि राधासँग पत्राचार गर्छ तर केहि दिनको पत्राचार पछि पत्रहरू फिर्ता आउन थाल्छन् । म पात्रले राधालाई गर्भवती बनाएकाले क्याम्पस आउन छाडेको पनि थाहा पाउँछ । केहि दिन आचशा गर्छ तर राधाको अत्तोपत्तो पाउँदैन । ऊ फेरि पूर्वस्मृतिबाट फर्कन्छ र किताबलाई दराजमा थन्क्याएर कोठाबाट बाहिर निस्कन्छ । अब ऊ जताततै रालाई देख्न थाल्छ र किताबलाई बारम्बार हेर्न र मुसार्नमा नै दिन बिताउँछ र कथाको मध्यभाग पनि सकिन्छ ।

**ग) अन्त्य भाग**

म पात्र राधाको सम्झनामा व्यथित हुन्छ । ऊ राति निदाउन सक्दैन । औषधि लिन थाल्छ तर पनि निदाउन सक्दैन । उसलाई पारिवारिक सन्तुलन खल्बलिने चिन्ताले सताउन थाल्छ । केही दिन पछि म पात्र आफ्नो दराजका पुराना पत्रिका कागजात र राधाले दिएको निलो किताब सबै जम्मा पारेर जलाउँछ । श्रीमतीका सहसा आगनलाई देखेर परिस्थितिलाई सहज बनाउन फुलका बोटलाई मल नपुगेर यी काम नलाग्ने कागज जलाएको भन्छ र फुलको अवस्थाप्रति चिन्ता व्यक्त गर्छ । केही दिनपछि फुलहरू फुल्छन् राम्रा हुन्छन् । म पात्र फक्रिएका फुलमा राधालाई आरोपित गरेर चित्त बुझाउँछ । फुलेका फुलहरूमध्ये कृष्णकली फुललाई ऊ राधा समझेर माया गर्न र स्याहार गर्न थाल्छ । उसलाई फेरि दराज, किताब र फुलहरूले

पोल्न थाल्छन् र उसले आफ्नो घर बेच्नका लागि पत्रिकामा विज्ञापन दिन्छ र कथाको अन्त्य भाग अर्थात कथाको सम्पूर्ण कथानक सकिन्छ ।

### ४.१३.२ पात्र वा चरित्र

प्रस्तुत कथामा लिने 'ल' र दिने 'द' गरी कथाकारले नवीन शैलीमा पात्रहरूको चयन गरेका छन् । प्रस्तुत 'ल' लाई कुनै व्यक्तिमा पात्र नभएर जनआन्दोलनमा सहभागी हुने आन्दोलनकारी अथवा विद्रोहीहरूलाई सङ्केत गरिएको छ भने 'द' पात्रलाई तत्कालिन सत्ताधारी पक्षमा अनुवादहरू राजनेताहरू वा शासकका रूपमा सङ्केत गरिएको छ । कथामा यी पात्रहरूलाई चारित्रिक विशेषताका रूपमा औल्याउन सकिँदैन । यी पात्रहरूमा त्यतिबेलाका सत्तासीन व्यक्तिहरूको स्वार्थी र दमनकारी प्रवृत्ति देखिन्छ भने 'ल' पात्रमा परिवर्तनको चाहना राखेर जति आन्दोलन गरे पनि न्यून उपलब्धिमै चित्त बुझाउनु पर्ने सोझो प्रवृत्तिका जनतालाई सङ्केत गरिएको छ ।

### ४.१३.३ परिवेश

प्रस्तुत कथामा नेपालको केन्द्रीय शहर काठमाण्डौंको सेरोफेरोमा घुमेको छ । कथामा जन आन्दोलन, प्रहरी परिचालन, कफर्यु, अस्पताल आदि स्थानहरूको उल्लेख गरिएको छ । जुलुसको नारावाजी, सालिकको उल्लेख गर्नुले तत्कालिन जनआन्दोलन र त्यसवेलाको परिवेशलाई उतारिएको छ । समग्रमा कथामा शहरीया परिवेश उल्लेख छ ।

### ४.१३.४ उद्देश्य

प्रस्तुत 'सस्तो कारोवार ?' कथामा कथाकारले आन्दोलन र विद्रोह जनताले जुन आशा र उद्देश्यले गरेका हुन्छन् । तिनका अगुवाले त्यसको उपलब्धीमा सत्तापक्षसँग जनता कै हित विपरीत देखाउन खोजिएको छ । त्यसै गरी विना कारण आन्दोलनका चपेटामा घाइते र मारिएका व्यक्तिहरू माथि राजनीति गर्ने राजनेताले स्वार्थ र पदका निम्ति सहिदको दोसल्ला ओढाउने प्रवृत्ति प्रति तीखो व्याङ्ग्य प्रहार गर्नु नै यस कथाको मूल उद्देश्य देखिएको छ ।

### ४.१३.५ दृष्टिविन्दु र भाषाशैली

कथामा कथाकारले तृतीय पुरूष दृष्टिविन्दुको प्रयोग गरेका हुन् । कथामा विभिन्न घटनाहरूको वर्णन गरिएको छ । वर्णनमा चित्तात्मक शैली र वर्णनात्मक शैली दुवै मिश्रित छ ।

कथामा प्रतिका र बिम्बहरूको प्रयोग गरिएको छ । आगन्तुक शब्दको प्रसङ्गवश प्रयोग मात्र हो । तद्भव र आगन्तुक शब्दका प्रयोगले भाषिक प्रयोगमा सरलता देखिएकाले भाषा शैली कथा अनुकूल देखिएको छ ।

## ४.१४ उकुच

### ४.१४.१ कथानक

उकुच सामाजिक विषयवस्तुमा आधारित चरित्रप्रधान कथा हो । कथाका दुई पात्रको प्रेम र उनीहरूलाई समाजले रोकेको संस्काररूपी पर्खालले मिलन हुन नदिएको मूल विषयलाई कथाले कथानक बनाएको छ । वृत्ताकारीय ढाँचामा लेखिएको कथाको कथानक समय क्रमको विश्रृङ्खलतामा अगाडि बढेको छ । कथाको यही कथानकलाई आदि मध्य र अन्त्य भागका आधारमा विश्लेषण गरिन्छ ।

**क) आदि भाग**

कथामा म पात्र (प्रकाश) ले आफ्नो कोठामा रहेको दराजबाट पुराना किताबमध्येबाट निलो आवरणको किताब निकालेपछि कथानक सुरू हुन्छ । म पात्रले पुस्तक निकालेर पुस्तक हेर्ने बित्तिकै उसको पूर्वस्मृतिको कथानक सुरू हुन्छ । म पात्रले अवकाश लिएको पाँच वर्ष पुगिसकेको छ । उसको स्मृतिले सहप्राध्यापकमा बढुवा भएर नयाँ क्याम्पसमा पदस्थापन भएको र त्यहाँ पन्ध्र वर्ष अध्ययन गरेको कुरा सम्झन्छ । किताबसँग उसको अर्को पक्ष जोडिन्छ । राधासँग उसको क्याम्पसमा भेट भएको हुन्छ । उनीहरू भेट हुँदा स्तम्भित हुन्छ । राधाले प्रकाशलाई किन अलमलिएको भन्ने प्रश्न सोध्छे । प्रकाशले राधासँग किन फेरि भेट भएको भनेर प्रश्न गर्छ । राधा प्रकाशलाई पुराना र अतितका कुरालाई बिर्सेर यस भेटलाई नयाँ र पहिलो भेट बनाउन आग्रह गर्छे । त्यसपछि सधैं जसो क्याम्पसमा भेट हुन्छ । उनीहरू अतितका बारेमा कहिल्यै कुरा गर्दैनन् । एक दिन म पात्र डेरा फर्किदा बाटोमा राधा भेटिन्छे । राधाले आफ्नो घरमा निम्तो गर्छे म पात्रले स्वीकार गर्छ । घरभित्र पुगेर विभिन्न विषयमा कुराकानी हुन्छन् । म पात्रले राधाको श्रीमान् र छोराछोरीको बारेमा सोध्छ । राधा घरमा आफू एक्लै भएको कुरा बताउँछे । म पात्र जिलिन्छ । राधा आफूले श्रीमान्सँग नाता तोडेको कुरा बताउँछे । म पात्रले राधासँग यति ठुलो सत्य लुकाएको पनि गुनासो गर्छ । राधा चिया बनाउन कोठाबाट बाहिर निस्किन्छे । म पात्र फेरि पूर्व स्मृतिमा फर्कन्छ । म पात्र र राधा विद्यालयको पढाइ सकेर महाविद्यालयमा अध्ययन गर्न संयोगवंश एउटै क्याम्पसमा भेट हुन्छन् । एक

अर्कालाई प्रेम गर्न थाल्छन् तर व्यक्त गर्न सक्दैनन् । एक दिन वनभोजको रमाइलोमा एकान्तको मौका पारेर बुबाले आफ्नो बिहे निश्चित गरिदिएको कुरा गर्छे । म पात्र व्यथित हुन्छ । म पात्र राधालाई भगाउने योजना बनाउँछ र चिठी लेख्छ । उत्तरको प्रतिक्षामा राधाको इशाराअनुसार राधाको डेरा नजिक सडकमा पुग्छ । राधाले इट्टामा बसेर चिठी फाल्छे तर क पात्रमहाँ इट्टा मात्र आइपुग्छ । यत्तिकैमा म पात्र पूर्वस्मृतिबाट फर्कन्छ र कथाको प्रारम्भ भाग सकिन्छ ।

**ख) मध्य भाग**

म पात्रले विगतमा चिठी फाल्दा गरेको गल्ती प्रति गुनासो गर्छ । राधा पनि त्यस कुरा प्रति आफू सधैँ पिरोलिएको कुरा बताउँछे र बिहेपछि श्रीमानबाट अलग्गिनु परेको र फेरि अध्ययन सुरू गरेको तथा म पात्रसँग भेट भएको । यो वार्तापछि म पात्र सधैँ जसो राधाको घरमा जान्छ । राधाको घरमा कुनै मान्छे नगएको देखेपछि ऊ राधालाई जिज्ञासा राख्छ । राधा म पात्रलाई भित्तामा रहेका तस्विर देखाउँछे । ती तस्बिर र मान्छेका बीचको फरक बारे धारणा माग्छे । म पात्र अल्मलिन्छ । राधा बिदेशी चरा चुरूङ्गीको आत्मीयता मानिसमा नभएको गुनासो पोख्छे । म पात्र केही गर्न सक्दैन । म पात्र र राधाको बीचको यस प्रसङ्गले फेरि ओइलिएको प्रेमलाई हरियाली दिन खोज्छ । तर दुई महिना पछि यिनीहरूको सम्बन्ध फेरि टुक्रन पुग्छ । त्यसको कारण म पात्र स्वयम् हुन्छ । उसको राधासँग भेट हुने क्याम्पसमा पदस्थापन भएर आउँदा खेरि नै म पात्रले दुर्गमनाको कारण देखाएर सरूवाको माग गरेको हुन्छ र त्यो माग पुरा हुन्छ । म पात्रले दुखी भए राधालाई यो कुरा सुनाउँछ तर राधाले कुनै प्रतिकिया दिन्न । त्यो ठाउँ छोड्नु अघि म पात्र राधालाई भेट्न जान्छ । राधाले छुट्टिने बेला एउटा पुस्तक दिन्छे र पढ्नु भन्छे । दुवै जना रून्छन् । म पात्र छुट्टिएपछि राधासँग पत्राचार गर्छ तर केहि दिनको पत्राचार पछि पत्रहरू फिर्ता आउन थाल्छन् । म पात्रले राधालाई गर्भवती बनाएकाले क्याम्पस आउन छाडेको पनि थाहा पाउँछ । केहि दिन आचशा गर्छ तर राधाको अत्तोपत्तो पाउँदैन । ऊ फेरि पूर्वस्मृतिबाट फर्कन्छ र किताबलाई दराजमा थन्क्याएर कोठाबाट बाहिर निस्कन्छ । अब ऊ जताततै रालाई देख्न थाल्छ र किताबलाई बारम्बार हेर्न र मुसार्नमा नै दिन बिताउँछ र कथाको मध्यभाग पनि सकिन्छ ।

**ग) अन्त्य भाग**

म पात्र राधाको सम्झनामा व्यथित हुन्छ । ऊ राति निदाउन सक्दैन । औषधि लिन थाल्छ तर पनि निदाउन सक्दैन । उसलाई पारिवारिक सन्तुलन खल्बलिने चिन्ताले सताउन थाल्छ । केही दिन पछि म पात्र आफ्नो दराजका पुराना पत्रिका कागजात र राधाले दिएको निलो किताब सबै जम्मा पारेर जलाउँछ । श्रीमतीका सहसा आगनलाई देखेर परिस्थितिलाई सहज बनाउन फुलका बोटलाई मल नपुगेर यी काम नलाग्ने कागज जलाएको भन्छ र फुलको अवस्थाप्रति चिन्ता व्यक्त गर्छ । केही दिनपछि फुलहरू फुल्छन् राम्रा हुन्छन् । म पात्र फक्रिएका फुलमा राधालाई आरोपित गरेर चित्त बुझाउँछ । फुलेका फुलहरूमध्ये कृष्णकली फुललाई ऊ राधा समझेर माया गर्न र स्याहार गर्न थाल्छ । उसलाई फेरि दराज, किताब र फुलहरूले पोल्न थाल्छन् र उसले आफ्नो घर बेच्नका लागि पत्रिकामा विज्ञापन दिन्छ र कथाको अन्त्य भाग अर्थात कथाको सम्पूर्ण कथानक सकिन्छ ।

**४.१४.२ पात्र वा चरित्र**

प्रस्तुत 'उकुच' चरित्रप्रधान कथा हो । यस कथामा 'म' पात्र 'प्रकाश' र राधा प्रमुख पात्रकाा रूपमा देखिएका छन् । अन्य पात्रहरूमा प्रकाशकी 'पत्नी' रहेकी छे । प्रकाशकी पत्नी कथामा गौण पात्रका रूपमा कथामा उभिएकी छे । यसबाहेक राधाका आमाबुबा नेपथ्य पात्रका रूपमा देखिएका छन् । यिनको कथामा कुनै प्रत्यक्ष भूमिका देखिँदैन । त्यसैले 'म' पात्र 'प्रकाश', राधा र प्रकाशकी पत्नीलाई क्रमशः विश्लेषण गरिएको ।

**क) म पात्र (प्रकाश)**

म पात्र यस कथाको मुख्य तथा केन्द्रीय पात्र हो । कथामा म पात्रको  चारित्रिक सेरोफेरोमा नै यो कथा अगाडि बढेको छ । कथामा 'म' पात्र स्वयम्ले नै कथाको इतिवृत्तको वर्णन गरेकाले उसको चारित्रिक विशेषता अदृश्य देखिन्छ । राधासँगको प्रेमप्रसङ्गको  वर्णनले म पात्र लजालु, सङ्कुचित स्वभावको देखिएको छ । राधासँग खुलस्त कुरा गर्न नसक्नु यसको उदाहरण  हो । राधासँगको वियोगमा विभिन्न पूलहरूबाट मन बहलाउन खोज्नुले म पात्र अर्न्तमुखी स्वभावको देखापर्दछ । फूलहरूको रूचिबाट प्रकृतिप्रेमि पनि देखिन्छ । आफ्नो प्रेमलाई प्रकट गर्न पनि नसक्ने र प्रेमलाई प्रकट गर्न पनि नसक्ने र प्रेमिकालाई विर्सन पनि नसक्ने 'म' पात्र कमजो मानसिकता भएको निरीह पात्रका रूपमा देखा परेको छ ।

**ख) राधा**

राधा यस कथाकी सहायक पात्र हो । उ कथामा  वर्गीय चरित्रका रूपमा देखा परेकी छे । आफ्नो प्रेमलाई गोप्य राख्नुपर्ने विवशता र प्रेमीलाई सन्देश पु¥याउन नसक्नुले उसको जीवन दुर्घटित बन्न पुगेको छ । उ समाजमा  आफुले चाहेको युवकसँग बिहे गर्न नपाउने तथा संस्कार र समाजको परिबन्दमा घेरिएको असहाय नारीहरूकी प्रतिनिधि पात्र हो । जीवनको मध्यमा आइपुग्दा आफ्नो स्वतन्त्रताबाट जागेकी स्वतन्त्रताप्रेमी पात्रका रूपमा राधा उभिएकी छे । आफ्नो स्वतन्त्र जीवनको चुनाव आफैँले गरेकी छे । 'आँशु भित्रै पचाउन अभ्यस्त भैसकेकी छु' (सिंह,६३) ले ऊ समाजको परम्परालाई चिर्न चाहने क्रान्तिकारी पात्रका रूपमा कथामा प्रस्तुत भएकी छे ।

**ग) अन्य पात्रहरू**

अन्य पात्रहरूमा म पात्रकी पत्नी उपस्थित भएकी छे । कथामा उसको मुख्य उपस्थिति देखिँदैन । म पात्रको सहायक भएर उसको चरित्र पेषकका रूपमा म पात्रकी पत्नीको उपस्थिति देखिन्छ । त्यसैले ऊ यस कथाकी गौण तथा मुक्त पात्र हो ।

**४.१४.३ परिवेश**

प्रस्तुत 'उकुच' कथाको परिवेश शहरी क्षेत्रमा आधारित छ । म पात्रको घर र क्याम्पस शहरकै परिवेशमा आधारित छ । क्याम्पसको वातावरणले कथाको क्षेत्र शहर हो भन्ने सङ्केत गरेको छ । राधाले फ्याँकेको पत्र उडेर शहरका अरू घरहरूमा पुगेको कुराले यस कथाको घटना क्षेत्र र परिवेश मध्य शहरको कुनै भाग हो भन्ने पुष्टि गर्छ । कथाको म पात्रले कथामा स्थान परिवर्तन गरेको छ तर त्यस स्थानको नाम र परिवेश चाँहि उल्लेख गरिएको छैन म पात्रको घर 'शहरको मध्यमा नै छ भन्ने कुरा विज्ञापनमा शहर क्षेत्र भित्रकै सुविधायुक्त ठाउँको आधुनिक सुविधायुक्त घर सुपथ मूल्यमा बिक्रिमा छ' (सिंह,६१) भन्ने कुराको उल्लेखलले कथाको मुख्य परिवेश सहर हो भन्न सकिन्छ ।

**४.१४.४ उद्देश्य**

प्रस्तुत 'उकुच' कथा असफल प्रेमको चिन्ताग्निमा जपिलरहेका दुई पात्रहरूको चरित्रप्रधान कथा हो । कथामा कथाकारले 'म' पात्र र राधाको बीचमा रहेको असफल प्रेमलाई मारम्पारिक मान्यता बिरूद्ध हारका रूपमा देखाएका छन् । कथामा कथाकारले दुई प्रेमीको

प्रेममा समाजले कसेको बन्धन , बिरोध र पर्दाले गर्दा समाजमा नारी र पुरूषको जीवन दुर्घटित बन्न पुग्दछ जसको क्षतिपूर्ति समाजका कसैले पनि दिँदैनन् र त्यसको परिणाम आफैं भोग्नुपर्छ भन्ने देखानुनै यस कथाको मुख्य उद्देश्य रहेको छ ।

### ४.१४.५ दृष्टिबिन्दु र भाषाशैली

प्रस्तुत उकुच चरित्रप्रधान कथा हो । यस कथामा कथाकारले वृत्ताकारीय कथानक ढाँचा र प्रथम पुरूष दृष्टिबिन्दु प्रयोग गरिएको छ । कथाका दुई म पात्र र राधा दुबैलाई मनोवैज्ञानिक शैलीबाट विश्लेषण गरिएको छ । आत्मालायीय शैलीमा कथा अगाडि बढेको छ तर भाषा शैली सरल र स्पष्ट देखिन्छ । छोटा छोटा वाक्य र उपमा तथा बिम्बको प्रयोगले घटना सरल छ । पूर्वस्मृतिको प्रक्रियाले कथाशैली जटिल जस्तो देखिए पनि सुबोध्य छ । भाषामा तद्भव, तत्सम र आगन्तुक शब्द तथा छोटा छोटा टुक्काको प्रयोगले कथाको भाषिक संरचना छरितो सान्दर्भिक र पात्रानुकूल देखिन्छ । कथामा प्रयुक्त केही शब्दहरू यस प्रकार छन् :

संस्कृत तत्सम शब्द : मुख पृष्ठ, भौगोलिक, शताब्दी, उल्लिखित, दृष्टि, अध्ययन रूचि, आकर्षण, प्रस्तुति, भाषिक शिल्प, अवकाश, पदस्थापन, पात्र, स्तम्भित, आशय, स्वीकार, व्यवसाय, विवाहसुत्र, सहन, एकाङ्की, पत्नी, सुमधुर, मानसपटल, आश्चर्यचकित, सम्भवतः आकर्षित, असन्तुलित, जाग्रत, सुषप्त, अङ्कुरित, अभिव्यक्त, अन्तर्मुखी, अपरिपक्व, द्वन्द्व, नवजात, शिशु, कोलाहल, विकल्प, निर्लज्ज, पत्रोत्तर, प्रतीक्षा, अन्यथा, सामीप्य, निकुञ्ज, उर्वर, दाम्पत्य, आमन्त्रित, अवरूद्ध, वियोग, स्मृति, औषधोपचार, पुनरावृत्ति, उत्पीडन, निवृत्त,

**आगन्तुक शब्दहरू :** दराज, किताब, प्यारा, डेरा, गेट, ताला, कुर्सी, गमला, कम्पाउन्ड, नोकरी, क्याम्पस, झ्याल, मोटर, ब्याग, साडी, सुरूआवत, हाइ डोज, भेलियम, कागजात, युरिया, मुजुरा, अखबार, कारोबार

**टुक्का :** पछिपछि लाग्नु, आँखा दौडाउनु, अभिारा सुम्पिनु, भुइँचालो पर्ने, मुख खोल्नु, अगाडि बढ्नु, भुइँ कोट्याउनु, दूरी नाप्नु, आत्मीयता साट्नु

प्रस्तुत कथाको वाक्यगठन, शब्दचयन र अभिव्यक्ति शैली सरल र सुबोध छ । प्रासङ्गिक घटनाको वर्णनात्मक शैलीले कथालाई उत्कृष्ट र बोधगम्य र रूचिपूर्ण बनाएको छ ।

## ४.१५ आलुप्याज /प्याजआलु कथा सङ्ग्रहका लघुकथाहरूको विश्लेषण

### ४.१५.१ कथानक

प्रस्तुत कृतिभित्र जम्मा २६ वटा लघुकथाहरू रहेका छन् । दस हरफेदेखि लिएर पचास हरफे लघुकथाहरू इसमा समावेश गरिएका छन् । लघुकथाहरूमा विभिन्न सामाजिक, राजनैतिक, धार्मिक, साँस्कृतिक विषयवस्तु रहेका छन् । प्राय : राजनैतिक विषयका लघुकथाहरू छन् । पहिलो लघुकथामा मानवदिवसको उपलक्ष्यमा मानवतावादी भाषण गर्ने नेताले विदेशी भाषा बोलेकै भरमा भिख नपाएको कथानक छ । दोस्रो लघुकथा 'कि चल्छ लोक-सेवामा पनि ?' मा हाकिम हरिप्रसादले वातावरण सम्बन्धी गेष्ठीमा  बोल्ने बक्तव्य तयार गर्न नसकेकोमा लोकसेवा अधिकृत घिमिरेमाथि आक्रेशित भएको कथानक छ । तेस्रो कथा 'समाधान' मा सुकुम्बासी टोलमा भ्रष्ट धन खोज्न प्रयोग गर्ने यन्त्रमानवको क्षमता नभएको नेताहरूको चालाखी र भ्रष्ट आचरणको वर्णन गरिएको छ । चौथो लघुकथा 'अमृत मन्त्रीका भान्जा पर्दैनन्' मा मन्त्रीले नेजप्रसादको छोरा अमृतलाई नियुक्ति नदिएर स्कुको मास्टरीमा आफ्नै कान्छा भान्जालाई नियुक्ति दिएको कथानक उल्लेख छ । पाँचौ लघुकथा 'आलुप्याज/प्याजआलु' मा आमाले आफ्ना छोरा छोरीलाई नाम परिवर्तन गरेर एउटै तरकारीलाई फरक तरकारी हो भनी ढाँटेको कुरा कथानकमा आएको छ । छैठौं लघुकथा 'काँचो हलुवावेद' मा स्वाभिमानलाई आधुनिक सभ्यताको सडकमा घायल बन्न पुगेको र कसैले त्यसको उपचार त के सहायतासम्म नदिएको कुरा उल्लेख छ । सातौं लघुकथा 'रामझुपडीको रमाना'मा सिडिओले आफ्नो उद्देश्य अनुरूप सुविधाको प्रयोग गरेको कुरा प्रस्तुत छ । आठौं लघुकथा 'तिमीले मलाई ' मा सम्पत्तिको लोभमा श्रीमतीले श्रीमानलाई धोका दिएको कथानक छ । नवौं लघुकथा 'सुरक्षा फिर्ती' मा आफूले गरेको भ्रष्टाचार लुकाउन दुई दम्पत्तिले अलग-अलग पार्टीमा सदस्यता लिएको कुरा कथानकका रूपमा आएको छ । दसौं लघुकथा 'बाजी' मा नेताहरूले राष्ट्राध्यक्षको पदका लागि आफ्नो देश समेत बाजी लगाएको कुरा सूक्ष्म कथानकका रूपमा आएको छ । एघारौं लघु कथा 'साहुजीको चारो' मा साकूजीले नजिकै बसिरहेका असहाय बालकलाई खान दिनुको सट्टा पुण्य कमाउने लोभमा चरालाई दाना खुवाइरहेको कुरा उल्लेख छ । बाह्रौं लघुकथा 'मयुर पङ्खी कलम' मा राणाकालमा नियमविपरी काम गर्ने कारिन्दाले नियम र कानुननै परिवर्तन गरी सही तुल्याउने पद्धतीको अन्त्य भई कानुन विपरीत नै जाने पद्धतिलाई निरीह भएर हरेक कुरा कथानक बनेर आएको छ । तेह्रौं लघुकथा 'वेवारिस घोषणा पत्र' मा पार्टीहरूले घोषणापत्र जारी गरी जनताहरूलाई ठगेको कुरा उल्लेख छ । चौधौं

लघुकथा ‘चिरा परेको खेत’ मा एउटै परिवारजस्तै मिलेर बसेका गाउँलेहरूमा राजनीतिले दुश्मनीको सृजना गरिदिएको कुरा उल्लेख छ । पन्ध्रौँ लघुकथा ‘बिग्रिएको छोरो’ मा दुई सम्धीको बीच कुराकानी चल्दा मालपोत , भन्सास जस्ता ठाउँमा जागिर खाने छोराहरू सप्रिएका छन्। कलेजमा पढाउने साहित्यिक व्यक्तित्वको छोराचाहिँ अवैध सम्पत्ति कमाउन नसकेर बिग्रेको भन्ने कथानक प्रस्तुत छ । सोह्रौँ लघुकथा ‘अजम्मरी गाई’ मा जग्गा सम्बन्धी मुद्दा जित्न न्यायधीशलाई गाई र राडी जस्ता कुरा उपहार दिइएको कथानक प्रस्तुत छ । सत्रौँ लघुकथा ‘ विक्रमटेम्पोको धुवाँ’ मा निवर्तमान मन्त्रीले विक्रम टेम्पो आफूले आफ्नो कार्यकालमा भित्राएकाले विक्रमटेम्पोको धुवाँ मनपरेको कुरा कथानकका रूपमा आएको छ अठारौँ लघुकथा ‘आधुनिक विचार’ मा जीवनभरि मिहिनेत गरेर पढाएको र डक्टर बनाएको छोराले रामवीरलाई बृद्धाश्रममा पठाएको कुरा कथानक बनेर आएको छ । उन्नाईसौँ लघुकथा ‘कृष्णबहादुरहरू’ मा शिक्षक कृष्ण बहादुरले आफु तल्लो जाति भएकाले अरूले उनीप्रति छुवाछुतको भावना नराखेपनि स्वयम् कृष्णसरले छुवाछुतको भावना राखेको कुरा कथानक बनेर आएको छ । बीसौँ लघुकथा ‘कङ्गारूकोसिकार’ सिकारमा आफैँले भ्रष्टाचार गरी कमजोर घर बनाएको इन्जिनियर हरिकृष्ण त्यहि घरले भुइँचालोमा थिचिएर मरेको कुरा कथानकका रूपमा उल्लेख छ । एक्काइसौँ कथा ‘प्रजातन्त्र’ मा एउटा गोष्ठिमा अल्लो ठिटाहरूले सबैलाई उनीहरूको रूचिअनुसारकै चिया दिँदा गडबड भएपछि जस्तो भए पनि अहोभाग्य ठानेर पिउनुपर्ने कुरालाई स्वीकोस सहभागीहरूले खुरूखुरू चिया पिएको कुरा कथानकमा उल्लेख छ । बाईसौँ लघुकथा ‘जोडिएको घर’ मा एउटा छिमेकीले अर्को छिमेकीलाई गाडीले हानेर हाँस घाइते हँदा त्यको क्षतिपूर्तिमा बठ्याँई गरेर छिमेकीलाई तल पार्न खोजेको कथानक छ । तेइसौँ लघुकथा ‘सक्रिय उद्धार’ मा दुर्घटनामा परेका दुई श्रीमान-श्रीमति मध्ये उद्धारकर्ताहरले श्रीमतीको हरेक अङ्गलाई छोएर अनैतिक कार्य गरी उद्धारको नाममा आफूले युवतीलाई यौन तृप्ति लिएको तर नजिकै रहेको उसको श्रीमान् नरहेको कुरा कथानकका रूपमा उल्लेख छ । चौबीसौँ लघुकथा ‘आइडिया’ मा एउटा घरमा रामवीर भन्ने पात्रले धाराको टुटी ल्याउन छोरालाई अह्राउँदा त्यो आदेश सानो छोरा, आमा, छोरी हँदै पुनः रामवीरकै अगाडि तेर्सिएको कुरा घटनाक्रमका रूपमा प्रस्तुत छ । पच्चीसौँ लघुकथा ‘पूरक पहिरन’ मा दृष्टिहीन भलाइकोषका लागि आयोजित कार्यक्रममध्ये पहिलो कार्यक्रममा आयोजकले मूखमा मलमको पट्टी बाँधेको र पछिल्लो कार्यक्रममा आयोजकले आँखामा गाढा कालो चस्मा लगाएको कुरा कथानक बनेर आएको छ । छब्बिसौँ लघुकथा ‘उन्मुक्ति’ मा दुई भाईले आफ्नो घरमा आफूले प्राप्त गरेको ज्ञान र शिक्षका प्रमाणपत्र भित्तामा टाँस्ने क्रममा एउटा ठाउँका लागि कसको

प्रमाणपत्र टङ्गाउने भन्ने विवाद चल्दै जाँदा उनीहरूको विवनदले उनीहरूको विभेद र विद्वत्ता उडेर गएको कुरा कथानकका रूपमा कथामा व्यक्त भएको छ ।

### ४.१५.२ पात्र वा चरित्र

प्रस्तुत 'आलुप्याज/ प्याज आलु' कथासङ्ग्रह भित्रका लघुकथाहरूमा कथानक अत्यन्त भीनो छ । लघुकथाहरू स्वतः सानो आकारका हुने भएकाले कथानकहरूमा कार्यक्रम आयोजक, गाउँलेहरू, मन्त्री कार्यकर्ता, राजनेता, जुलुस, आमा बुवा, छोरा छोरी, पार्टी, परिवार, सम्धी, छिमेकी जस्ता वर्गीय र प्रतिनिधि पात्रहरूको उपस्थित देखिन्छ । कथामा व्यङ्ग्यात्मकताको मात्रा मिसिएकाले हरेक मात्रले आफ्नो व्यक्तिगत चरित्रभन्दा सामाजिक चरित्रलाई व्यक्त गरेका छन् । कुनै कुनै लघुकथामा चाँहि, रामवीर, कृष्णबहादुर घिमिरे जस्ता व्यक्तिका नाम तोकिएका पात्र छन् । ती पात्रहरू पनि कथामा वर्गीय तथा कुनै जात, पेशा तथा पदको प्रतिनिधि गर्ने गरी उपस्थित देखिन्छन् । कृष्णबहादुर तल्लो जातिको विकृत मानसिकता भएको र आफ्नो जातिलाई छुवाछुतबाट मुक्त गराउनुको सट्टा आफै त्यसको पक्षपोषण गर्दै हिँड्ने शिक्षकका रूपमा अशिक्षित पात्र बनेको छ घिमिरे सरकारि पेशाको दुरूपयोग गर्ने भ्रष्ट चरित्रको कर्मचारीको प्रतिनीधि पात्रका रूपमा उपस्थित छ । रामवीर भन्ने पात्र अर्कालाई कजाउने र आफ्नो खोक्रो शान प्रस्तुत गर्ने सामन्तवादी चरित्रको मुख पात्रका रूपमा उभिएको छ । उपर्युत किसिमका पात्रहरू यस कृतिका लघुकथाहरूमा उभिएका छन् । ती पात्र वा चरित्रहरूको आफ्नै मौलिक र मानसिक चारित्रिक विशेषता भने देखिदैंन । 'कि चल्छ लोक सेवामा पनि' भन्ने लघुकथाको पात्र हाकिम हरिप्रसादको चारित्रिक पुष्टि भने त्यस कथाको कथानकले गरेको देखिन्छ । आफू हाकिम भएर सानो गोष्ठिमा अलिकति वातावरण सम्बन्धी बोलन नसक्ने तर अरूमाथि चाहिँ प्रश्न उठाउने अबुझ र मूर्ख पात्रका रूपमा देखा परेको छ । उसको चारित्रिक विकास नभए भनि आम रूपमा प्रशासनका उच्च पदस्थ व्यक्तिहरूको अकर्मव्य प्रवृत्तिको प्रतिकका रूपमा हाकिम हरिप्रसाद देखिन्छ । ऊ चाहिँ २६ वटा लघुकथाहरूमध्येको प्रत्यक्ष चरित्रको देखा परेको छ । अन्य लघुकथाहरूमा विषयमा समेटिएका नेपथ्य तथा समूह पात्रहरूले गर्दा चारित्रिक व्यक्तित्वहरूको झलक भेट्न सकिन्न तर कथाभित्र ती चरित्रहरूले समाजका प्रत्येक व्यक्तिको अन्तरचरित्रलाई उद्घाटन गर्ने भएकाले कथाहरूमा चरित्रको पर्याप्त शक्ति देखिएको छ ।

### ४.१५.३ परिवेश

प्रस्तुत 'आलुप्याज/प्याजआलु' कथासङ्ग्रहभित्रका लघुकथा प्रायः सामाजिक चरित्रप्रधान देखिएका छन् घटनावृत्ति सूक्ष्म भए पनि त्यसमा पूर्णता देखिएको उपर्युक्त लघुकथामा प्रयोग भएका कथानकहरूमा परिवेशको उल्लेख स्पष्ट रूपमा गरिएको देखिँदैन । तिनमादेखिएका घटनावृत्ति र चारित्रिक पेशा तथा पदले घटनाको परिवेश पहिल्याउनुपर्ने देखिन्छ । लघुकथाहरूमध्ये सोहरको फिर्ती, कि चल्छ लोकसेवामा पनि, समाधान, अमृत मन्त्रीका भान्जा पर्दैनन्, काँचो हलुवावेद, तिमीले मलाई, बाजी, साहुजीको चारो, मयूरपङ्खी कलम, बेवारिस घोषणापत्र, अजम्मरी गाई, विक्रमटेम्पोको धुवाँ आधुनिक विचार, कङ्खारूको सिकार, प्रजातन्त्र, जोडिएको घर, आइडिया, पूरक पहिरन मा शहरिया परिवेश देखिन्छ । पार्टी, जुलुस, सरकारी अड्डा, अदालत, बजारको साँघुरो गल्ली, पार्टी कार्यालय, विक्रम टेम्पो, बजारको व्यस्त सडक, मन्त्रीको सुसज्जित घर आदि कुराले शहरिया परिवेशलाई झल्काएका छन् । चियापान समारोह , चन्दा, सहयोग कोष नेता, मन्त्री, हाकिम, सि.डि.ओ आदि पात्र , स्थान र कार्यक्रमले सहरकेन्द्रित परिवेशलाई उद्घाटन गरेका छन् । त्यसैगरि आलुप्याज/प्याज आलु' रामझुपडीको रमाना,चिरा परेको खेत, बिग्रिएको, कृष्णबहादुरहरू, सक्रिय उद्धार, मा केही ग्रामीण परिवेश झल्कने स्थानहरूको सङ्केत गरिएको छ । गरिबी र अभावमा पिल्सिएको परिवारको विजोग, हिमाली परिवेश दुर्गम जिल्ला, सम्धी-सम्धीको परम्परित भेटघाट, गाउँको चर्चा गाउँको विद्यालयमा पढाउने दलित शिक्षक, गाउँमा भएको बिहेको वर्णन, आदि कुराले उपर्युक्त कथाहरूको गाउँले परिवेशलाई झल्काएको छ ।

### ४.१५.४ उद्देश्य

प्रस्तुत 'आलुप्याज/प्याज आलु' कथासङ्ग्रहमा समाविष्ट लघुकथाहरू मूलतः प्रशासन राजनीति र कर्मचारी तन्त्रको विषयमा आधारित छन् । यी लघुकथाहरूमा प्रशासनिक पदाधिकारीहरूको मनोमानी, राजनीतिक भ्रष्टाचार, कर्मचारीहरूमा घुसखोरी जस्ता कुप्रवृत्तिहरू मौलाउँदै गएको कुरालाई मुख्य रूपमा प्रस्तुत गरिएको छ । सामाजिक कटुता, स्वार्थी र भ्रष्ट प्रवृत्ति आधुनिक शहरमा निकै मैलाउँदै गएको छ यसरी देशको मूल अङ्ग प्रशासन राजनीति र कर्मचारीतन्त्रमा विकृति बढ्दै गएमा पूरै राष्ट्र अपाङ्ग र अभावले पिल्सन सक्ने कुराप्रति सचेत गराउनु नै यस सङ्ग्रका लघुकथाहरूको मूल उद्देश्य हो ।

### ४.१५.५ दृष्टिविन्दु र भाषा शैली

प्रस्तुत 'आलुप्याज/प्याजआलु' कथा सङ्ग्रहमा समाविष्ट सबै लघुकथाहरूमा तृतीय पुरूष दृष्टिविन्दुको प्रयोग भएको छ लघुकथाहरूमा समूहपत्र अर्थात व्यक्तिपात्र नभएर गाउँलेहरू, पार्टी, जुलुस जस्ता मानवसमूहलाई पात्र मान्नुपर्ने अवस्था छ । कथाकारले प्रस्तुत लघुकथाहरूमा सर्वज्ञ दृष्टिविन्दुको प्रयोग गरीी कथालाई सरल बनाएका छन् । सूक्ष्म कथानकले गर्दा कथामा छरितोपन देखिन्छ । वर्णनात्मक शैलीको प्रयोग प्रायः सबै लघुकथाहरूमा देखिन्छ । सरल र चलनचल्तीका शब्दहरू योग भएका छन् वक्रीय वर्णनशैलीले लघुकथाहरूलाई भावगाम्भीर्यमा पुऱ्याएका छन् । आगन्तुक शब्दहरूको प्रयोग कम छ । तत्समशब्दहरूको भरपुर प्रयोग गरिएको छ । केही पारम्पारित र ग्रामीण शब्द पनि प्रयोग भएका छन् । समग्रमा सबै लघुकथाहरूको भाषाशैली सरल सुबोध देखिएको छ ।

### ४.१६ निष्कर्ष

प्रस्तुत आलुप्याज, प्याजआलु, कथासङग्रहभित्र  कथा र लघुकथा गरी जम्म ३९ वटा कथाहरू समेटिएका छन । यस कृतिका प्रायः जसो कथाहरूको विषयवस्तु घटनाको दृष्टिले विभिन्न भएपनि अन्तरवस्तु उद्देश्य भाषाशैलीका दृष्टिले सामान देखिएको छ । परिवेवशमा पनि समानता नै देखिन्छ । राज्नितिक सामाजिक तथा वर्गिय थिचोमिचो प्रशासनिक अभद्रता, छुद्रता तथा घुसखोरी प्रति व्याङग्या गर्नु कथा तथा लघुकथाको उद्देश्या देखिन्छ । सबै कथाहरू कथातत्वका दृष्टिले उत्कृष्ट देखिएका छन् ।

# पाँचौं परिच्छेद

## निष्कर्ष

**'आलुप्याज/प्याजआलु'** १३ वटा कथा र २६ वटा लघुकथा गरी जम्मा ३९ वटा कथाहरूको सङ्ग्रह हो । यस सङग्रहका रचनाकार गोरखाबहादुर सिंह हुन् । प्युठानमा जन्मिएर त्यँहीबाट आफ्नो साहित्यिक यात्रा सुरू गरेका उनको वि.स २०६८ मा मृत्यु भएको हो । वि. स २०६१ सालमा प्रकाशित उनको यस कृतिका आधारमा गरिएको शोधपत्रको यस परिच्छेदमा क्रमबद्ध रूपमा विभिन्न परिच्छेदको सारांश निष्कर्ष सहित प्रस्तुत गरिएको छ ।

प्रस्तुत स्नातकोत्तर तहको दोस्रो वर्षको दसौं पत्रको शोधप्रयोजनको लागी लेखिएको 'आलु प्याज/प्याजआलु' कथासङ्ग्रहको कृतिगत विश्लेषण शीर्षकको शोधपत्रको पहिलो परिच्छेदमा विषय परिचय, समस्या कथन, शोधकार्यका उद्देश्यहरू पूर्वकार्यको समीक्षा शोधकार्यका औचित्य, महत्व र उपयोगिता तथा सिमाङ्कन, शोधविधि, सामग्रीसङ्कलन विधि, विश्लेषण विधि र शोधपत्रको रूपरेखा गरी विभिन्न शीर्षकमा विभाजन गरेर शोधपत्रको प्रस्तावनाको रूपमा राखिएको छ । यस परिच्छेदमा गोरखबहादुर सिँहका अन्य कृतिहरू तथा त्यसको अध्ययनबाट प्राप्त उपयुक्त सामग्रीहरू पूर्वकार्यको समीक्षाको रूपमा राखिएको छ भने निष्कर्ष र पाद टिप्पणी सहित यस अध्यायमा समावेश गरिएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा कथाकार गोरखबहादुर सिंहको सङ्क्षीप्त जीवन परिचय, कथायात्रा कथात्मक प्रवृति कथायात्राको पूर्वार्ध चरणमा देखिएका कथात्मक प्रकृति, उत्तरार्ध चरणका कथात्मक प्रकृति चरण परिर्वतनका प्रवृतिगत कारण, सिंहको कथा तथा लघुकथागत योगदान निष्कर्ष सहित प्रस्तुत गरीएको छ ।

शोधपत्रको तेस्रो परिच्छेदमा कथा तथा लघुकथा विश्लेषणका सैद्धान्तिक आधार शीर्षकमा कथाको परिचय, पूर्वीय पाश्चात्य तथा नेपाली विद्वान्को परिभाषाहरू कथा तथा लघुकथा तत्वहरूलाई विभिन्न नेपाली विद्वान्हरूको विचारका आधारमा निक्र्योल गरिएको छ । त्यसै गरी विभिन्न विषय र शैलीको आधारमा कथा तथा लघुकथालाई विश्लेषण गरी कथा विश्लेषणको सैद्धान्तिक आधार प्रस्तुत गरिएको छ ।

शोधपत्रको चौथो परिच्छेदमा 'आलुप्याज/प्याजआलु' कथा सङ्ग्रहभित्रका सबै ३९ वटा कथाहरूलाई तेस्रो परिच्छेदको सैद्धान्तिक आधारलाई मूल आधार मानेर त्यसैको परिधिमा कथा

तथा लघुकथाहरूको विधातात्विक विश्लेषण गरिएको छ । विधातत्वका आधारमा कथाहरूको कथानक, पात्र परिवेश, उद्देश्य तथा दृष्टिविन्दु र भाषाशैलीको माध्यमबाट विभिन्न कथाहरूको अन्तरनिहित भाव, विषयवस्तु, पात्रको चरित्रीक विशेषता विभिन्न विषयवस्तुको विभिन्न कोणबाट विश्लेषण गरिनुका साथै भाषिक शैली आदिको व्याख्या र विश्लेष्ण गरिएको छ ।

यस सङ्ग्रहका सम्पूर्ण कथाहरूलाई विधातात्विक विश्लेषण गरिएकाले कथाका कथानक, पात्र, परिवेश, दृष्टिविन्दु र भाषाशैली तथा उद्देश्य गरी पाँच तत्वहरूलाई आधार बनाएर कथाको विश्लेषण गरिएको छ । कथासङ्ग्रहको पहिलो कथा 'छिरिङ दाइको घर' हो । यस कथाामा कथानक स्थूल नभएर सूक्ष्म छ । कथानक चारित्रिक वर्णनमा आच्छादित छ । प्रमुख दुई पात्र रहेको कथा चरित्र प्रधान भएकाले पात्रको क्रियाकलाप र आन्तरिक परिचयलाई मूल उद्देश्य बनाइएको छ । कथाको कथयिता स्वयम् कथाकार नै रहेका छन् । दोस्रो कथा "पछ्याइरहने एक जोर आँखा' सामाजिक विषयवस्तुमा आधाररित कथा हो, ग्रामीण भेगमा बसोबास गर्ने एउटा होटलकी युवतीको चरित्रमा आधारित छ । वर्णनात्मक शैलीमा लेखिएको यस कथामा म पात्रको मनोवैज्ञानिक विश्लेषण गरिएको छ । सुन्दर आवरणमा लुकेको जीवनको दु:खद यर्थाथलाई देखाउनु यस कथाले आफ्नो उद्देश्य बनाएको छ । तेस्रो कथा 'कागजको बत्ती' हो यस कथामा राजनैतिक विषयवस्तु कथानकका रूपमा आएको छ । राजनैतिक व्यक्तित्वहरूको यर्थाथ चरित्रलाई देखाउन कथामा वर्णनात्मक कथनशैलीको प्रयोग गरिएको छ । 'नेताजी' का रूपमा वर्गीय चरित्रलाई उभ्याइएको छ । ग्रामीण परिवेशमा एउटा मेलामा पात्रको जमघट गराएर साहुनीको भट्टीमा कथाको टुङ्ग्याउनी भएको छ । नेताहरूको भ्रष्ट र नैतिक पतनको चरित्रलाई देखाउनु नै कथाको मूल उद्देश्य बनेको छ । कथा 'महादेव मसला' सामाजिक अन्धविश्वसलाई विषयवस्तु बनाएको कथा हो । सामाजिक बुद्धिजीवीबाटै रहस्यमय बनाइएको गुफामा महादेव प्रकट भएको कुरालाई मूलकथानकका रूपमा प्रस्तुत गर्ने समाजसेवीहरूको ढाँचामा कथित कथाको वर्णनात्मक शैलीले कथालाई सरल बनाएको व्हारलाई देखाउनु कथाको मूल उद्देश्यका रूपमा कथामा प्रस्तुत भएको छ । यस कथामा तराईको सांस्कृतिक तथा सामाजिक कुरीतिलाई विषयका रूपमा समावेश गरिएको छ । नेपालको पूर्वी तथा मध्य तराईको ग्रामीण परिवेशमा घटेको घटनालाई १६ वर्षीया सुखियाका माध्यमबाट मनोवैज्ञानिक शैलीका माध्यमबाट विश्लेषण गरिएको छ । एउटी अपरिपक्क युवतीका मनमा उठ्ने ज्वारभाटाहरू शोषणको चपेटाबाट धरारायी बन्न पुगेको यथार्थलाई कथाले मूख्य उद्देश्यका रूपमा प्रस्तुत गरेको छ । कृतिको छैठौं कथा 'तँसँग पनि दिमाग छ कार्की' हो, यस कथामा सामान्य घटनालई राजनैतिक बनाइएको छ । एउटा सामान्य युवकको

शारीरिक कमजोरीलाई अन्यया सोचेर एउटा प्रबुद्ध प्रशासनिक व्यक्ति तथा सुरक्षा निकायले दिएको यसलाई मूल कथानकका रूपमा प्रस्तुत गरिएको छ । मूल पात्र ज्ञवाली र कार्की जस्ता साधारण संवेदनासम्म नभएका पात्रलाई प्रशासनको वर्गीय चरित्रका रूपमा उभ्याइएको छ । चित्रात्मक शैलीको प्रयोग गरिएको यस कथामा अयोग्य व्यक्तिले प्रशासनको दुरूपयोग कसरी गर्दछ भन्ने यथार्थ मूल उद्देश्यका रूपमा प्रस्तुत गरिएको छ । सातौं कथा 'रेन्जर साबको भान्सा भो' हो । कथामा जङ्गलका रक्षक मानिने रेन्जरले आफूले गरेको पदीय दुरूपयोगका अगाडि त्यही भेगकै बासिन्दा निरीह घटित यस कथामा रेन्जर जस्ता संवेदनशील पदमा बसेका व्यक्तिहरूको वर्गीय चरित्रलाई उभ्याइएको छ । संवादात्मक अभिव्यक्तिको बढी प्रयोग भएको यस कथामा चित्रात्मक शैली अपनाइएको छ । नेपाल वन क्षेत्रमा हुने राजनैतिक भ्रष्टाचारलाई देखाउनु यस कथाको उद्देश्य बनेको देखिन्छ । कथामा तृतीय सर्वज्ञ दृष्टिविन्दु प्रयुक्त छ । आठौं कथा 'रमिता' हो । रमिता चरित्रप्रधान कथा हो । विद्यालयको उद्घाटन समारोहमा पुगेका जिल्लाका प्रमुख व्यक्तित्वहरूको ग्रामीण भ्रमणलाई कथानकका रूपमा पुगेका जिल्लाका प्रमुख व्यक्तिहरूको ग्रामीण भ्रमणलाई कथानका रूपमा प्रयोग गरी तीन प्रमुख पात्रहरू वर्गीय चरित्रका रूपमा प्रस्तुत भएका छन् । नेपालको कुनै पहाडी ग्रामणि भेगको परिवेशमा प्रयोग गरिएको कथामा विभिनन चरित्रलाई उद्घाटन गर्न वर्णनात्मक र चित्रात्मक दुबै शैलीको उपयोग गरिएको छ । भने तृतीय पुरूष दसष्टिविन्दु अगालिएको छ । कथाको उद्देश्यका रूपमा देखिएको छ । अर्काको कृतिबाट नक्कल गरेर आफ्ना रचना तयार पार्ने एउटा लेखकले आफ्नो रहस्य खुल्ने डरबाट छटपटिएको घटनालाई कथामा कथाकका रूपमा राखिएको छ । भने कथाको परिवेशमा काठमाडौंको सेरोफेरोसँग जासडएको छ । साहित्यक फाँटमा देखिएका अर्काको रचनामा आफ्नो नाम छापेर रातारात सर्जक बन्ने प्रतिनिधि पात्रका रूपमा उद्घाटनका लागि प्रतीकात्मक रूपमा मनोवैज्ञानिक शैली पनि प्रयोग गरिएको छ । कथा तृतीय पुरूष दृष्टिविन्दुमा संरचित छ । अर्काको रचनाबाट ख्याति कमाउन चाहने धूर्त र नक्कली सर्जकहरू प्रति व्यङ्ग्य गर्नु नै कथाको मूल उद्देश्य देखिन्छ । दसौंकथा "बल्छीको खोजीमा" हो यस कथामा एउटी मन्त्री पत्नीले पदको दुरूपयोग गरी धन कमाउन आफ्नो श्रीमानलाई विवश पारेको घटनालाई कथानका रूपमा प्रयोग गरिएको छ । कथानक लाई सुक्ष्म रूपमा चारित्रिक वर्ढानमा राखेर प्रयोग गरिएको छ । पात्र वा चरित्र कथाको मूल उद्देश्यलाई साकार पार्न प्रयुक्त भएका छन् । कथामा घटना भन्दा चरित्रलाई बढी महत्व दिइएको छ। राजधानीको परिवेश भएको यस कथामा वर्गीय चरित्रलाई भूमिका छ । तृतीय पुरूष शैलीमा लेखिएको यस कथामा व्यङ्ग्यात्मक तथा वर्णनात्मक शैलीको प्रयोग भएको छ । उद्देश्यलाई

हेर्दा नेतामा हुने भ्रष्टाभारको जरो उनीहरूको पत्नी नै हुन् भन्ने तथ्यालाई अघि सार्नु रहेको देखिन्छ ।

एघारौं कथा 'उकुच' हो । यो चरित्रप्रधान कथा भएकाले कथामा एक प्रेमी र प्रेमिकाको असफल प्रेमको घटनालाई सूक्ष्म कथानकका रूपमा प्रयोग गरिएको छ । प्रेमको असफलता र संस्कारको आन्तरिक बन्धनबीचको द्वन्द्व देखाइएको यस कथामा वर्णनात्मक तथा मनोवैज्ञानिक विश्लेषणात्मक शैली प्रयोग भएको छ। व्यक्तिगत चरित्रलाई राखिएको यस कथाको परिवेश सहरिया र गाउँले दुबै मिश्रित प्रयोग गरिएको छ । तृतीय पुरूष शैलीमा लेखिएको यस कथामा समाजमा रहेको बन्धनले गर्दा निर्देष प्रेमले आत्महत्या गर्नुपर्ने तथ्यलाई देखाउनु  कथाको उद्देश्य बनेको छ ।

बाह्रौं कथा 'सस्तो कारोबार' हो । यो कथा कथाको विधातात्विक दृष्टिले केही फरक देखिएको छ । कथानकका रूपमा विभिन्न सङ्ख्यामा घटनाहरू पस्किएको छ भने मुख्य पात्रको निश्चित पहिचान देखिदैंन परिवेशमा सनर्माणमा विचलन देखिन्छ । प्रतिवेदनात्मक कथनशैली देखिने यस कथामा तृतीय पुरूष कथन शैली प्रयोग छ । कथाको उद्देश्य प्रष्ट देखिँदैन । तेहौं कथा हरिवाबु हो । यो चरित्र प्रधान कथा हो । आफ्नै सहकर्मीकी श्रीमतीको यौवनमा आँखा लगाएका हरिबावूले राति सुनकलीको घरमा पुगी ऊ सँग यौन सम्बन्ध यस घटनामा वर्गीय चरित्रका रूपमा हरिवावूलाई उभ्याइएको छ । तृतीयपुरुष शैली प्रयोग गरिएको छ । बाहिर समाजमा  निकै सुकिलो चरित्र देखाउने उद्देश्यका रूपमा प्रस्तुत गरिएको छ । कथासङ्ग्रहका उपयुक्त कथाहरू बाहेक समाविष्ट अन्य लघुकथाहरूमा कथातत्वको मूर्त उपयोग भएको पाइँदैन ती लघुकथाहरूमा कुनैमा सूक्ष्म घटनालाई सङ्केत गरिएको छ । भने कुनैमा चरित्रोद्‌घटना मात्र गर्ने काम भएको छ । समग्रमा सबै लघुकथाहरू आख्यानतत्वका दृष्टिले अपूर्णजस्ता देखिए पनि उद्देश्यका दृष्टिले सफल रहेका छन् ।

गोरखबहादुर सिंहको **'आलुप्याज/प्याजआलु'** कथासङ्ग्रहका समग्र कथाहरुलाई हेर्दा कथामा समसामयिक धारको प्रशस्त प्रभाव परेको देखिन्छ । अमूर्त घटना वृत्ताकारीय कथानकता, पात्रगत जटिलता, विसङ्गतिबोध, चारित्रिक वर्णन कथाका मूल विशेषता तथा प्रवृत्ति हुन् । लघुकथाहरुलाई हेर्दा पनि सबै लघुकथाहरुमा अप्रत्यक्ष व्यङ्ग्य, वास्तविक घटनाबोध, तथा अमूर्त शैलीलाई अपनाइएको छ । प्रतीकात्मक बनेका पात्रका आचरणहरुले सामाजिक यर्थाथको विम्बलाई प्रस्तुत गरेका छन् । सिंहका कथात्मक प्रवृत्तिहरुलाई मूल रुपमा हेर्दा उनको कथा लेखन पहिलो चरणबाट दोस्रो चरणमा पुग्दा माझिएको पाइन्छ । पहिलो

चरणमा कथामा खँदिलोपना र नवीन प्रयोगको अभाव देखिएको छ । ग्रामीण समाजको यथार्थ चित्रण र सोझो व्यङ्यात्मक शैलीलाई कथाकार सिंहले पहिलो चरणमा अँगालेका छन् भने दोस्रो चरणमा आइपुग्दा यही कथात्मक प्रवृत्ति माझिएर खँदिलो बन्न पुगेको छ । विषयवस्तुमा सङ्क्षिप्तता, मनोवैज्ञानिक विश्लेषण, यौन मनोविश्लेषण तथा समाजमनोविज्ञानलाई सफलताका साथ प्रयोग गरिएको छ । चारित्रिक विषयको पूर्ण उद्घाटन र समाजमनोवैज्ञानिक यथार्थवादी धारा उनको दोस्रो चरणको कथात्मक प्रवृत्ति हो ।

कथाकार गोरखबहादुर सिंहले वि.सं. २०२९ सालदेखि 'कालेका गीतहरु' कथाबाट आफ्नो कथायात्राको आरम्भ गरेका हुन् विभिन्न पत्रपत्रिकामा फुटकर कथा प्रकाशन गरिसकेको सिंहले २०४९ सालमा आएर मात्र नेपाली कथा क्षेत्रलाई **भाषणको तयारी** शीर्षकको कथासङ्ग्रह दिएर कृतिगत योगदान दिन सफल भए । त्यसपछि वि.सं. २०६१ सालमा आइपुग्दा सिंहको दोस्रो कथासङ्ग्रह **'आलुप्याज/प्याजआलु'** प्रकाशित भयो । विभिन्न १३ कथा र २६ लघुकथा समेटिएको यस कृतिबाट उनी पूर्ण कथाकारका रुपमा नेपाली कथा क्षेत्रमा स्थापिता हुन पुगे । विषयवस्तुगत गहनतालाई बोकेका उनका कथाले नेपालको पश्चिमी कथा क्षेत्रलाई प्रभावित तुल्याए । कथामा नयाँ विषयको प्रयोग संवाद, रहस्यात्मकता, सूक्ष्म कथानकता, चारित्र प्रधान कथा, व्यङ्ग्यात्मकता आदि विषयवस्तुलाई प्राथमिकता दिइएका उनका कथाले नेपाली उत्तरआधुनिक कथाको नवीन धारालाई स्थापित गराउनु नै उनको नेपालीकथाका क्षेत्रमा दिएको महत्वपूर्ण योगदान मानिन्छ ।

**'आलुप्याज/प्याजआलु'** कथासङग्रह वि.सं. २०६१ सालमा साझा प्रकाशन काठमाडौँबाट प्रकाशित भएको हो । यस कृतिका रचनाकार गोरखबहादुर सिंह हुन् । नेपाली कथा तथा लघुकथाको क्षेत्रमा सिंहले उल्लेख्य योगदान पुऱ्याएको छ । गरिमा मासिक पत्रिकामा प्रकाशित विभिन्न कथाहरूलाई सङ्कलन गरी तयार पारिएको यस कृतिमा १३ वटा कथा र २६ वटा लघुकथा गरी जम्मा ३९ वटा लघुकथाहरू समावेश गरिएको छ । सिंह नेपाली कथाको विकास प्रक्रियालाई महत्वपूर्ण योगदान दिने कथाकार हुन् । आधुनिक नेपाली सामाजिक यर्थाथवादी धारा, मनोवैज्ञानिक यर्थाथवादी धारा, समाजवादी यर्थाथवादी वा प्रगतिवादी धारा नवचेतनावादी वा प्रयोगवादी धारा, हुँदै समसामयिक धारामा भर्खरै पाइला टेकेको बेला नयाँ आयाम थप्दै कथाकार सिंह कथा क्षेत्रमा देखा परेको हुन् । पछिल्लो समयमा आएर कथा तथा लघुकथा दुबै क्षेत्रमा आफ्ना रचनाका माध्यमले आफ्नो छाप छोडेका सिंहका कथाले मूल प्रवृति नै समसामयिक वस्तुस्थितिको विश्लेषण गर्नु हो । सामाजिक, राजनैतिक तथा नैतिक रूपमा

पतन भइरहेको देशको यथार्थ विश्लेषण यिनका कथामा पाउन सकिन्छ । सिंहका कथाहरूमध्ये यस कृतिका प्रायः जसो सबै कथाहरूमा राजनैतिक, सामाजिक र नैतिक विषयको प्रस्तुति छ । कथामा आर्थिक क्षेत्रमा देखिएको कुरीति  तथा समाजमा अझै पनि सामन्तवाद प्रजातन्त्रका रूपमा परिवर्तित भई जनतालाई पिरोल्ने गरेको मूल तथ्य प्रस्तुत छ । नैतिक रूपमा पतन भैरहेका भ्रष्ट नेता, प्रशासनिक पदाधिकारीहरू, घुसखोर तथा चाप्लुस कर्मचारीहरूको अकर्मयता, जनताको लाचारी कथामा प्रमुख विषयवस्तुका रूपम आएका छन् । पाात्र विधानका दृष्टिले हेर्ने हो भने कथाहरूमा हाम्रो समाजका भलादमी बाहिरबाट हेर्दा उच्च र नैतिक चरित्रवान देखिने सिडिओ, प्रमुख जिल्ला अधिकारी, जिल्ला सभापति, पुजारी गाँउका मुखिया, नेता, मनेत्र सांसद शिक्षक आदि रहेका छन् । कथामा तिनको बाहिरी रूपलाई च्यातेर भित्री प्रशविक प्रवृति, भ्रष्ट आचरण, स्वार्थ र लोलुपता, सामन्ती सोच, आडम्बरी, नेतृत्व आदि प्रवृत्तिलाई उदाङ्ग पारिएको छ । कथाहरूमा भएको परिवेशलाई नियाल्दा प्रायः सबै कथा तथा लघुकथाहरूमा सहरी परिवेशको झझल्को पाइन्छ । गाँउमा भन्दा सहरमा मौलाएको आधुनिक सभ्याता, राजनिति, प्रशासन आदिको कुकर्मलाई उद्घाटन गर्न कथामा सहरी परिवेश रोजिएको छ । कथाहरूको प्रमुख उद्देश्य भनेको देशको मेरूडण्ड मानिने राजनीति प्रशासन तथा विकासको केन्द्रहरूमा देखिएको अन्याय, पैसा कमाउने प्रवृत्ति, ठेकेदारहरूको चलखेलले देशको प्राकृतिक सम्पदा कानुन, सामाजिक चलन, जीवनशैली तथा सांस्कृतिक परिवेश नष्ट हुँदै गैरहेकोप्रति चिन्ता प्रकट गर्दै स्वयम् जनता नै यसको रोकथामका लागि लाग्नुपर्ने सन्देश दिनु नै हो । भाषा शैलीको दृष्टिले हेर्दा कथाहरू सरल र सुबोध देखिएका छन् । कथामा कतै कतै प्रतीकात्मक विषयको प्रयोग गरिएको छ । कथाको मिठास व्याङ्ग्यात्मक शैलीले थप्ने काम गरेको छ । समग्रमा यस कृतिभित्रका कथा तथा लघुकथाहरू विधातात्विक दृष्टिले उत्कृष्ट नै देखिएका छन् ।

## सन्दर्भ सामग्री सूची

अधिकारी, ज्ञानु, २०६७ **प्रायोगिक समालोचना : केही प्रतिरूप**, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

..........., २०६८ **नेपाली नारीसमालेचना : परम्परा, प्रवृत्ति र विश्लेषण,** काठमाडौँ : पैरवी प्रकाशन ।

अधीर, थापा किसन, सम्पा.,२०६८ **सर्वश्रेष्ठ नेपाली कथा**, काठमाडौँ : डीकुरा पब्लिकेसन ।

..........., सम्पा., २०६८ **सर्वश्रेष्ठ नेपाली यौनकथा**, काठमाडौँ : डीकुरा पब्लिकेसन ।

अनमोलमणि, सम्पा., २०६८ **आजको नेपाली कथा**, काठमाडौँ : बी.एन. पुस्तक संसार ।

अर्याल, भैरव, सम्पा., २०४३ **साझा कथा**, पाँचौँ संस्क., ललितपुर : साझा प्रकाशन ।

कोइराला, कुमारप्रसाद, २०६७ **आख्यान विमर्श**, काठमाडौँ : ओरिएन्टल पब्लिकेसन ।

क्षेत्री, मेघनाथ, सन् २००८ **भारतीय नेपाली समालोचक र समालोचना,** दार्जिलिङः श्रीमती पूर्णिमा शर्मा ।

गिरी, गोविन्द प्रेरणा, २०५० 'पुस्तक पत्रिका स्तम्भ', **मधुपर्क**, वर्ष २६, अङ्क ४, पूर्णाङ्क २९०, भदौ पृ. ९१ ।

गुरूङ, केदार, सन् २०११ **अस्रोत स्रोतहरूका प्रतिस्रोतहरू,** सिक्किम : सर्वागङ्गा प्रकाशन ।

गुरूङ, केदार र उपमान, बस्नेत, सन् १९९१ सम्पा., **स्रस्टा** (भारतीय नेपाली कथाविशेष, १३/३०), सिक्किम : पश्चिम सिक्किम साहित्य प्रकाशन ।

गौतम, कृष्ण, २०५६ **रचनाको रोमाञ्च,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठन ।

गौतम, देवीप्रसाद, २०५० सम्पा., **नेपाली कथा भाग-३,** ललितपुर : साझा प्रकाशन ।

...................., र घिमिरे, कृष्णप्रसाद २०६८सम्पा., **आधुनिक नेपाली कथा भाग-३,** ललितपुर : साझा प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद, २०५७ **सान्दर्भिक समालोचना**, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

.............., २०६६ **समकालीन नेपाली कविताका प्रवृत्ति**, काठमाडौँ : पैरवी प्रकाशन ।

.............., २०६८ **उत्तरवर्ती नेपाली समालोचना : केही प्रतिरूप**, काठमाडौँ : पैरवी प्रकाशन ।

..............., २०६३ सम्पा., **समकालीन नेपाली द्वन्द्व कथा**, काठमाडौँ : पैरवी प्रकाशन ।

..............., २०५९ सम्पा., **नेपाली यौनकथा भाग-२,** विराटनगर : वाणी प्रकाशन ।

..............., २०६९ **नेपाली कथाको इतिहास,** काठमाडौं, नेपाल प्रज्ञाप्रतिष्ठान ।

घिमिरे, रघु, २०५० 'सृष्टि दृष्टि स्तम्भ', **गरिमा**, वर्ष ११, अङ्क र पूर्णङ्क, १२८, सउन पृ.१०४ ।

ज्ञवाली, सूर्यविक्रम, २०३५ सम्पा., **कथाकुसुम**, दसौं संस्क., दार्जिलिङ : नेपाली साहित्य सम्मेलन ।

चतुर्वेदी, राजीव, सन् १९४६ **भारतीय साहित्यमे कथा उद्भव**, दिल्ली : भारतीय प्रकाशन ।

ढकाल, घनश्याम, २०६७ सम्पा., **मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्यशास्त्र**, काठमाडौँ : अखिल नेपाल ले खक सङ्घ ।

पाण्डे कुञ्जन २०६६, मध्यपश्चिमका किनारा, दाङ, स्वर्गद्वारी प्रकाशन ।

पौडेल, धर्ममान, २०६५, **गोरखबहादुर सिंहको जीवनी, व्यक्तित्व र कृतित्व**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

भुषाल, विष्णुप्रसाद, २०६२ **नेपाली बालसाहित्यमा गोरखबहादुर सिंहको योगदान**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

शर्मा दामोदर, २०६८, बिम्ब, दाङ, उदय प्रकाशन ।

शर्मा, मोहनराज, २०५० **कथाको विकास पक्रिया**, ललितपुर : साझा प्रकाशन ।

सुवेदी केशव, २०६८, **मध्यपश्चिमका कथा**, दाङ, साहित्य प्रकाशन, ।

सुवेदी मघुकर २४/२०७०, **राप्तीका कथाकारहरुको कथाकारिता**, सिर्जना पृ. (२०-२३) ।

सुवेदी, राजेन्द्र, २०५१ **स्नातकोत्तर नेपाली कथा**, ललितपुर : साझा प्रकाशन ।